# परिच्छेद - एक

## शोधपत्रको परिचय

### १. परिचय

सामान्यतया 'नागरिक' शब्दले कुनै निश्चित भू-भागमा बसोबास गर्ने मानिसहरूलाई जनाउँदछ । राज्य निर्माणको आवश्यक सर्तको रूपमा पनि यसलाई स्वीकार गरिएको छ । सभ्यताको प्रारम्भदेखि हालसम्म विकसित सिद्धान्त तथा विद्वान्हरूका दृष्टिकोणमा कुनै न कुनै रूपमा यसको चिन्तन र चर्चा भएको पाइन्छ । तथापि यसको सार्वभौमिक परिभाषा र विश्व समुदायले यस सम्बन्धमा लिएको नीति तथा दृष्टिकोणमा एकरूपता भने भेटिदैन । अझ भू-मण्डलीकरण र विश्वग्रामको दृष्टिकोणसँगै नागरिकता सम्बन्धी सवाल जटिल र चर्चाको विषय बन्दै आइरहेको छ । तापनि राज्यका सदस्यको रूपमा नागरिकलाई दिइने वैधानिक प्रमाणपत्रलाई नागरिकताको रूपमा परिभाषित गरिएको भने पाइन्छ ।

'नागरिक' भन्ने शब्द अङ्ग्रेजी शब्द ञ्च्ष्तष्शभलु को नेपाली रूपान्तर हो । अंग्रेजीको यो शब्द पनि रोमन भाषाको ञ्च्ष्खष्तबक् बाट आएको हो । यसको अर्थ 'नगर राज्य' भन्ने हुन्छ । मूलतः प्राचीन ग्रिकमा स-साना नगर राज्यहरू थिए र तिनै नगरमा बसोबास गर्ने व्यक्ति जसले सकृय रूपमा राजनीतिमा भाग लिन्थे, तिनै व्यक्तिलाई नागरिक भनिन्थ्यो (शिवाकोटी, २०६१: १३८) । तर हाल आएर नागरिकको यो सर्त आवश्यक मानिदैन । राजनीतिमा सकृय वा निष्कृय जे भएपनि सामान्यतया राज्यमा बसोबास गर्ने व्यक्तिलाई नागरिक मानिन्छ ।

यसरी हेर्दा नागरिकतासम्बन्धी धारणाको शुरूआत प्राचीन पश्चिमी सभ्यता र विशेष गरी ग्रिक सभ्यताबाट भएको पाइन्छ । यस धारणाको औपचारिक विकास गराउने श्रेय प्रसिद्ध दार्शनिक अरस्तुले गरेका हुन् । उनका अनुसार "A citizen is one who participats in the administration of justice and in the legislation as a member of the deliberative assembly either or both these being the two essential functions of sovereignty" (उदृत अधिकारी, २०५७: १८६) । यसरी अरस्तुले न्याय प्रशासन र विद्यायिकाको कार्यमा संलग्न रहने व्यक्तिमात्र नागरिक ठहर्दछ भने राज्यमा रहेर विभिन्न भूमिका निर्वाह गर्ने विदेशी, दास, महिला तथा केटाकेटीलाई नागरिकको

हैसियत दिइएको पाइँदैन (सुद, १९८२-८३: १०६) । व्यक्तिले राज्यमा निर्वाह गर्ने भूमिकाको आधारमा नागरिकता दिइनुपर्ने मत ग्रिक दार्शनिकहरूको रहेको भेटिन्छ । ग्रिक सभ्यताको पतनपछि विकसित रोमन साम्राज्य तथा रोमनपछिको इसाई साम्राज्यमा यो विषयले त्यति चर्चा पाउन सकेन । प्राकृतिक कानूनका हिमायती भएकाले रोमनहरूले शारीरिक, मानसिक, बौद्धिक तथा अन्य प्रकारका विषमताहरूका बाबजुत समस्त मानव जातिलाई एउटै हैसियतले हेर्दथे (ऐ.ऐ., १३२) भने मध्ययुगिन इसाई साम्राज्यमा चर्चको सदस्यतालाई नै नागरिकको प्रमाणको रूपमा लिने गरिएको पाइन्छ ।

आधुनिक राज्य व्यवस्थामा जनता वा कुनै निश्चित भू-भागमा संगठित रूपमा बसोबास गर्ने व्यक्तिहरू (नागरिकहरू) लाई राज्य निर्माणको एक आवश्यक सर्तको रूपमा लिइन्छ । यस्तो भू-भागमा बसोबास गर्ने मानिसहरूको पहिचानको लागि राज्यले नागरिकताको परिचय दिने गर्दछ । त्यही परिचयले नै व्यक्तिको राष्ट्रियताको पहिचान दिलाउँछ । साम्राज्य वा विश्व समाजको चिन्तन रहेको मध्ययुगिन विचारधाराको पतनपछि उदय भएको राष्ट्रिय राज्यको अवधारणाले हरेक व्यक्तिको राष्ट्रियताको पहिचानको अपरिहार्यतालाई अझ उजागर गरिदिएको छ । यसरी, सम्बन्धित राज्यमा बसोबास गर्ने व्यक्तिको पहिचान स्वरूप राज्यका तर्फबाट विभिन्न सर्त र अवस्थामा उपलब्ध गराइने परिचयपत्रलाई नै सामान्य अर्थमा नागरिकता भनेर बुझिन्छ । यसरी प्रदान गरिएको परिचयपत्रले नागरिक र सरकारलाई आपसी अधिकार र कर्तव्यमा बाँध्नुका अतिरिक्त दुवैमा अधिकार र कर्तव्यको बोधसमेत गराउँदछ । मूलतः हरेक राज्यमा लागु भएको संविधान तथा अन्य प्रचलित कानूनहरूले विभिन्न सर्त र आधारहरू तोकि नागरिकलाई सामाजिक र राजनीतिक अधिकारहरू प्रदान गरेको हुन्छ । माथि नै भनिए बमोजिम यस्ता सर्त र आधारहरूले नागरिकहरूमा निश्चित कर्तव्य तथा राज्यप्रति उनीहरूको अधिकारहरूको समेत सृजना हुन जान्छ । यसरी अधिकार र कर्तव्यले आवद्ध कुनै राज्यमा बसोबास गरेको व्यक्तिलाई वैधता दिने प्रमाणपत्रलाई नागरिकताको प्रमाणपत्रको रूपमा समेत लिने गरिएको पाइन्छ । यस अर्थमा हेर्दा राष्ट्र वा राज्यसँग सम्बन्ध जनाउने गुण वा हैसियत नागरिकता हो (भण्डारी, २०५४: ५७४) ।

नेपालमा वि.सं. २००७ सालको क्रान्ति अगाडि नेपाली नागरिकलाई प्रजा भनिन्थ्यो । तर उक्त क्रान्ति पछाडि मात्र नेपालीले वास्तविक रूपमा नागरिकको रूपमा

आफूलाई स्थापित गर्न सकेको पाइन्छ । उक्त क्रान्तिपछि भएका कानूनी एवं संवैधानिक व्यवस्थाले यस तथ्यको पुष्टि गर्दछन् । मूलतः वि.सं. २००९ सालमा नागरिकता ऐन, २००९ जारी भएपश्चात् नागरिकताको प्रमाणपत्र वितरणको कार्य शुरू भएको पाइन्छ । नेपालकै इतिहासमा ऐनद्वारा व्यवस्थित भई नागरिकता वितरण गर्नका लागि नेपाली नागरिकको उमेर १६ वर्षलाई तोकिएको पाइन्छ (नागरिकता नियमावली, २००९ नियम -३) । तर नागरिकता सम्बन्धी सवाललाई संवैधानिक अधिकारको रूपमा पहिलो पटक स्थापित गर्ने काम भने 'नेपालको संविधान, २०१९' मा मात्र भएको पाइन्छ । समयक्रमसँगै नागरिकता सम्बन्धी विषय जटिल र चुनौतीपूर्ण हुँदै आएको परिप्रेक्ष्यमा २०१९ सालको संविधानपछि लगत्तै वि.सं. २०२० सालमा 'नागरिकता ऐन, २०२०' को तर्जुमा भएको पाइन्छ भने सोही ऐन अनुरूप २०२१ सालमा नागरिकता सम्बन्धी नियमावली, २०२१ को समेत तर्जुमा भएको पाइन्छ । त्यसपछिमा हरेक राजनैतिक परिवर्तन र त्यसपछि अस्तित्वमा आएका संविधानहरूमा समेत नागरिकताको व्यवस्था भएको पाइन्छ ।

नागरिकता सम्बन्धी यी विविध संवैधानिक एवं कानूनी व्यवस्थाका बाबजुत नेपालको सन्दर्भमा नागरिकता सम्बन्धी विषय एक राष्ट्रिय मुद्धाको रूपमा चर्चामा रहिरह्यो । खासगरी मधेशवादी दलहरूको मूल राजनीतिक मागको रूपमा यो विषयले अग्रस्थान लिइरह्यो । मूलतः वि.सं. २०६२।०६३ को लोकतान्त्रिक आन्दोलनको लगत्तै 'मधेश आन्दोलन' को नाममा नागरिकता सम्बन्धी विषयले प्रमुखता पायो । यसै अनुरूप नेपाल सरकारले 'नागरिकता सम्बन्धी ऐन, २०६३' तथा 'नागरिकता सम्बन्धी नियमावली, २०६३' को तर्जुमा गर्नुका अतिरिक्त नेपालको अन्तरिम संविधान, २०६३ मा समेत नागरिकता सम्बन्धमा थप व्यवस्था भयो । त्यही सालमा सरकारले 'नागरिकता प्रमाणपत्र वितरण कार्यविधि निर्देशिका, २०६३' को तर्जुमा गरी नेपालको इतिहासमै ठूलो संख्यामा (वंशज २३,१४,२९४, जन्मका आधारमा १,६८,९७९ र अङ्गिकृत १,००,१७५ गरी जम्मा २५,८२,४४८ (घिमिरे, ०६४: ५२) नागरिकता वितरण गऱ्यो ।

तथापि अझै पनि राज्यमा नागरिकता वितरण सम्बन्धी विषय निकै चर्चा र बहसको विषय बन्दै आएको छ । एकातर्फ मधेशवादी दलहरूको प्रमुख राजनीतिक एजेण्डामा नागरिकता वितरण अप्रर्याप्त र विभेदपूर्ण भएको आवाज उठिरहेको छ भने विभिन्न कारणले विदेशमा रहेका नेपालीहरू (गैरआवसीय नेपालीहरू) ले समेत

नेपालको नागरिकता पाइरहनुपर्ने माग जोडतोडका साथ उठाइरहेका छन् । यसै परिप्रेक्ष्यमा प्रस्तुत शोधकार्यमा नेपालमा नागरिकता सम्बन्धी प्रावधान, यसको वितरण प्रकृया र यसका चुनौति र दीर्घकालीन रूपमा समस्याको समाधान गर्ने उपायहरूको खोजी गर्ने प्रयास गरिएको छ ।

## १.२ समस्याको कथन

नेपालमा नागरिकता वितरणका सम्बन्धमा गरिएका संवैधानिक एवं कानूनी व्यवस्थाका आधारमा नेपाल सरकारद्वारा नेपाली नागरिकलाई नागरिकता प्रमाणपत्र वितरणका लागि गढी, गौडा, गोश्वारा, मजिष्ट्रेड अड्डा, काठमाडौं अञ्चलाधिसको कार्यालय, गृह-मन्त्रालय, जिल्ला प्रशासन कार्यालहरू तथा इलाका प्रशासन कार्यालय र समयसमयमा नागरिकता वितरण टोलीहरू समेत परिचालन गरी जनताको घरदैलोमा पुगि नागरिकता वितरण गर्ने नीति अख्तियार गर्दै नागरिकता वितरणसम्बन्धी कार्य कार्यान्वयन हुँदै आएको पाइन्छ । तथापी नागरिकता वितरण र प्राप्ति सम्बन्धमा देखिएका समस्याहरू निम्नानुसार समस्याको कथनको रूपमा उल्लेख गरिएको छ ।

(क) नागरिकता प्राप्ति सम्बन्धी विगतका संवैधानिक एवं कानूनी प्रक्रिया जटिल हुनु ।

(ख) राज्यबाट प्रदान गरिने सेवा सुविधा प्राप्त गर्न र चल-अचल सम्पत्तिको खरिद बिक्रीका लागि नागरिकताको प्रमाणपत्रको अपरिहार्यता ।

(ग) खुल्ला सिमानाका कारण नागरिकको पहिचान र नागरिकता वितरणको अस्पष्टता देखिनु ।

(घ) नागरिकता सम्बन्धी विषयमा राजनीतिक दलहरूको स्पष्ट दृष्टिकोण नदेखिनु ।

## १.३ अध्ययनको उद्देश्य

सामान्यतया 'नेपालमा नागरिकता सम्बन्धी व्यवस्थाः एक अध्ययन' विषयक प्रस्तुत शोधकार्यको मुख्य उद्देश्य नेपालमा नागरिकता सम्बन्धी मौजुदा संवैधानिक एवं कानूनी व्यवस्थाको विश्लेषण गर्नु नै हो । यसको अलावा शोधकार्यका अन्य उद्देश्यहरू देहाय बमोजिम छन् :

(क) नेपालमा नागरिकता सम्बन्धी हालसम्मका संवैधानिक व्यवस्थाहरूको विश्लेषण गर्नु,

(ख) नागरिकता सम्बन्धी वर्तमान ऐन नियम तथा नागरिकता वितरण सम्बन्धमा नेपाल सरकारले अवलम्बन गरेका नीतिहरूको विश्लेषण गर्नु,

(ग) वर्तमान नागरिकता वितरणसम्बन्धी नीतिले निम्त्याएका समस्याहरू पहिचान गरी तिनको समाधानका उपायहरू खोज्नु,

(घ) नेपालका राजनीतिक दलहरूको नागरिकता सम्बन्धी दृष्टिकोणको विश्लेषण गर्नु ।

## १.४ अध्ययनको विधि

यस अध्ययनमा नेपालमा नागरिकता सम्बन्धी नीति र प्रकृया के कस्तो रहेको छ र नागरिकता वितरणको सर्वसुलभ प्रकृया के कस्ता हुन सक्छन् भन्ने शोध अध्ययनको मूल विषयवस्तु भएकोले प्रस्तुत अध्ययनको अध्ययन ढाँचा विवरणात्मक र विश्लेषणात्मक रहेको छ । यस अध्ययनमा आवश्यक सूचनाहरू र तथ्यहरू प्राथमिक र द्वितीय स्रोतबाट संकलन गरिएको छ ।

यस शोधकार्यको सन्दर्भमा प्राथमिक एवं द्वितीय दुवै श्रोतबाट तथ्याङ्क सङ्कलन गरिएको थियो, जसअन्तरगतः-

(क) प्राथमिक स्रोत

यस शोधकार्यको प्राथमिक स्रोतको रूपमा मिति २०६७।३।२० देखि ०६७।३।२५ सम्म जिल्ला प्रशासन कार्यालय, कास्की पोखरामा नागरिकता लिने प्रयोजनका लागि आएका सेवाग्रहीलाई असम्भाव्य नमूना छनौट विधि अन्तरगतको उद्देश्यपूर्ण नमूना छनौट विधिको आधारमा संरचित बन्द प्रकृतिका प्रश्नहरू समावेश गरिएको अन्तरवार्ता सूचिको आधारमा तथ्याङ्कहरू सङ्कलन गरिएको थियो । उक्त अन्तरवार्तामा ३० जना व्यक्तिहरूलाई सहभागी गराइएको थियो । १९ वटा संरचित बन्द प्रश्न र खुल्ला प्रश्नसमेत उक्त सूचिमा समावेश गरिएको थियो । यसबाट प्राप्त तथ्याङ्कहरूलाई विश्लेषण गरी सामान्यीकरण गर्ने काम समेत शोधकार्यमा गरिएको छ ।

(ख) द्वितीय स्रोत

प्रस्तुत शोधकार्य गर्ने सन्दर्भमा पुस्तकालयको अध्ययनलाई प्रमुख स्रोत विधिको रूपमा अपनाइएको छ । यसमा प्रयोग गरिएका अधिकांश तथ्याङ्क तथा सूचनाहरू पुस्तकालयको अध्ययनको आधारमा नै तयार गरिएका हुन् । नागरिकता सम्बन्धी सरकारी नीतिनियम र प्रकृयाको अध्ययनका लागि नागरिकता सम्बन्धी संवैधानिक व्यवस्था, नागरिकता ऐन र यसका नियम कार्यविधिहरू लगायत अन्य आवश्यक पुस्तकहरू यस स्रोत अन्तर्गत रहेका छन् ।

## १.५ पूर्व साहित्य समीक्षा

संसारमा राष्ट्रिय राज्यहरूको उदयसँगै नागरिकता सम्बन्धी विषय एक अहम् सवालको रूपमा चर्चा हुँदै आएको छ । नेपालको सन्दर्भमा यो विषय धेरै पुरानो नभएता पनि अहिले आएर निक्कै चर्चाको विषय बनेको कुरामा दुईमत छैन । खासगरी जनआन्दोलन भाग-२ पछि नेपालको परिप्रेक्ष्यमा नागरिकताको सवाल व्यापक बहसमा रहेको छ । यसै सेरोफेरोमा गरिएको यो शोधकार्यको उद्देश्य तथा यसमा उठाइएका समस्याका कथनका सम्बन्धमा हालसम्म कुनै शोधकार्य हुन सकेको पाइदैन । तथापि प्रस्तुत शोधकार्यको ऐतिहासिक पृष्ठभूमि, मौजुदा कानूनी व्यवस्था तथा वर्तमान नागरिकता सम्बन्धी नीतिले पारेका प्रभावका सम्बन्धमा मुलूकको संविधान, ऐन तथा नियम एवं विद्वान्‌हरूका लेखहरूमा थोर-बहुत चर्चा भने भएको पाइन्छ ।

ऐतिहासिक पृष्ठभूमिको सम्बन्धमा नागरिकता सम्बन्धी अवधारणाको विकास, विश्वका प्रमुख देशहरूमा यसको अभ्यास लगायतका सैद्धान्तिक विषयमा पुखराज जैन र विएल फाडिया, २००२ आधुनिक राजनीतिक सिद्धान्त । ज्योतिप्रसाद सुद, १९८२ (पाश्चात राजनीतिक विचारोको इतिहास) । बालचन्द्र शर्मा, २०३३ (नेपालको ऐतिहासिक रूपरेखा) । टोपबहादुर सिंह, २०४७ (नेपालको संविधान र संवैधानिक कानून) । अनिरूद्ध गुप्ता, १९९३ (पोलिटिक्स इन् नेपाल १९९२ । डा. गोपाल शर्मा, २०४९ संक्षिप्त अन्तर्राष्ट्रिय कानून । एस. के. कपूर, १९९२ (अन्तर्राष्ट्रिय विधि) । इन्साइल्कोपेडिया अमेरिकाना लगायतका कृतिहरूमा चर्चा भएको पाइन्छ ।

यसैगरी नेपालमा नागरिकता सम्बन्धी संवैधानिक एवं कानूनी व्यवस्थाहरूको बारेमा विभिन्न समयमा जारी भएका संविधान, ऐन, नियमावली तथा नेपाल सरकारद्वारा जारी निर्देशिकाहरूमा उल्लेख गरिएको छ । नेपाल नागरिकता ऐन, २००९, नागरिक अधिकार ऐन, २०१३, नेपालको संविधान २०१९, नेपाल अधिराज्यको संविधान, २०४७, नेपाल नागरिकता ऐन, २०६३, नेपाल नागरिकता नियमावली, २०६३, नेपालको अन्तरिम संविधान, २०६३, नागरिकता प्रमाणपत्र वितरण कार्यविधि निर्देशिका, २०६३ लगायतका संविधान, ऐन, नियम तथा कार्यविधिमा संवैधानिक एवं कानूनी व्यवस्थाहरू उल्लेख गरिएका छन् ।

दोस्रो जनआन्दोलनपछि अस्तित्वमा आएका संवैधानिक एवं कानूनी व्यवस्था र नागरिकता सम्बन्धी सरकारका पछिल्ला नीतिले पारेका प्रभावका सन्दर्भमा साध्यबहादुर भण्डारी २०६४, (नागरिकतामा राष्ट्रघात) शरद पौडेल (तराई-मधेश पहिचानको सङ्घर्षमा), सोभित घिमिरे (पहिले नागरिकता अनि संविधान सभा) लगायतका विद्वान्हरूले प्रसस्त चर्चा गर्नु भएको पाइन्छ । यसैगरी शिव गाउँले गाउँगाउँमा नागरिकता, निगरानी जरूरी लगायतका विद्वान्हरूले समेत विभिन्न वार्षिक, मासिक, पाक्षिक एवं दैनिक पत्रिकाहरूमा आफ्ना लेखहरूमार्फत् टिका-टिप्पणी एवं विश्लेषण गरेको पाइन्छ । खासगरी नागरिकताको परिचय, अर्थ, वर्तमान व्यवस्था, कमि-कमजोरी, सुधारका उपायलगायतका समस्याहरूको पहिचान र तिनको समाधानका सम्बन्धमा शोधकर्ताले सङ्कलन गरेको तथ्याङ्क निकै उपयोगी सिद्ध रहेको छ । शोधकर्ताको उद्देश्यलाई समेट्ने गरी हालसम्म सिङ्गो रूपमा विस्तृत एवं गहन किसिमको अध्ययन भने हालसम्म भएको पाइदैन ।

## १.६ अनुसन्धानको औचित्य र महत्व

सभ्यताको विकासका साथसाथै लोककल्याणकारी राज्यको अवधारणा स्वरूप राज्यले नागरिकलाई विभिन्न सेवा, सुविधा र अवसरहरू उपलब्ध गराउनुपर्ने दायित्व निर्वाह गर्नुपर्ने हुन्छ र राज्यले समेत नागरिकबाट केही कर्तव्यको अपेक्षा राख्दछ । यिनै दायित्व र कर्तव्यको पालना र संरक्षणका लागि राज्यले आफ्ना नागरिकहरूलाई नागरिकता वितरणका लागि संवैधानिक र कानूनी आधारमा नै नागरिकता सम्बन्धी व्यवस्थालाई व्यवस्थित गरेको पाइन्छ । यसै सन्दर्भमा नेपालमा नागरिकता सम्बन्धी

संवैधानिक, कानूनी एवं राजनीतिक दलहरूको नागरिकता सम्बन्धी दलगत धारणाहरूका आधारमा वर्तमान समयमा देखा परेको नागरिकता सम्बन्धी पेचिलो प्रश्नलाई यस शोधकार्यमा समावेश गर्नुले नै यसको औचित्यलाई प्रष्टाउँदछ भने देहायमा उल्लेखित बुँदाका आधारमा यसको महत्व रहेको छ ।

(क) नागरिकता सम्बन्धी संवैधानिक एवम् कानूनी व्यवस्थाको बारेमा जानकारी राख्नु नागरिकको कर्तव्य हो । नागरिकलाई उक्त कर्तव्य पूरा गर्न र आफ्नो अधिकारको प्राप्तिको लागि पनि यो शोधकार्य उपयोगी हुने छ ।

(ख) शोधकार्यले नागरिकता सम्बन्धमा राजनीतिक दलहरूको दृष्टिकोणका बारेमा समेत जानकारी दिन्छ ।

(ग) शोधकार्यमा नागरिकता सम्बन्धमा देखापरेका समस्या र चुनौतिहरूको विश्लेषण गरिएको छ । हरेक सभ्य एवं जिम्मेवार नागरिकका लागि यो विषय चासो र महत्वको हुने छ ।

(घ) नागरिकता नीति सम्बन्धमा वर्तमान कमी-कमजोरी औंल्याई भावी नीति तय गर्न नीति-निर्माता र राजनीतिक दलहरूका लागिसमेत यो शोधकार्य उपयोगी सिद्ध हुने छ ।

## १.७ शोधकार्यको सीमा

नेपालको नागरिकता सम्बन्धी इतिहास लामो छैन । २०४७ सालमा प्रजातन्त्रको स्थापनापछि पहिलो पटक वि.सं. २००९ सालमा 'नेपाल नागरिकता ऐन, २००९' जारी भएपछि मात्र नागरिकता सम्बन्धी कानूनी व्यवस्था प्रारम्भ भएको पाइन्छ । यसै सन्दर्भमा शोधकार्यको सिमालाई निम्न रूपमा बुँदागत रूपमा उल्लेख गरिन्छ ।

(क) नेपाल नागरिकता ऐन, २००९,

(ख) वि.सं. २०१९, २०४७ र २०६३ सालमा भएका नागरिकता सम्बन्धी संवैधानिक व्यवस्थाहरू, र

(ग) 'नागरिकता ऐन, २०२०' 'नेपाल नागरिकता ऐन, २०६३' को आधारमा नेपालको नागरिकता सम्बन्धी व्यवस्थाको व्याख्या र विश्लेषण गर्नु ।

## १.८ शोधकार्यको स्वरूप

विषयवस्तुलाई बढी स्पष्ट गर्ने हेतुले प्रस्तुत शोधकार्यलाई विभिन्न पाँच परिच्छेदहरूमा विभाजन गरिएको छ। शोधकार्यमा गरिएको परिच्छेद विभाजनलाई निम्न अनुसार परिच्छेद विभाजन गरिएको छ।

(क) प्रथम परिच्छेदमा शोधकार्यको परिचय दिइएको छ । यसमा मूलतः शोधकार्यको समस्या कथन, उद्देश्य, अनुसन्धान विधि, पूर्वसाहित्य समीक्षा, अनुसन्धानको औचित्य तथा महत्व, अध्ययनको सीमा तथा शोधकार्यको स्वरूपको बारेमा चर्चा गरिएको छ।

(ख) दोस्रो परिच्छेदमा शोधकार्यको सैद्धान्तिक विवेचना अन्तर्गत ऐतिहासिक पृष्ठभूमिलाई प्रष्ट्याउने प्रयास गरिएको छ । जसअनुसार यस परिच्छेदमा नागरिक र नागरिकताको परिचय, प्रकारहरू, नागरिकताको प्राप्ति, नागरिकका अधिकार र कर्तव्यहरू तथा नागरिकता र अन्तर्राष्ट्रिय कानून सम्बन्धमा चर्चा गरिएको छ। नागरिकता सम्बन्धी संवैधानिक एवं कानूनी व्यवस्थाको चर्चा गरिएको छ । वि.सं. २००९ सालमा गरिएको पहिलो कानूनी व्यवस्थादेखि नेपालको अन्तरिम संविधान, २०६३ सम्मका कानूनी एवं संवैधानिक व्यवस्थाहरूलाई यस परिच्छेदमा उल्लेख गरिएको छ।

(ग) तेस्रो परिच्छेदमा संविधान सभा निर्वाचन २०६४ को सन्दर्भमा नेपालका प्रमुख राजनीतिक दलहरूले आफ्नो घोषणा-पत्रमा नागरिकताका सम्बन्धमा व्यक्त गरेको प्रतिवद्धतालाई समेत यसै परिच्छेदमा विश्लेषण गर्ने प्रयास गरिएको छ।

(घ) चौथो परिच्छेदमा प्राथमिक स्रोतबाट सङ्कलन गरिएका तथ्याङ्कहरूको विश्लेषण गरी सामान्यीकरण गरिएको छ।

(ङ) अन्तिम परिच्छेद शोधकार्यको निष्कर्ष र सुझावहरू प्रस्तुत गरिएको छ।

# परिच्छेद - दुई

## २. नागरिकता सम्बन्धी सैद्धान्तिक अवधारणा

नागरिकता व्यक्ति र राज्यबीचको सम्बन्धको त्यस्तो सूचक र माध्यम हो जसका आधारमा राज्य र व्यक्तिले एक अर्कोसँग आपसी व्यवहार गर्दछन्, सबै अधिकार र कर्तव्यको सीमा निर्धारण गर्दछन्, नागरिक आफू रहने राजनैतिक समुदायको सदस्य हो (भण्डारी, २०५४: ५४) । साल्मण्ड जुरिस्प्रुडेन्समा उल्लेख भएअनुसार, राज्यको जनसंख्या दुई श्रेणीमा विभाजित हुन्छः- नागरिक तथा विदेशी । नागरिकहरूले नीजि तथा राजनीतिक अधिकारहरूको उपयोग गर्दछन् । तर विदेशीहरूले समान रूपमा राज्यबाट सुरक्षाको हकदार हुन्छन् । राज्य तथा नागरिकको सम्बन्ध नीजि र स्थायी हुन्छ, विदेशीको सम्बन्ध अस्थायी हुन्छ (उदृत सिंह, २०४६: ८३) ।

कुनै राज्यको सदस्य जो उसप्रति निष्ठाद्वारा बाँधिएको हुन्छ र उसका अधिकार र कर्तव्य कानूनद्वारा निर्धारित हुन्छ त्यस्तालाई नागरिक भनिन्छ । त्यसैगरी त्यो स्थिति जसकारण कुनै व्यक्तिलाई कुनै राज्यको नागरिक स्वीकार गरिन्छ । त्यो गुण जसका आधारमा कुनै व्यक्ति असल नागरिक बन्छ अर्थात् जो कर्तव्य र अधिकारहरूको सही रूपमा ज्ञान राख्दछ साथै राज्यको प्रति सम्मानको भावना राख्दछ (गावा, ...३८)। त्यस्तै नन्दका अनुसार "A citizen of state is a person who is either born with in the state or born of parents who are citizens, or one who has acquired the status of citizen by application of the law of the state prouding for the naturalization of person born in another state of recent year the term "national" has come into use inplace 'Citizen which in some states once had a restricted use" (नन्द, १९९३: ८४) ।

सामान्य रूपमा 'नागरिक' भन्नाले राज्यप्रति निष्ठावान प्राकृतिक व्यक्ति जसलाई राज्य/सरकारले संरक्षण गर्दछ जसले सामाजिक, राजनीतिक, व्यक्तिगत स्वतन्त्रता, व्यक्तिगत सम्पत्तिको सुरक्षाको प्रत्याभूति गर्दछ । नागरिकता भन्नाले राज्यको पूर्ण सदस्यतालाई बुझिन्छ । कानूनी दृष्टिले कम्पनीलाई पनि व्यक्ति मानिन्छ तर त्यस्तो कानुनबाट स्रिजित व्यक्तिलाई नागरिकता प्रदान गर्न सकिदैन । नागरिकता प्रदान गर्नको लागि प्राकृतिक व्यक्ति नै हुनु पर्दछ (पाण्डे, १९९७: १३८) । The world book Encyclopedia sf cg';f/ 'Citizen' भन्ने शब्द ल्याटिन भाषाको Civitas बाट आएको

हो जसको अर्थ हुन्छ नगरको सदस्य । नागरिकताको प्रयोग नगरराज्यको सदस्यदेखि क्षेत्र, प्रान्त हुँदै राज्यको सदस्यको रूपमा प्रयोग भएको पाइन्छ । त्यो व्यक्ति जो कानूनी हैसियत प्राप्त छ र जसका निश्चित कर्तव्य निर्धारण गरिएको हुन्छ त्यसलाई नागरिक भनिन्छ ९द-वर्ल्ड बुक इनसाइक्लोपेडिया ज्ञढटद्दस द्धद्धद्द० ।

नागरिकता एक राजनीतिक अवधारणा हो । राष्ट्र र त्यस देशका बासिन्दाबीचको राजनीतिकसम्बन्धलाई नागरिकताले निश्चित गर्दछ । सामान्य अर्थमा नागरिक तथा राजनीतिकअधिकार प्रयोग गर्न पाउने तथा सम्बन्धित राष्ट्रप्रति विशेष कर्तव्यहरू प्रदान गरिएका राजनीतिक व्यक्तिलाई नागरिक भनिन्छ । स्थायी जनसंख्या, सार्वभौमसत्ता, भूगोल र सरकार राज्यको पूर्व शर्तको रूपमा रहन्छ । राज्यको राजनीतिक जनसंख्या नागरिक हो, राज्य र नागरिकबीचको सम्बन्धको कडी नागरिकता हो । नागरिकताले राष्ट्र र सो राष्ट्रमा बस्ने व्यक्तिहरूबीचको राजनीतिक सम्बन्धलाई बुझाउँदछ । नागरिकलाई राज्यका अन्य बासिन्दाहरू, विदेशीहरू, राज्यविहिन शरणार्थी व्यक्ति आदिको भन्दा पृथक हैसियत पहिचान प्राप्त हुने भएकोले नागरिकले आफ्नो राज्यप्रति विभिन्न दायित्वहरू पनि बहन गर्नुपर्ने हुन्छ । राज्यप्रति अनिवार्य सेवा गर्ने, कर तिर्ने, कानूनको पालना गर्ने, राज्यको राजनीतिक गतिविधिमा सहभागी बन्ने लगायतका कानूनी दायित्य तथा राज्यप्रति बफादार बन्ने राष्ट्र, राष्ट्रियता र देशको सार्वभौम सत्ता बचाउने क्रममा बलिदान गर्न पर्ने सम्मको उसको दायित्व रहन जान्छ । राजनीतिक तथा नागरिक जीवन सुधार गर्न सहभागी बन्ने र अरूको अधिकारको सम्मान गर्ने तथा आफ्नो र अरूको अधिकारको दुरूपयोग हुन नदिने जस्ता विभिन्न दायित्वहरू समेत रहेका हुन्छन् । कुनै एक व्यक्ति र नागरिकमा धेरै कुराहरू फरक पाइन्छ । एक व्यक्ति (विदेशी शत्रु राज्यको व्यक्ति) ले वाक र प्रकाशन स्वतन्त्रता शान्तिपूर्वक र विना हातहतियार भेला हुने स्वतन्त्रता, संघसंस्था खोल्ने स्वतन्त्रता, देशको कुनै भागमा आवतजावत र बसोबास गर्ने स्वतन्त्रता, देशभित्र बसोबास आदि गर्ने स्वतन्त्रताको हक पाउँदैनन् तर एक नागरिकले यी सबै अधिकार प्रयोग गर्न पाउँदछ । राज्यसँग दावा गर्न पाउँदछ (पाण्डे, १९९७ :१३८) ।

नागरिकता सम्बन्धी धारणाको विकास उल्लेख गर्ने क्रममा हामी प्राचीन ग्रीससम्म पुग्दछौं । त्यस समयमा राज्यको अहिलेको जस्तो व्यापक क्षेत्र समेट्ने र उपस्थितिको आवश्यकता थिएन र राज्यहरू विभिन्न नगर राज्यको रूपमा विभाजित

रहेको पाइन्छ । ग्रीसेली दार्शनिक प्लेटोले आफ्नो ु त्जभ च्भउगदष्अि ु भन्ने रचनामा आदर्श राज्यको कल्पना गरेको पाइन्छ । उनको आदर्श राज्यमा तीन किसिमका मानिस रहने उल्लेख गरेको पाइन्छः- १) शासक २) सैनिक ३) उत्पादक (श्रमिक) । जो राजनीतिक कार्यमा संलग्न रहन्थे तिनलाई नागरिक भनिन्थ्यो । नागरिकको लागि आवश्यक सेवा अन्य दुई वर्गले गर्नुपर्ने उल्लेख गरेको पाइन्छ (उदृत सुद, १९८३ः ४०) । जब नगरराज्यको पतन भई राष्ट्रिय राज्यको उदय र राष्ट्रियताको भावनाको विकासको १७ र १८औं शताब्दीमा यूरोपबाट शुरू भयो अनिमात्र नागरिकता सम्बन्धी आधुनिक धारणाको प्रारम्भ भएको पाइन्छ । यस धारणाको विकासमा आर्थिक विकासको प्रभाव, व्यक्तिगत स्वतन्त्रको माग नै प्रमुख कारकको रूपमा भन्न सकिन्छ ।

अरस्तुले राज्यलाई नागरिकहरूको समुदायको रूपमा उल्लेख गरेको पाइन्छ । उनको नागरिकता क्रियाशिलतामा आधारित रहेको पाइन्छ । न्याय प्रशासन तथा राजकीय पद प्राप्त गर्न काम गर्ने व्यक्ति नागरिक हो । ९त्य क्जबचभ तजभ ब्कष्लष्कतचबतष्यल या ञाकतष्अभ बलम इाष्अभक० भनि अरस्तुले नागरिकको परिभाषा गरेको पाइन्छ । त्यस्तैगरी कुनै व्यक्ति जो व्यवस्थापन, नीतिनिर्धारण गर्ने वा न्यायका बारेमा निर्णय लिने कार्यमा भाग लिन्छन् भने उसलाई राज्यमा नागरिकको स्थान प्राप्त हुन्छ । अरस्तुले नागरिकको लागि योग्यता निर्धारण गरेको पाइन्छ, जसअनुसार :-

- शासन गर्ने र शासित हुने ।
- साना नगर राज्यमा सक्रिय रूपमा कार्य गर्ने हुनुपर्छ ।
- नागरिक कार्य गरिरहेको राज्यको सदस्य ।
- शारीरिक श्रम नगरी बौद्धिक श्रममा लागेको हुनुपर्छ (उदृत सुढ, १९८३ः ४०) ।

यसरी हेर्दा अरस्तुले नागरितालाई 'राजनीतिक पद' मानेको पाइन्छ । त्यस अर्थमा अवकाश पश्चात् नागरिकता कायम नरहने देखिन्छ । उनको नागरिकता सम्बन्धी धारणा अस्थायी प्रकृतिको रहेको पाइन्छ । एथेन्स गणराज्यमा शासक र शासित हुनका लागि नागरिक हुनु पर्दथ्यो । प्राचीन ग्रीस तथा रोममा दास, नारी र बालबालिकालाई नागरिकका रूपमा स्वीकार गरिएको पाइँदैन । रोमनहरूले आफ्नो साम्राज्यलाई वैधानिकता दिनका लागि नागरिकतालाई स-साना समुदायबाट साम्राज्यमा विस्तार गरेको पाइन्छ । जब रोमन साम्राज्यको तथा अन्य साम्राज्यहरूको पतन पश्चात् जब १७ र १८ औं शताब्दीतिर राष्ट्रिय राज्यको भावनाको उदय भयो, यस पश्चात्

मात्र आधुनिक नागरिकताको धारणा विकास भएको पाइन्छ । यस अवधारणाको विकासमा अमेरिकी स्वतन्त्रता आन्दोलन १७७५ र फ्रेन्च क्रान्ति १७८९ लाई महत्वपूर्ण कारकको रूपमा पाइन्छ ।

मानवअधिकार सम्बन्धी धारणा र यसको विकासको अभियानसँगसँगै मानिसहरू बीच लिङ्ग, वर्ग, उत्पत्ति जस्ता कुनै पनि आधारमा व्यक्तिलाई नागरिकताका लागि विभेद गर्न नहुने मान्यता र अभ्यास विकसित हुँदै आएको पाइन्छ । नागरिकता राज्यको विशेषाधिकारको विषयबाट क्रमशः व्यक्तिको राष्ट्र विहिनताको समस्या समाधान गर्ने राष्ट्रको सकारात्मक कर्तव्यको रूपमा, मानवअधिकारको रूपमा समेत विकसित हुँदै गएको पाइन्छ । त्यस्तै संविधान सभाको मौलिक अधिकार तथा निर्देशक सिद्धान्त समितिले प्रस्तुत गरेको अवधारणा पत्रमा भनिएको छः- मानवअधिकारको विश्वव्यापी घोषणापत्र, १९४८ को धारा १५, नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र, १९६६ को धारा २४, महिला विरूद्ध हुने सबै प्रकारका भेदभाव, उन्मूलन गर्ने सम्बन्धी महासन्धी, १९७९ को धारा ९ बालअधिकार महासन्धी, १९८९ को धारा ७, मानवअधिकारसम्बन्धी अमेरिकी अभिसन्धी १९६९ को धारा २० र राष्ट्रियतासम्बन्धी युरोपेली महासन्धी, १९९७ को धारा ४ ले राष्ट्रियतालाई व्यक्तिको मानवअधिकारको रूपमा आत्मसाथ गरेको पाइन्छ । अन्तर्राष्ट्रिय कानूनमा प्रयोग गरिएको राष्ट्रियतासम्बन्धी व्यवस्था नेपालको सन्दर्भमा नागरिकताको रूपमा प्रयोग गरिएको छ (संविधान सभा, २०६६ः १३२) ।

## २.१ नागरिकताका प्राप्तिका आधारहरू

नागरिकता सम्बन्धमा हरेक मुलूकले आफ्नो भू-राजनीतिक विशिष्ठताका आधारमा आफ्ना नागरिकलाई नागरिकता प्राप्तिका आधारहरू निर्धारण गर्ने गरेको पाइन्छ तापनि विश्वमा प्रचलनमा रहेका नागरिकता प्राप्तिका साझा आधारहरू निम्न बमोजिम रहेको पाइन्छ । यस अन्तर्गत नेपालको संवैधानिक र कानूनी व्यवस्थाको बारेमा छुट्टै महल ९ऋजबउतभच० अन्तर्गत चर्चा गरिएकोले यहाँ समावेश गरिएको छैन ।

### २.१.१ वंशको आधार

वंशको आधारमा नागरिकताको प्राप्ति प्राचीन अवधारणा हो । नागरिकता प्राप्तसम्बन्धी वंशको आधारलाई (Jus Sanguinis, Right of Blood) अर्थात् रगतको

अधिकार वा वंशजको अधिकार पनि भन्ने गरिन्छ । अभिभावकको नागरिकताको आधारमा तिनका सन्तानलाई नागरिकता प्रदान गर्ने मान्यतालाई वंशको अवधारणाले समेट्दछ । चीन, फिनल्याण्ड, जर्मनी, जापान, भारत, इजरायल, इटाली, दक्षिणकोरिया, लगायतका देशहरूमा मुख्य रूपमा रगत वा वंशको अधिकारको ९व्गक क्बलनगष्लष्क० सिद्धान्त अपनाइएको पाइन्छ (संविधान सभा, २०६६: १३२) ।

२.१.२ जन्मको आधार

नागरिकता सम्बन्धी जन्मको आधार ९व्गक क्यष्ि० को मान्यता व्यक्ति जुन देशमा जन्मेको छ, उसलाई सोही देशको नागरिक मानिनु पर्दछ भन्ने हो । यस सिद्धान्तलाई ९च्ष्नजत या क्यष्० अर्थात् जन्मभूमिको अधिकार वा जन्मको अधिकार पनि भनिन्छ । नागरिकता सम्बन्धी यो अवधारणा फ्रान्सेली अवधारणाको रूपमा रहेको पाइन्छ । अर्जेन्टीना, मेक्सिको, पाकिस्तान, संयुक्त राज्य अमेरिकालगायतका मुलूकहरूले नागरिकता सम्बन्धी जन्मभूमिको आधार ९व्गक क्यष्ि० लाई अपनाएको पाइन्छ । वर्तमान विश्वमा नागरिकता प्राप्तिका यी दुवै आधारको मिश्रित रूपलाई अवलम्वन गर्ने अभ्यास बढ्दो रूपमा रहेको पाइन्छ, जसलाई नागरिकता प्राप्तिको मिश्रित आधारमा मान्न सकिन्छ । यस अवधारणाको विकासलाई फ्रेन्च अवधारणाको देनको रूपमा लिइन्छ । यस अवधारणालाई अवलम्वन गर्ने मुलूकहरूमा फ्रान्स, अमेरिका, बेलायत, बंगलादेश, हंगेरी, न्यूजील्याण्डलगायतका मुलूकहरूले अवलम्वन गरेको पाइन्छ (संविधान सभा, २०६६: १३२) ।

२.१.३ अङ्गिकरणको आधार

विभिन्न मुलूकहरूले निश्चित योग्यता पुगेका विदेशीहरूलाई कानूनको प्रक्रिया पुऱ्याई नागरिकता प्रदान गर्ने गरेको पाइन्छ, त्यसलाई अङ्गिकरण ९ल्बतगचबष्शिबतष्यल० भनिन्छ । अङ्गिकरण गरेर नागरिकता प्रदान गर्ने अभ्यास र प्रचलन प्रायः विश्वभर प्रचलित भएको भए तापनि यसका लागि तोकिएका आधारहरू सबै मुलूकहरूमा आ-आफ्नै प्रकारको भएको पाइन्छ । नागरिकता राज्य निरपेक्ष आन्तरिक विषय भएकोले यसलाई ब्यक्तिको अधिकार वा सुविधाभन्दा पनि राज्यको अधिकारको रूपमा लिइन्छ । विदेशीलाई अङ्गिकरण गर्ने विषय नितान्त उक्त देशको निरपेक्ष हित र इच्छाको विषय भएकोले विदेशी व्यक्तिको अधिकारको रूपमा यो विषय रहँदैन (संविधान सभा, २०६६:१३२) ।

२.१.४ छनौटको आधार

विभिन्न मुलूकहरूले अपनाएको नागरिकता सम्बन्धी नीतिका कारण कतिपय अवस्थामा कुनै व्यक्ति एकै समयमा दुई देशको नागरिक बन्नसक्ने अवस्था पनि सिर्जना हुनसक्छ । यस्तो अवस्थामा त्यस्ता व्यक्तिलाई नागरिकता छनौट अवस्था आउँदछ । यसरी एकभन्दा बढी मुलूकको नागरिकता प्राप्त गर्नसक्ने अवस्थाका व्यक्तिले छनौट गरी कुनै एक देशको नागरिकता प्राप्त गर्ने आधारलाई छनौटको आधार मानिन्छ (संविधान सभा, २०६६: १३२) ।

२.१.५ भौगोलिक क्षेत्र गाभिंदाको आधार

कुनै मुलूकमा गाभिने गरी कुनै भू-भाग प्राप्त भएमा सो भू-भागमा बस्ने बासिन्दाहरूलाई उक्त भू-भाग विलय भएको राष्ट्रको नागरिकता प्राप्त हुन सक्दछ । यस प्रकारको नागरिकताको प्राप्तिलाई भौगोलिक क्षेत्रको विलयको कारण प्राप्त नागरिकताको रूपमा लिइन्छ (संविधान सभा, २०६६: १३२) ।

## २.२ नागरिकता समाप्तिका आधारहरू

नागरिकता समाप्तिका आधारहरूमा मूलतः व्यक्तिले नै परित्याग र सम्बन्धित मुलूकप्रति बफादार नभई राष्ट्रले निष्कासन गर्ने अवस्थाहरू हुन् । स्वेच्छिक रूपमा अर्को विदेशी मुलूकको सैनिक सेवा गरेमा, राष्ट्रको प्रमुख हित विपरीत काम, कार्वाही गरेको अवस्थामा राज्यले नागरिकता समाप्त गर्नसक्ने व्यवस्थालाई राष्ट्रियतासम्बन्धी युरोपेली महासन्धी, सन् १९९७ समेतले स्वीकार गरेको देखिन्छ । नागरिकताको समाप्तिका सम्बन्धमा विश्वका प्रायशः मुलूकहरूले निम्नानुसारका आधारहरूको अवलम्वन गरेको पाइन्छ (कपुर, १९९२ : २८५) ।

२.२.१ परित्याग

कुनै पनि नागरिकले कुनै देशको नागरिकता आफैं त्याग गर्न चाहेमा त्यसलाई नागरिकता समाप्तिको आधारको रूपमा विश्वका प्रायशः सबै मुलूकहरूले मान्यता दिएको पाइन्छ । यस प्रकारको नागरिकताको समाप्ति सम्बन्धित व्यक्तिको इच्छा नै प्राथमिक विषय बन्ने गर्दछ ।

२.२.२ लोप

कुनै व्यक्तिलाई एकभन्दा बढी मुलूकको नागरिकता प्राप्त हुने अवस्था हुन सक्दछ । यस्तो अवस्थामा त्यस्तो व्यक्तिलाई कुन देशको नागरिकता लिने भन्ने विकल्प रहन्छ । त्यस्तो विकल्प निश्चित समयसम्मका लागि प्रदान गरिएको हुन्छ । उक्त समय र अवस्था समाप्त भएमा त्यस्तो व्यक्तिको नागरिकता लोप हुन्छ । त्यसैगरी एकल नागरिकता अपनाएको मुलूकहरूमा आफ्नो नागरिकले अर्को मुलूकको नागरिकता प्राप्त गरेमा निजको सो मुलूकको नागरिकता स्वतः समाप्त हुने अवस्थासमेत रहेको पाइन्छ । यस प्रकारको समाप्तिलाई लोपद्वारा नागरिकताको समाप्ति भनिन्छ । कुनै एक व्यक्ति दुवै देशको नागरिकता प्राप्त गर्न सकिने र कुनैले दुवै देशको नागरिकताबाट वञ्चित समेत हुन सक्दछ । जस्तै : वंशजको नाता र जन्मको आधारमा अमेरिकामा जन्मेका व्यक्तिले नेपाली नागरिकता समेत पाउन सक्दछ ।

२.२.३ निष्कासन/वञ्चित

नागरिकताको विषय राज्यको निरपेक्ष आन्तरिक विषय भएकोले विभिन्न कानूनी आधारमा व्यक्तिलाई नागरिकताबाट वञ्चित गर्न पाउने अधिकार राज्यमा रहेको हुन्छ । राज्यप्रति वफादार नभएमा, राज्य विरूद्ध जासुसी गरेमा, शत्रुराज्यलाई सहायता पुऱ्याएमा, झुठ्ठा विवरण पेश गरी नागरिकता लिएको प्रमाणित भएमा, राज्यको अनिवार्य सेवा नगरेमा जस्ता आधारमा राज्यले नागरिकताबाट व्यक्तिलाई वञ्चित गर्न पाउने व्यवस्था रहेको पाइन्छ । कुनै पनि व्यक्तिको नागरिकता बहाल रहेको अवस्थामा भोगिसकेको अधिकार, कर्तव्य र दायित्व लोप हुँदैन ।

२.२.४ सम्मानार्थ नागरिकता

अन्तर्राष्ट्रिय रूपमा ख्याती प्राप्त व्यक्तिलाई विभिन्न राष्ट्रले समान्नार्थ नागरिकता प्रदान गर्ने प्रचलन रहेको पाइन्छ । सम्मानार्थ नागरिकता प्रदान गरिसकेपछि सामान्यतया त्यस्ता नागरिकको मृत्यु भएपछि वा कानूनका आधारमा यसको समाप्ति हुने गर्दछ । यस प्रकारको प्रचलन विश्वको अधिकांश मुलूकहरूमा रहेको पाइन्छ । सम्बन्धित देशको आर्थिक, सामाजिक, सांस्कृतिक क्षेत्रमा विशिष्ठ योगदान पुऱ्याउने विदेशीलाई यस प्रकारको नागरिकता प्रदान गर्ने प्रचलन पाइन्छ । नेपालको संवैधानिक इतिहास औल्याउने क्रममा २०१९ सालमा जारी भएको ‘नेपालको संविधान, २०१९’ ले पहिलो पटक विदेशीलाई सम्मानार्थ नागरिकता प्रदान गर्ने संवैधानिक व्यवस्था गरेको

पाइन्छ (धारा-८(२) (ङ) । साथै त्यसपछिको 'नेपाल अधिराज्यको संविधान, २०४७' र 'नेपालको अन्तरीम संविधान, २०६३' समेत यसको व्यवस्था गरेको देखिन्छ (धारा-९ र १०) । सम्मानार्थ नागरिकता प्राप्त नागरिक मुलूकका अन्य नागरिक सरहका नागरिक होइनन्, तापनि त्यस्ता नागरिकलाई नागरिकता प्राप्त देशमा बसोवास गर्ने, सम्पत्ति खरिद गर्ने जस्ता अधिकार हुन्छन् तर राजनीतिकअधिकार प्राप्त हुँदैनन् यो व्यवस्था त केवल समानका लागि प्रदान गरिएको नागरिकताको रूपमा मात्र रहेको हुन्छ ।

## २.३ नागरिकका अधिकार र कर्तव्यहरू

नेपालको संवैधानिक एवं कानूनी इतिहास त्यति लामो पाउन सकिदैन । वि.सं. १९१० मा पहिलोपल्ट नेपालमा मुलूकी ऐनलाई प्रथम लिखित कानूनी संहिताको रूपमा जारी गरिएको पाइन्छ । त्यसपछि राणाशाहीको अन्त्य हुने समय २००४ सालमा नेपाल सरकार वैधानिक कानूनको नामबाट २००५ साल वैशाख १ गतेदेखि लागू हुनेगरी जारी गरिएको पाइन्छ । यस कानूनको दफा ४ ले मौलिक हकहरूको व्यवस्था गरेको पाइन्छ, जसअनुसार- व्यक्तिगत स्वतन्त्रता, वाक स्वतन्त्रता, प्रकाशन स्वतन्त्रता, सभा वा संघ स्वतन्त्रता, धार्मिक स्वतन्त्रता, कानूनी रूपमा समानता, छिटो र सुलभ इन्साफ, मुलूकभर अनिवार्य निःशुल्क प्रारम्भिक शिक्षा, भोग गर्न पाउने समान हक, व्यक्तिगत सम्पत्तिको संरक्षण (धारा ४) जस्तो मौलिक हकको व्यवस्था गरिएको पाइन्छ भने यसलाई नागरिक र व्यक्ति कसका लागि उल्लेख गरिएको स्पष्ट व्यवस्था देखिदैन । त्यसैगरी उक्त ऐनमा शारीरिक, मानसिक र आर्थिक क्षमताअनुसार मुलूकको सुरक्षा र कल्याणको निमित्त शारीरिक र मानसिक परिश्रम गर्नमा तत्पर रहने, सरकारलाई दिनुपर्ने कर, रकम दिने, लोकहित हुने काममा सहायता दिने श्री ५ महाराजधिराज र श्री ३ महाराजहरूमा सच्चा राजभक्तिका साथ नेपाल-राज्य र नेपाल राज्यका विधान पद्दतिमा इमान्दारी साथ सद्भाव राख्ने काम प्रत्येक नागरिकको कर्तव्य हुनाले सो बमोजिम सबैले गर्नुपर्ने छ (धारा-१) भन्ने उल्लेख गरिएको पाइन्छ । यसरी हेर्दा मौलिक हकहरू व्यक्तिलाई व्यवस्था गरिएको छ भने कर्तव्यहरू नागरिक मात्रले निर्वाह गर्नुपर्ने गरी व्यवस्था गरिएको पाइन्छ तापनि यो विधान लागू नभइकनै राणाशासनको अन्त्य भएको थियो ।

जनतालाई नागरिक अधिकार प्रदान गर्न र सो लागू गर्नका लागि कार्यविधी तयार गर्न 'नागरिक अधिकार ऐन, २०१२' को व्यवस्था गरिएको पाइन्छ । यस ऐनले नेपालमा नागरिक भन्नाले कसलाई भन्ने भनि 'नागरिक' को परिभाषा गरेको छ । 'नागरिक' भन्नाले 'नेपालको अन्तरीम संविधान, २०६३' को धारा ८ र 'नेपाल नागरिकता ऐन, २०६३' बमोजिमको नेपालको नागरिकलाई सम्भनुपर्दछ भनि परिभाषित गरिएको पाइन्छ । यसरी 'नागरिक अधिकार ऐन, २०१२' अस्तित्वमा आइसकेपछि पनि नेपालमा ३ वटा संविधानहरू जारी भई तिनमा नागरिकता सम्बन्धी सवाललाई समय अनुकूल बनाउने प्रयास भएको पाइन्छ । तथापि यसलाई समयसापेक्ष बनाउन सकिएन । समयसमयमा जारी गरिएका संविधानहरूले व्यवस्थित गरेका मौलिक हक एवं कर्तव्यहरूलाई नै मुख्य रूपले नागरिकअधिकारको प्रमुख श्रोतका रूपमा आत्मसाथ गर्ने गरिएको पाइन्छ ।

## २.४ नागरिकता र अन्तर्राष्ट्रिय कानून

मानवमात्रको अधिकारलाई सुरक्षित गर्नाका लागि मानवअधिकारको अभियानको विकाससँगै मानिसहरू बीच लिङ्ग, वर्ग, उत्पत्ति जस्ता कुनै पनि आधारमा विभेद गर्न नहुने अवधारणा र अभ्यास विकसित हुँदै आएको छ । नागरिकता सम्बन्धी विषय राज्यको विशेषाधिकारको विषय हो तापनि यसबाट व्यक्ति राष्ट्रविहिन हुनसक्ने र भएको कारणबाट व्यक्तिको राष्ट्रविहिनताको समस्या समाधान गर्न राष्ट्रको सकारात्मक कर्तव्य र मानवअधिकारको रूपमा नागरिकता सम्बन्धी व्यवस्था विकसित हुँदै आएको पाइन्छ । मानवअधिकारको विश्वव्यापी घोषणापत्र १९४८ मा प्रत्येक व्यक्तिलाई राष्ट्रियताको अधिकार हुने, कुनै पनि व्यक्तिलाई स्वेच्छाचारी ढङ्गले निजको राष्ट्रियताबाट वञ्चित नगरिने र राष्ट्रियता परिवर्तन गर्ने अधिकारबाट वञ्चित नगरिने व्यवस्था गरिएको छ (धारा-१५) । नागरिक तथा राजनीतिकअधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र, १९६६ ले प्रत्येक बालबालिकालाई राष्ट्रियता प्राप्त गर्ने अधिकार हुने व्यवस्था गरेको छ (धारा-२४) ।

महिला विरूद्ध हुने सबै प्रकारका भेदभाव उन्मुलन गर्ने महासन्धी, १९७९ को धारा ९ ले पक्ष राष्ट्रले महिलालाई पुरूषसरह आफ्नो राष्ट्रियता प्राप्त गर्ने, कायम राख्ने वा परिवर्तन गर्ने समानअधिकार प्रदान गर्ने, विदेशीसँग विवाह गरेको कारणबाट वा

विवाहको अवधिमा पतिले राष्ट्रियता परिवर्तन गरेको कारणले पत्नीको राष्ट्रियता स्वतः परिवर्तन नहुने र निजलाई राष्ट्रियता विहिन नबनाइने वा पतिकै राष्ट्रियता लिन बाध्न नपरिने सुनिश्चितता गर्दै महिलालाई आफ्ना बालबालिकाको राष्ट्रियताको सम्बन्धमा पुरूषसरहको समानअधिकार प्रदान गर्ने व्यवस्था गरेको छ ।

बालअधिकार महासन्धी सन् १९८९ को धारा ७ ले जन्मनासाथ बालबालिकालाई दर्ता गरिने, नाम राख्ने पाउने, राष्ट्रियताको अधिकार हुने व्यवस्था गरेको छ । पक्ष राष्ट्रहरूले बालबालिकाहरूलाई राष्ट्रविहिन हुन नदिन अन्तर्राष्ट्रिय दायित्वबमोजिम बालबालिका यी अधिकार आ-आफ्नो राष्ट्रिय कानून मार्फत् कार्यान्वयन गर्ने सुनिश्चित गर्नुपर्ने व्यवस्था गरेको छ ।

## २.५ विश्वका केही मुलूकको नागरिकता सम्बन्धी व्यवस्था

### २.५.१ नागरिकता सम्बन्धी भारतीय व्यवस्था

भारतीय संविधान १९५१ को भाग २ धारा ५ देखि ११ सम्म नागरिकता सम्बन्धी विभिन्न व्यवस्था गरेको पाइन्छ । जसअनुसार-

- संविधान प्रारम्भ हुँदाका बखतको नागरिकता सम्बन्धी व्यवस्था अन्तर्गत संविधानमा भारतमा बसोबास गरेका भारतमा जन्मेको वा निजको कुनै अभिभावक भारतमा जन्मेको वा संविधान जारी हुनुभन्दा कम्तीमा ५ वर्ष अघिदेखि भारतमा बसोबास गरेको व्यक्ति भारतको नागरिक ठहर्ने व्यवस्था रहेको पाइन्छ (धारा ५) । जो व्यक्ति पाकिस्तानबाट बसाईंसराई भएर भारत आएका छन् (जुन बाँडफाँडको सन्दर्भमा भारतको भाग पाकिस्तानमा पऱ्यो) त्यस्ता व्यक्तिहरूलाई भारतको नागरिकता प्रदान गरिने छ (धारा ६) ।
- भारत विभाजनको क्रममा भारतको भूमि पाकिस्तानमा परी त्यहींको नागरिकता लिनुपर्नेमा सो स्थानमा नबसी पुर्नस्थापनाको अनुमति पत्र लिइ वा स्थायी रूपमा फिर्ता भएको कुरा राज्यको तोकिएको अधिकारीले अनुमति दिएको छ र जुन कुरा सन् १९४८ को जुलाईको उन्नाइसौं दिनपछि ९बतभच तजभ ल्भ्लभतभभलतज म्बथ या व्याथि, ज्ञढद्धड० भारतमा आइसकेको भारतीय नागरिक मानिने (धारा ७, मिश्र, १९९३) ।

- कुनै पनि व्यक्ति आफै वा निजको बाबुआमा वा हजुरबुवा, हजुरआमा भारतमा जन्मेको र विदेशमा बसेको भएमा भारतीय नागरिकको रूपमा कुटनीतिक नियोगमा पञ्जिकरण भएमा त्यस्तो व्यक्ति पनि भारतको नागरिक हुने (धारा-८) ।
- कुनै भारतीय नागरिकले स्वेच्छाले विदेशको नागरिकता प्राप्त गरेमा भारतको नागरिक नरहने (धारा-९) ।
- भारतका नागरिक वा भारतको नागरिक रहने, व्यक्तिहरू संविधानका अन्य प्रावधान तथा पछि बन्ने कानून बमोजिम निरन्तर रूपमा भारतको नागरिक कायम नै रहने (धारा-१०) ।
- नागरिकता प्राप्ति र समाप्तिका सम्बन्धमा संविधान प्रतिकूल नहुने गरी कानून बनाउन सकिने व्यवस्था गरेको छ (धारा-११) ।

### २.५.२ नागरिकता सम्बन्धी अमेरिकी व्यवस्था

अमेरिकी स्वतन्त्रता संग्राम सफल भइ स्वतन्त्र अमेरिकाको संविधान सन् १७८६ मा घोषणा हुँदा त्यस संविधानले नागरिकता सम्बन्धी व्यवस्थालाई संवैधानिक रूपमा व्यवस्थित गरेको पाइँदैन र अमेरिकामा बेलायती ऋयकयल ीबध मा आधारित व्यवस्था अवलम्वन गरिएको पाइन्छ, जब अमेरिकी संविधानको सन् १८६८ मा चौधौं संशोधन गरियो, तब यस संशोधनले नागरिकतालाई संवैधानिक रूपमा व्यवस्थित गरेको देखिन्छ, जसअनुसार सबै व्यक्ति जो अमेरिकामा जन्मेको हो वा अङ्गिकरण गरेको छ, जुन विषय अमेरिकी क्षेत्राधिकार अन्तर्गत पर्दछ, त्यो अमेरिकी नागरिक हो र जुन राज्य अन्तर्गत पर्दछ त्यस राज्यको समेत नागरिक हो भनिएको र कसलाई नागरिक भन्ने भनि संवैधानिक रूपमा स्पष्ट पारिएको पाइन्छ (संविधान सभा, २०६६: १३८) ।

### २.५.३ नागरिकता सम्बन्धी बेलायती व्यवस्था

बेलायतमा संविधानको लिखित दस्तावेज नभए तापनि त्यहाँ विषयगत कानूनले कार्य संचालन गर्ने गरिएको पाइन्छ । त्यहाँ सन् १९४८ मा बेलायती उपनिवेशलाई समेत समेट्ने गरी ऋयकयल क्तबतगततयचथ ऋयमभ द्वारा नागरिकता सम्बन्धी व्यवस्थालाई व्यवस्थित गरिएको र सन् १९८१ मा नयाँ नागरिकता सम्बन्धी कानूनको व्यवस्था गरिएपछि त्यहाँ नागरिकलाई ३ श्रेणीलाई वर्गिकरण गरेको पाइन्छ (संविधान सभा, २०६६: १३८) ।

- बेलायती नागरिक
- बेलायत अधिनस्थ क्षेत्रका नागरिक
- बेलायत समुद्रपारका नागरिक

### २.५.४ जनवादी गणतन्त्र चीनमा नागरिकता सम्बन्धी व्यवस्था

सन् १९४९ मा आएको जनवादी गणतन्त्र चीनको संविधानको धारा ३३ ले नागरिककौ मौलिक हकको रूपमा धारा ३३ को उपधारा (१) अनुसार जनवादी गणतन्त्र चीनको राष्ट्रियता प्राप्त व्यक्तिहरू सो देशका नागरिक हुने व्यवस्था गरेको छ । साथै सोही धाराको उपधारा (२) ले चिनीयाँ नागरिक कानूनको अगाडि समान हुने र प्रत्येक नागरिकले संविधान र कानून प्रदत्तअधिकारको उपभोग गर्ने र कर्तव्यको पालना गर्नुपर्ने व्यवस्था गरेको छ (कपुर, १९९३ः ३९९) ।

## २.६ नेपालमा नागरिकता सम्बन्धी संवैधानिक एवं कानूनी व्यवस्था

नेपाल भौगोलिक हिसाबले मात्र नभई जनसंख्याको हिसाबले समेत विशाल मुलूक चीन र भारतका बीचमा अवस्थित खुल्ला सिमाना भएको एउटा सानो भू-परिवेष्ठित राष्ट्र हो । खुल्ला सिमाना, सामाजिक तथा सांस्कृतिक हिसाबले समेत छिमेकी देशहरूसँग मिल्दोजुल्दो भएको कारणबाट नेपालमा नागरिकताको प्रमाणपत्र वितरणको कार्य अति नै जटिल र कठीन कार्यको रूपमा रहेको छ । नागरिकता वितरण जस्तो संवेदनशील र जटिल कार्यमा संलग्न कर्मचारीहरूमा नागरिकता सम्बन्धी नीति, विद्यमान संविधान, ऐन, नियमावली, कार्यविधी निर्देशिका तथा समय-समयमा सरकारबाट जारी भएका परिपत्रका बारेमा यथार्थ जानकारी लिनु आवश्यक छ । तसर्थ यस परिच्छेदमा नेपालमा नागरिकता वितरणका लागि हालसम्म गरिएका संवैधानिक एवं कानूनी व्यवस्थाहरूको बारेमा प्रष्ट पार्ने कोशिस गरिएको छ । साथै नागरिकता वितरण कार्यका लागि स्थापना गरिएका संस्थागत संरचनाका सम्बन्धमा समेत प्रकाश पारिने छ । यहि परिच्छेदमा नेपालमा नागरिकताका किसिम, प्राप्त गर्ने पद्दति र वितरण प्रक्रियाका बारेमा समेत प्रष्ट पार्ने कोशिस गरिएको छ ।

२.६.१ नेपालमा नागरिकता सम्बन्धी व्यवस्था

नेपालमा बस्ने नेपाली नागरिकको पहिचानका लागि नागरिकता प्रारम्भ 'नागरिकता ऐन, २००९' जारी भएपछि मात्र भएको पाइन्छ । राष्ट्रको संविधानमा नागरिकता सम्बन्धी प्रावधान 'नेपालको संविधान, २०१९' जारी भएपछि मात्र भएको पाइन्छ । त्यस अगाडिका संविधान- 'नेपाल सरकार वैधानिक कानून, २००४' 'नेपाल अन्तरीम शासन विधान, २००७' र 'नेपाल अधिराज्यको संविधान, २०१५' ले नागरिकताको विषयलाई सम्बोधन नगरेबाट, २०१९ को संविधानलाई नै नागरिकता सम्बन्धी पहिलो संवैधानिक दस्तावेजका रूपमा मानिन्छ । त्यसपछि क्रमशः 'नेपाल अधिराज्यको संविधान, २०४७' र 'नेपालको अन्तरीम संविधान, २०६३' मा पनि नागरिकता सम्बन्धी व्यवस्थालाई संवैधानिक रूपमा उल्लेख गरिएको छ । यिनै नागरिकता सम्बन्धी व्यवस्थालाई व्यवहारमा उतार्नका लागि जारी गरिएका 'नेपाल नागरिकता ऐन, २००९', 'नेपाल नागरिकता ऐन, २०२०' र 'नेपाली नागरिकता नियमावली, २०२१ र २०४९' तथा 'नेपाल नागरिकता ऐन, २०६३' र 'नेपाल नागरिकता नियमावली, २०६३' रहेका छन् । उल्लेखित संविधान ऐन र नियमका बारेमा क्रमशः तपसिलमा यथार्थ रूपमा उल्लेख गर्ने प्रयास गरिएको छ ।

२.६.१.१ नेपाल नागरिकता ऐन, २००९

नेपालमा नागरिकता वितरणका लागि सर्वप्रथम २००९ साल वैशाख २६ गते जारी भएको देखिन्छ । यस ऐनले प्रत्येक त्यस्तो व्यक्ति जो नेपाल राज्यको आदिवासी भइ निम्नलिखित शर्तहरू मध्ये कम्तिमा पनि एउटा शर्त पूरा भएको खण्डमा ऊ नेपालको नागरिक ठहर्छ भनी उल्लेख गरिएको पाइन्छ (दफा -२) । यस ऐनअनुसार जन्म, वंशज (रक्तसम्बन्ध) र अङ्गिकरणको आधारमा नागरिकता प्राप्त हुन्थ्यो, यि प्रावधानमध्ये ऐनको घोषणा हुनुभन्दा अगाडि जारी गरिएको नागरिक अध्यादेश र नागरिकता ऐन, २०२० लागू भएपछि जन्मको आधारमा नागरिकता प्राप्त गर्ने व्यवस्था हटेको थियो । तथापि यस अघिको ऐनले निम्न आधारमा नागरिकता दिन सकिने व्यवस्था गरेको पाइन्छ :-

(क) जो नेपालमा जन्मेको हो ।

(ख) जसको आमा-बाबु मध्ये एकजना नेपाल राज्यमा जन्मेको नेपाल राज्यभित्र आफ्नो स्थायी बासस्थान कायम गर्ने उद्देश्य लिइ स्वतः स-परिवार बसोबास गर्ने मानिस यहाँको आदिवासी ठहर्छ (दफा-२) ।

(ग) नेपाल राज्यको कानून र रीति बमोजिम नेपाली नागरिकको साथ कुनै किसिमको वैवाहिक सम्बन्ध भएकी स्वास्नीमानिस नेपाली नागरिक ठहर्छे (दफा ३-) ।

यसका अतिरिक्त तल लेखिएका कुनै श्रेणीका मानिसले नियममा तोकिएका अधिकारीलाई आवेदनपत्र दिइ नेपालको नागरिकता प्राप्त गर्नसक्ने व्यवस्था उक्त ऐनले गरेको पाइन्छ :-

(क) नेपालमा जन्मेको वा विदेशमा घरबार भएपछि त्यहाँको नागरिकता नपाएका नेपाली आमाबाबुबाट विदेशमा जन्मेका केटाकेटीहरू ।

(ख) नेपाली नागरिक आमाबाबुबाट जन्मेका स्वास्नीमानिसको विदेशी मानिससँग दफा ३ मा लेखिए बमोजिम वैवाहिक सम्बन्ध कायम भएपछि लोग्ने मरी वा वैवाहिक सम्बन्ध तोडिएपछि अथवा पारपाचुके भएपछि वा पोइले हेरचाह नगरी परित्याग भएमा वा अलग भएमा ।

(ग) नेपाल छाडी विदेशमा गइ बसोवास गरी विदेशी मुलूकको नागरिकता लिएका र तिनको साथमा विदेश गएका सन्तान समेतलाई नेपाल राज्य क्षेत्रमा आई लगातार बसेको एकवर्ष पछि ।

(घ) जसले नेपाल राज्यमा कम से कम पाँचवर्ष देखि बस्ने गरेको होस् (दफा-४) ।

उपरोक्त आधारमा नेपाली नागरिक हुने मानिसलाई तल लेखिए बमोजिम धर्म भकाइ मात्र इजाजतपत्र दिइने व्यवस्था ऐनले गरेको पाइन्छ । “म शपथ लिन्छु की नेपाल सरकारको अधिपत्य स्वीकार गरी नेपाल कानून र रीतिरिवाज बमोजि यहाँ बसौंला र नेपाल राष्ट्रको बर्खिलाप कुनै काम गर्ने छैन” (दफा -५) । यसरी नेपाली नागरिक हुने इजाजत पाएका मानिसहरूको सो इजाजत पत्र पाएको मितिदेखि सबै हकदावी र जवाफदेही समेत नेपाली नागरिक सरह नै हुने र नेपालको नागरिक ठहर्ने व्यवस्था ऐनले स्पष्ट तोकेको देखिन्छ (दफा -६) । तर नागरिकताको अधिकार नपाउने

मानिसले झुट्टा बयान दिइ फरेबद्वारा नागरिकताको अधिकार पाएको ठहरेमा सरकारले निजको सो अधिकार बदर गरी तजबिजी रू. १,०००।- (एक हजार) सम्म दण्ड समेत गर्ने व्यवस्था रहेको पाइन्छ (दफा-७) । साथै कुनै नेपालीले विदेशको नागरिकता पाएपछि निज नेपालको पनि नागरिक भइरहन भने नसक्ने कुरा उक्त ऐनले स्पष्ट पारेको देखिन्छ (दफा -८) । तथापी प्रधानमन्त्री, मन्त्री र प्रधान सेनापतिको उत्तरदायित्वपूर्ण पदहरूमा नियुक्त हुनका लागि नागरिकता पाएको १० वर्ष अवधि पुरा गर्नुपर्ने व्यवस्था गरेको पाइन्छ (दफा-९) । साथै उक्त ऐनले भोट सरकारसँग भएको सन्धी र शर्त बमोजिम नेपाली लोग्नेमानिस भोटमा रहेका बखत भोटेनीस्वास्नीबाट जन्मेका छोराहरू नेपाली नागरिक र छोरीहरू भोटको नागरिक ठहर्छन् भन्ने अनौठो व्यवस्था समेत गरेको थियो (दफा १०) । यसको अलावा नागरिकताको अधिकार प्राप्त गर्ने विषयका आवेदनहरू र त्यस सम्बन्धी कारवाही निम्ति सरकारले आवश्यक नियमहरू बनाउन सक्ने व्यवस्था ऐनले गरेको पाइन्छ ।

२.६.१.२ नेपालको नागरिकता नियम, २००९

'नेपाल नागरिकता ऐन, २००९' ले दिएको अधिकार प्रयोग गरी जारी गरिएको 'नेपाल नागरिकता नियम, २००९' ले नागरिकता सम्बन्धमा देहाय बमोजिमका व्यवस्था गरेको पाइन्छ ।

- नेपाली नागरिक हुन इच्छा हुने मानिसले नेपालको बासिन्दा भइ घरबार गरी नेपाली नागरिक भई बस्न पाऊँ भनी सदरमा पुलिस गोश्वारामा र मोफसलमा भए गौडा, गढी गोश्वारामा दरखास्त गरे भने सो दरखास्तको ब्यहोरा साँचो हो होइन सो समेत राम्रो हिसाबसँग बुझी नागरिक भई बस्नदिनुहुने ठहरेमा नागरिक हुन इजाजत दिने (नियम-२) ।
- नागरिक हुन इजाजत पाउनेहरूलाई कुन मितिदेखि सो इजाजत कायम हुने सो समेत खुलाई इजाजतपत्रको आदेश दिनु । सदरमा भए पुलिस गोश्वारामा र मोफसलमा भए गौंडा, गढी गोश्वारामा निजहरूको लगत किताब खडा गरि राखी बरबुझारथमा पनि चढाउने गर्नु (नियम-३) ।
- 'नागरिकता ऐन, २००९' को दफा ७ बमोजिम नागरिकताको इजाजतपत्र बदर गराउनलाई ब्यहोरासमेत खुलाई निकासा दिनु (नियम-४) ।

) माथि नियम ४ बमोजिम इजाजतपत्र बदर भएकोमा त्यस्तालाई ३५ दिनभित्र निजले पाएको इजाजतपत्र फिर्ता गरी लगतबाट नाउँ कटाउन आउनु भन्ने व्यहोरा लगत राख्ने अड्डैको म्यादी पुँजि पाएपछि म्यादभित्र सो बमोजिम नगरी सो इजाजतपत्र फिर्ता दाखिला हुन नसके पनि लगत काट्न अड्कदैन सो व्यहोरा जनाई लगत काटिदिनु (नियम-५) ।

२.६.२ नेपालको संविधान, २०१९

'नेपालको संविधान, २०१९' को भाग २ धारा ७ मा नागरिकता सम्बन्धी देहाय बमोजिमको व्यवस्था गरिएको देखिन्छ । नेपालमा स्थायी बासस्थान भएको देहायको प्रत्येक व्यक्ति 'नेपालको संविधान, २०१९' प्रारम्भ हुँदाका बखत नेपालको नागरिक ठहर्ने छ :-

(क) जो नेपालमा जन्मेको हो ।

(ख) जसको आमाबाबु एकजना नेपालमा जन्मेको हो ।

(ग) नेपालको कानून र रित बमोजिम नेपालको नागरिकका साथ कुनै किसिमको वैवाहिक सम्बन्ध भएकी स्वास्नीमानिस ।

(घ) नेपालको कानून बमोजिम नेपाल नागरिकताको प्रमाणपत्र लिइसकेको ब्यक्ति ।

'नेपालको संविधान, २०१९' ले अङ्गिकृत नागरिकतासम्बन्धी केही व्यवस्था गरेको पाइन्छ । संविधानले विदेशीहरूलाई नेपालको नागरिकताको प्राप्ति अन्य कुराका अतिरिक्त देहायका कुराका आधारमा हुनसक्ने गरी कानूनद्वारा व्यवस्था गर्न सकिने छ भनी नागरिकता प्राप्तिका आधारहरू तोकेको छ, जो निम्न छन् ।

(क) नेपालको राष्ट्रभाषा बोल्न र लेख्न जानेको,

(ख) नेपालमा कुनै व्यवसाय गरी बसेको,

(ग) अन्य राज्यको नागरिकता त्यागेको, र

(घ) कम्तिमा पन्ध्र वर्षसम्म नेपालमा बसोबास गरेको ।

तर नेपालको नागरिकसँग वैवाहिक सम्बन्ध भएको विदेशी महिलाले विदेशको नागरिकता त्याग्ने कारर्वाही चलाएपछि र नेपालको नागरिकता प्राप्त गर्नसक्ने र अन्तर्राष्ट्रिय ख्याती प्राप्त व्यक्तिलाई सम्मानार्थ नेपालको नागरिकता प्रदान गर्न सकिने व्यवस्था गरेको देखिन्छ । त्यसैगरी 'नेपालको संविधान, २०१९' मा नागरिकताको

समाप्तिको आधार पनि व्यवस्था भएको पाइन्छ । संविधानमा व्यवस्था भएअनुसार कुनै पनि व्यक्तिको नेपाली नागरिकता देहायको आधारमा समाप्ति हुन्थ्यो ।

(क) नेपालका विरूद्ध हातहतियार उठाएको वा उठाउने कुचेष्ठा गरेको वा राज्यका विरूद्ध अन्य अपराध गरेको वा,

(ख) युद्धको समयमा वा अन्य संकटकालिन अवस्थामा कानूनद्वारा निर्धारण गरिएअनुसार राज्यको सेवा नगरेको वा गर्न नखोजेको ।

२.६.३ नेपाल अधिराज्यको संविधान, २०४७

'नेपाल अधिराज्यको संविधान, २०४७' को भाग २ को धारा ८, ९ र १० मा नागरिकता सम्बन्धी व्यवस्था गरिएको पाइन्छ । जसअनुसार यसै गरी संविधान प्रारम्भ भएपछि नागरिकताको प्राप्ति हुने व्यवस्था रहेको छ (धारा-८) ।

(१) यो संविधान प्रारम्भ भएपछि जन्मेको कुनै ब्यक्तिको बाबु निजको जन्म हुँदा नेपालको नागरिक रहेछ भने त्यस्तो ब्यक्ति बंशजको नाताले नेपालको नागरिक हुनेछ ।

(२) नेपाल अधिराज्यभित्र फेला परेको पितृत्वको ठेगाना नभएको प्रत्येक नाबालक निजको बावुको पत्ता नलागेसम्म बंशजको नाताले नेपालको नागरिक मानिनेछ ।

(३) नेपाल अधिराज्यमा गाभिने गरी कुनै क्षेत्र प्राप्त भएमा सो क्षेत्रभित्र बसोबास भएको व्यक्ति प्रचलित कानूनका अधिनमा रही नेपालको नागरिक हुने छ ।

(४) यो संविधान प्रारम्भ भएपछि विदेशीलाई नेपालको नागरिकताको प्राप्ति अन्य कुराको अतिरिक्त देहायका कुराका आधारमा हुनसक्ने गरी कानूनद्वारा व्यवस्था गर्न सकिने छ ।

(क) नेपालको राष्ट्रभाषा बोल्न र लेख्न जानेको,

(ख) नेपालमा कुनै व्यवसाय गरी बसेको,

(ग) अन्य राज्यको नागरिकता त्यागेको, र

(घ) कम्तीमा पन्ध्र वर्षसम्म नेपालमा बसोवास गरेको ।

(५) उपधारा (४) मा जुनसुकै कुरा लेखिएको भए तापनि नेपाली नागरिकसँग वैवाहिक सम्बन्ध भएकी विदेशी महिलाले विदेशको नागरिकता त्याग्ने

कारवाही चलाएपछि र नेपालको नागरिकता त्यागी विदेश गएको व्यक्तिले विदेशको नागरिकता त्यागेपछि नेपालको नागरिकता प्राप्त गर्न सक्नेछ ।

(६) उपधारा (४) को खण्ड (ख) र (घ) मा जुनसुकै कुरा लेखिएको भए तापनि नेपालको नागरिकको छोराछोरी वा बंशजको हकमा त्यस्तो व्यक्तिले नेपालमा दुई वर्षसम्म बसोवास गरेको भए कानूनद्वारा निर्धारित अवस्था र शर्तमा नेपालको नागरिकता प्राप्त गर्न सक्ने छ । तर अङ्गिकृत नागरिकको सन्तानको हकमा यो उपधारा लागू हुनेछैन ।

(७) नेपालको नागरिकताको समाप्ति कानूनले निर्धारित गरे बमोजिम हुनेछ ।

माथि उल्लेखित सर्त र अवस्थाको अलावा अन्तर्राष्ट्रिय ख्याती प्राप्त व्यक्तिलाई सम्मानार्थ नेपालको नागरिकता प्रदान गर्न सकिने व्यवस्था समेत उक्त संविधानले गरेको पाइन्छ (धारा १०) ।

२.६.४ नेपाल नागरिकता ऐन, २०२०

'नेपालको संविधान, २०१९' को प्राप्तिपछि 'नेपाल नागरिकता ऐन, २०२०' आएको र जब २०४७ सालमा पुरानो संविधान खारेज भइ 'नेपाल अधिराज्यको संविधान, २०४७' जारी भयो । सो संविधानले नागरिकता सम्बन्धी संवैधानिक व्यवस्था अनुकूलको कानूनी व्यवस्थालाई स्थापित गर्नाका लागि 'नेपाल नागरिकता ऐन, २०२०' मा देहायबमोजिमको व्यवस्था गरिएको पाइन्छ ।

बंशजको नाताले नेपाली नागरिकताको प्राप्ति

(१) यो ऐन प्रारम्भ भएपछि जन्मेको कुनै व्यक्तिको बाबु निजको जन्म हुँदा नेपालको नागरिक रहेछ भने त्यस्तो व्यक्ति वंशजको नाताले नेपालको नागरिक हुने छ (दफा -३ (१) ।

(२) नेपाल अधिराज्यभित्र फेला परेको पितृत्वको ठेगाना नभएको प्रत्येक नाबालक निजको बाबुको पत्ता नलागेसम्म बंशजको नाताले नेपालको नागरिक मानिने छ (दफा -३ (४) ।

(३) बाबुको मृत्यु भएको मनासिब माफिकको अवधिभित्र जन्मेको नाबालकको नागरिकता कायम गर्दा निज बाबुको मृत्युको अवस्थामा जे जस्तो हैसियत थियो सोही बमोजिमको हैसियत कायम रहेको मानिने छ (दफा-३(५) ।

अङ्गिकृत नेपाली नागरिकताको प्राप्ति

नाबालक वा बौलाएको ब्यक्ति बाहेक कुनै विदेशी नागरिकले देहायको शर्त तथा अवस्था पूरा गरिसेकेको भए नेपालको नागरिकता प्राप्त गर्न तोकिएको अधिकारी समक्ष तोकिएको ढाँचामा निवेदन दिनुपर्ने व्यवस्था ऐनले गरेको छ ।

(क) नेपालको राष्ट्रभाषा बोल्न र लेख्न जानेको ।

(ख) नेपालमा कुनै व्यवसाय गरी बसेको ।

(ग) अन्य राज्यको नागरिकता त्यागेको ।

(घ) कम्तीमा पन्ध्र वर्षसम्म नेपालमा बसोवास गरेको ।

(ङ) नेपालको नागरिकलाई अङ्गिकृत नागरिकता दिने कानूनी व्यवस्था वा प्रचलन भएको मुलूकको नागरिक भएको र

(च) असल चाल-चलन भएको (दफा -६) ।

सम्मानार्थ नेपालको नागरिकता प्राप्ति

(१) माथि जुनसुकै कुरा लेखिएको भए तापनि श्री ५ को सरकारको सिफारिसमा विशेष ख्याती प्राप्त कुनै ब्यक्तिलाई श्री ५ बाट सम्मानार्थ नेपालको नागरिकता प्रदान गर्न सकिबक्सने व्यवस्था ऐनमा उल्लेख गरिएको पाइन्छ । यसरी सम्मानार्थ नेपालको नागरिकता प्रदान गरिएको ब्यक्ति नेपालको अङ्गिकृत नागरिक सरह हुनेछ भनी ऐनले स्पष्ट पारेको देखिन्छ (दफा-६ (क) ।

क्षेत्र गाभिदाको नागरिकता

ऐनको उपरोक्त व्यवस्थाको अतिरिक्त नेपालभित्र गाभिने गरी कुनै क्षेत्र प्राप्त भएमा त्यसभित्र बसोबास गर्ने ब्यक्ति यस ऐनका अधिनमा रही श्री ५ को सरकारले सूचना प्रकाशित गरी तोकिदिए बमोजिम सूचनामा तोकिदिएका मितिदेखि नेपालको नागरिक मानिने व्यवस्था समेत रहेका पाइन्छ (दफा- ७) ।

२.६.५ नेपाल नागरिकता नियमावली २०४९

यो नियमावली २०४९/२/२५ मा जारी गरिएको थियो र यसमा भएका मुख्य प्रावधानहरू निम्नानुसार रहेका देखिन्छन् ।

नेपाली नागरिकलाई प्रमाणपत्र दिने

(१) नेपालको कुनै नागरिकले नेपाली नागरिकताको प्रमाणपत्र लिन चाहेमा सम्बन्धित जिल्ला विकास समितिको सभापति वा उप-सभापति, नगरपालिकाको प्रमुख वा उप-प्रमुख, गा.वि.स. को अध्यक्ष वा उपाध्यक्ष वा श्री ५ को सरकारको वहालवाला राजपत्रांकित वा राजप्रासाद सेवाका अधिकृतको सिफारिस साथ सम्बन्धित प्र.जि.अ. समक्ष अनुसूची-१ बमोजिमको ढाँचामा निवेदन दिनुपर्ने छ ।

(२) उपरोक्त बमोजिम सिफारिस गर्ने ब्यक्तिले आवश्यक ठानेमा निवेदकसँग निजको बसोबास भएको वा निज बसोबास गरिआएको वडाबाट निर्वाचित गा.वि.स. वा नगरपालिकाको सदस्यको सिफारिस माग गर्न सक्ने व्यवस्था समेत नियमावलीले गरेको पाइन्छ । यसरी निवेदन पत्र प्राप्त भएपछि प्र.जि.अ. ले आवश्यक जाँचबुझ गरी निवेदक नेपालको नागरिक हो भन्ने देखेमा निजलाई कानून बमोजिम नेपाली नागरिकताको प्रमाणपत्र दिने व्यवस्था रहेको पाइन्छ ।

यसरी नागरिकता दिने प्रयोजनका लागि प्र.जि.अ. ले निम्न कुरालाई समेत आधार लिन सक्ने व्यवस्था देखिन्छ ।

(क) कुनै अदालत वा सरकारी कार्यालयमा कानूनले राख्नुपर्ने स्याहा श्रेस्ता वा कागजपत्रमा त्यस्तो ब्यक्तिको नाम, जन्मस्थान वा वैवाहिक सम्बन्ध-सम्बन्धी कुराहरू उल्लेख गरेको लिखत ।

(ख) कुनै अदालत, सरकारी कार्यालय, सरकारी अधिकारी वा प्रचलित कानून बमोजिम अधिकार प्राप्त कुनै ब्यक्तिबाट प्रकाशन भएको वा तयार गरिएको लिखतमा त्यस्तो ब्यक्तिको नाम, जन्मस्थान, स्थायी बासस्थान वा वैवाहिक सम्बन्ध सम्बन्धी कुराहरू उल्लेख गरेको लिखत (नियम ३ (३) ।

२.६.६ नेपालको अन्तरीम संविधान, २०६३

'नेपालको अन्तरीम संविधान, २०६३' को भाग २ को धारा ८, ९, १० र ११ मा नागरिकता सम्बन्धी व्यवस्था गरिएको छ । विगतका संवैधानिक एवं कानूनी व्यवस्थाका

अतिरिक्त लोकतन्त्रको आगमनसँगै घोषित वर्तमान संविधानले नागरिकताको सम्बन्धमा गरेको व्यवस्थालाई देहाय बमोजि उल्लेख गर्न सकिन्छ ।

संविधान प्रारम्भ हुँदाका बखतको नागरिकता

वर्तमान संविधानले निम्न व्यक्तिहरूलाई संविधान प्रारम्भ हुँदाका समयको नागरिक मानेको छ (धारा-८) ।

(१) यो संविधान प्रारम्भ हुँदाका बखत नागरिकता प्राप्त गरेको र यस भाग बमोजिम नागरिकता प्राप्त गर्न योग्य ब्यक्तिहरू,

(२) यो संविधान प्रारम्भ हुँदाका बखत नेपालमा स्थायी बसोबास भएको देहायको ब्यक्ति बंशजको आधारमा नेपालको नागरिक ठहरिने छ ।

(क) यो संविधान प्रारम्भ हुनु भन्दा अघि बंशजको आधारमा नागरिकता प्राप्त गरेको ब्यक्ति ।

(ख) कुनै ब्यक्तिको जन्म हुँदाको बखत निजको बाबु वा आमा नेपाली नागरिक रहेछ भने त्यस्तो ब्यक्ति ।

(३) नेपाल सरहभित्र फेला परेको पितृत्व मातृत्वको ठेगाना नभएको प्रत्येक नाबालक निजको बाबु वा आमा फेला नपरेसम्म बंशजको आधारमा नेपाली नागरिक ठहर्ने छ ।

(४) नेपालभित्र गाभिने गरी कुनै क्षेत्र प्राप्त भएमा सो क्षेत्रभित्र बसोबास भएको ब्यक्ति प्रचलित कानूनका अधिनमा रही नेपालको नागरिक हुने छ ।

(५) संवत २०४६ साल चैत्र मसान्तसम्म नेपाल सरहदभित्र जन्म भइ नेपालमा स्थायी रूपले बसोबास गर्दै आएको ब्यक्तिले प्रचलित कानून बमोजिम जन्मको आधारमा नेपालको नागरिकता प्राप्त गर्नेछ । तर यस व्यवस्था अन्तरगत नागरिकता प्राप्त गर्न प्रचलित कानूनमा ब्यवस्था भए बमोजिम एक पटकका लागि तोकिएको अवधिभित्र निवेदन दिइसकेको हुनुपर्ने छ ।

(६) नेपाली नागरिकसँग वैवाहिक सम्बन्ध कायम गरेकी विदेशी महिलाले चाहेमा प्रचलित कानून बमोजिम अङ्गिकृत नेपाली नागरिकता लिनसक्ने छ ।

(७) यस धारामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि विदेशी नागरिकसँग विवाह गरेकी नेपाली महिला नागरिकबाट जन्मिएको व्यक्तिको हकमा निजको नेपालमा जन्म भइ नेपालमा नै स्थायी बसोबास गरेको र बाबुको नागरिकताको आधारमा निजले विदेशी मुलूकको नागरिकता प्राप्त गरेको रहेनछ भने निजले प्रचलित कानून बमोजिम नेपालको अङ्गिकृत नागरिकता प्राप्त गर्न सक्ने छ ।

अङ्गिकृत वा सम्मानार्थ नागरिकता

माथि उल्लेखित प्रावधानबाहेक कानूनमा व्यवस्था भए बमोजिम नेपाल सरकारले अङ्गिकृत वा सम्मानार्थ नेपाली नागरिकता प्रदान गर्न सकिने व्यवास्था छ (धारा-९) । यस बाहेकका अवस्था र सर्तमा नागरिकताको प्राप्ति वा समाप्ति हुने आधारहरू प्रचलित कानूनले तोकेबमोजिम हुने व्यवस्था समेत संविधानले गरेको छ (धारा-१०) । तर नागरिकता वितरण प्रकृया सर्वसुलभ र न्यायोचित हुन नसकेको भन्ने गुनासो रहेको सन्दर्भमा नेपाल सरकारले प्रचलित कानूनमा व्यवस्था भएबमोजिम नेपाली नागरिकता पाउन योग्यता पुगेको व्यक्तिलाई नागरिकता प्रदान गर्न नागरिकता वितरण टोली खटाउन सकिने व्यवस्था गरेको छ (धारा-११) ।

२.६.७ नेपाल नागरिकता ऐन, २०६३

'नेपाल नागरिकता ऐन, २०६३' मिति २०६३/८/१० मा जारी भइ कार्यान्वयनमा रहेको छ । यस ऐनमा भएका मुख्य-मुख्य प्रावधानहरूलाई निम्नानुसार उल्लेख गरिएको छ ।

बंशजको नाताले नेपाली नागरिकताको प्राप्ति

'नेपालको अन्तरिम संविधान, २०६३' घोषणा हुनु पूर्व जारी भएको 'नेपाल नागरिकता ऐन, २०६३' मा नागरिकता सम्बन्धमा व्यापक व्यवस्था भएको छ । उक्त व्यवस्थालाई निम्न अनुसार बुँदागत रूपमा चर्चा गरिएको छ ।

(क) कुनै व्यक्तिको जन्म हुँदा निजका बाबु वा आमा नेपालको नागरिक रहेछ भने त्यस्तो व्यक्ति बंशजको नाताले नेपालको नागरिक हुने छ ।

(ख) उपदफा १ मा जुनसुकै कुरा लेखिएको भए तापनि विदेशी नागरिकसँग विवाह गर्ने नेपाली महिलाबाट जन्मिएका सन्तानको हकमा दफा ५ को उपदफा २ बमोजिम हुने छ ।

(ग) नेपाल सरहदभित्र फेला परेको पितृत्व मातृत्वको ठेगाना नभएको प्रत्येक नावालक निजको बाबु वा आमाको पत्ता नलागेसम्म बंशजको नाताले नेपालको नागरिक मानिने छ (दफा -३ (क) ।

जन्मको आधारमा नेपाली नागरिकता प्राप्ति

(क) सम्वत् २०४६ साल चैत्र मसान्तसम्म नेपाल सरहभित्र जन्म भइ नेपालमा स्थायी रूपले बसोबास गर्दै आएको व्यक्ति जन्मको आधारमा नेपालको नागरिक हुने छ ।

(ख) उपदफा (१) बमोजिम नागरिकताको प्रमाणपत्र प्राप्त गर्न चाहने व्यक्तिले संविधान सभाको निर्वाचन हुनु अगावै निवेदन दिने र नागरिकताको प्रमाणपत्र प्रदान गर्ने व्यवस्था तोकिए बमोजिम हुने छ ।

(ग) उपदफा (२) बमोजिमको समयावधिभित्र विशेष कारणवश निवेदन दिन नसक्ने व्यक्तिले यो ऐन प्रारम्भ भएको मितिले दुई वर्षभित्र तोकिए बमोजिम निवेदन दिन सक्ने छ ।

अङ्गिकृत नेपाली नागरिकता प्राप्ति

(क) नेपाली नागरिकसँग वैवाहिक सम्बन्ध भएकी विदेशी महिलाले नेपालको नागरिकता प्राप्त गर्न चाहेमा तोकिएको अधिकारी समक्ष तोकिएको ढाँचामा निवेदन दिनुपर्नेछ । त्यसरी निवेदन दिंदा नेपाली नागरिकसँग भएको वैवाहिक सम्बन्धको र आफूले विदेशी नागरिकता त्याग्ने कारवाही चलाएको निस्सा पनि साथै पेश गर्नुपर्नेछ (दफा-५ (क) ।

(ख) विदेशी नागरिकसँग विवाह गरेकी नेपाली नागरिक महिलाबाट जन्मिएका छोराछोरीको हकमा निजको नेपालमा जन्म भई नेपालमा स्थायी बसोवास गरेको र बाबुको नागरिकताको आधारमा निजले विदेशी मुलूकको नागरिकता लिएको रहेनछ भने निजलाई तोकिएबमोजिम अङ्गिकृत नागरिकता प्रदान गर्न सकिने छ (दफा-५ (ख) ।

(ग) यसरी अङ्गिकृत नागरिकता प्राप्त गर्न चाहने व्यक्तिले देहायका कागजात संलग्न गरी तोकिएको अधिकारी समक्ष निवेदन दिनुपर्ने व्यवस्था ऐनले गरेको छ (दफा -५ (ग) ।

(१) आमाको नेपाली नागरिकताको प्रतिलिपी,

(२) नेपालमा जन्म भइ स्थायी बसोवास गरेको ब्यहोरा खुल्ने सम्बन्धित गाउँ विकास समिति वा नगरपालिकाको सिफारिस,

(३) बाबुको नागरिकताको आधारमा कुनै विदेशी मुलूकको नागरिकता नलिएको निस्सा ।

(घ) देहायका शर्त र अवस्था पूरा गरिसकेका विदेशी नागरिकमध्ये विज्ञान, दर्शनशास्त्र, कला, साहित्य, विश्वशान्ति मानवकल्याण वा नेपालको औद्योगिक, आर्थिक वा सामाजिक उन्नतिमा विशेष योगदान पुऱ्याएको वा पुऱ्याउनसक्ने भनी मनासिवआधारमा नेपाल सरकारले ठहऱ्याएको ब्यक्तिलाई तोकिएबमोजिम अङ्गिकृत नेपाली नागरिकता प्रदान गर्न सकिनेछ ।

(१) नेपाली वा नेपालमा प्रचलित अन्य कुनै भाषा बोल्ने र लेख्न जानेको,

(२) नेपालमा कुनै व्यवसाय गरी बसेको,

(३) अन्य मुलूकको नागरिकता त्यागेको वा त्याग्ने घोषणा गरेको,

(४) कम्तीमा पन्ध्र वर्षसम्म नेपालमा बसोबास गरेको,

(४) नेपाली नागरिकलाई अङ्गिकृत नागरिकता दिने कानूनी व्यवस्था वा प्रचलन भएको मुलूकको नागरिक भएको,

(५) असल चाल-चलन भएको,

(६) मानसिक रूपले स्वस्थ्य भएको ।

(ङ) उपरोक्त सर्तहरूका बाबजुद अङ्गिकृत नेपाली नागरिकता प्राप्त गरेको ब्यक्तिको सन्तानमध्ये निजले सो नागरिकता प्राप्त गर्नुभन्दा पहिले जन्मेको सन्तानले तोकिएबमोजिम नागरिकता प्राप्त गर्न व्यवस्था ऐनले गरेको छ (दफा ५(५) । यसरी अङ्गिकृत नेपाली नागरिकता पाउने ब्यक्तिलाई ऐनले तोकेबमोजिमको शपथ ग्रहण गराइ तोकिएको ढाँचामा नेपाली नागरिकताको प्रमाणपत्र प्रदान गरिनेछ र त्यस्तो प्रमाणपत्र पाएको मितिदेखि त्यस्तो ब्यक्ति नेपालको अङ्गिकृत नागरिक हुने व्यवस्था छ ।

सम्मानार्थ नेपालको नागरिकता प्रदान गर्न सकिने

विगतका संवैधानिक एवं कानूनी प्रावधान लगायत विश्वमा प्रचलित मान्य सिद्धान्त बमोजिम नेपालमा पनि नेपाल सरकारले अन्तर्राष्ट्रिय ख्याती प्राप्त व्यक्तिलाई सम्मानार्थ नेपालको नागरिकता प्रदान गर्न सक्ने व्यवस्था गरिएको छ (दफा -६) ।

क्षेत्र गाभिंदाको नागरिकता

कुनै किसिमले नेपालभित्र गाभिने गरी कुनै क्षेत्र प्राप्त भएमा त्यस क्षेत्रभित्रको व्यक्ति यस ऐनको अधिनमा रही नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकिदिएबमोजिम सोही सूचनामा तोकेको मितिदेखि नेपालको नागरिक मानिने व्यवस्था ऐनले गरेको छ (दफा -७) ।

२.६.८ नेपाल नागरिकता नियमावली, २०६३

'नेपाल नागरिकता नियमावली, २०६३' मिति २०६३/८/२९ जारी भएको र सो नियमावलीले नागरिकताको प्राप्ति समाप्ति लगायतका विविध पक्षहरू सहित यसको कार्यविधिको समेत व्यापक चर्चा गरेको छ । उक्त नियमावलीमा उल्लेखित महत्वपूर्ण प्रावधानहरू निम्नानुसार रहेका छन् (नियम-३) ।

बंशजको नाताले नेपाली नागरिकताको प्रमाणपत्र प्राप्ति र यसको कार्यविधि

(१) बंशजको नाताले नेपाली नागरिकताको प्रमाणपत्र लिन चाहने सोऱ्हवर्ष उमेर पूरा भएको नेपाली नागरिकले सम्बन्धित प्रमुख जिल्ला अधिकारीसमक्ष देहायका कागजात संलग्न राखी अनुसूची-१ (यस अनुसूचीको पूर्ण ढाँचा र प्रयोजन अनुसूची ढाँचा १ मा दिइएको छ) बमोजिमको ढाँचामा निवेदन दिनुपर्ने छ ।

(क) बाबु वा आमा वा आफ्ना बंशज तर्फका ३ पुस्ताभित्रका नातेदारको नेपाली नागरिकताको प्रमाणपत्र,

(ख) जन्मस्थान र नाता खुल्ने गरी सम्बन्धित स्थानीय निकायले गरिदिएको सिफारिस वा जन्मदर्ता प्रमाणपत्र,

(ग) खण्ड (क) बमोजिम तीन पुस्ताभित्रको नातेदारको नागरिकताको प्रमाणपत्र पेश गरेको अवस्थामा उक्त नातेदारसँगको नाता खुल्ने नाता प्रमाणित पत्र,

(२) उपनियम-३ (१) बमोजिमका प्रमाण निवेदन साथ पेश गर्न नसक्ने नेपाली नागरिकलाई देहायका कागजातका आधारमा नेपाली नागरिकताको प्रमाणपत्र दिन सकिने छ ।

(क) निवेदकका बाबु वा आमा नेपाली नागरिक भएकोले निज बंशजको नाताले नेपालको नागरिक भएको र नेपालमा जन्म भइ निरन्तर रूपमा नेपाल सरहदभित्र स्थायी रूपमा बसोवास गरी आएको ब्यहोरा खुल्ने गरी स्थानीय निकायका प्रतिनिधीको रोहवरमा अनुसूची-३ (अनुसूचीको पूर्ण ढाँचा र प्रयोजन अनुसूची-२ मा दिइएको छ) बमोजिमको ढाँचामा नेपाली नागरिकताको प्रमाणपत्र प्राप्त स्थानीय बासिन्दाहरूले गरिदिएको स्थलगत सर्जमिन ।

(ख) सम्बन्धित वडामा बसोबास गर्ने तीनजना नेपाली नागरिकताको प्रमाणपत्र प्राप्त नेपाली नागरिकले अनुसूची-४ (यस अनुसूचीको पूर्ण ढाँचा र प्रयोजन अनुसूची-३ मा दिइएको छ) बमोजिमको ढाँचामा सर्जमिन स्थलमै गरिदिएको सनाखत ।

(३) नेपाल सरहदभित्र फेला परेको पितृत्व मातृत्वको ठेगान नभएको नेपाली नागरिकताको प्रमाणपत्र लिन चाहने सोन्हवर्ष उमेर पूरा भएको व्यक्तिले देहायका कागजात संलग्त राखी अनुसूची-१ बमोजिमको ढाँचामा सम्बन्धित प्रमुख जिल्ला अधिकारीसमक्ष निवेदन दिनुपर्ने छ ।

(क) नेपाल सरकारबाट स्वीकृति प्राप्त बालमन्दिर वा अनाथ बालबालिका संरक्षण गर्ने संघसंस्था वा अनाथलयको संरक्षणमा हुर्के बढेको भए त्यस्तो संस्थाको सिफारिस ।

(ख) कुनै व्यक्ति विशेषले प्रचलित कानून बमोजिम संरक्षकत्व प्राप्त गरी पालनपोषण गरेको भए पालनपोषण गर्ने व्यक्तिको नागरिकताको प्रमाणपत्रको प्रतिलिपी ।

(ग) खण्ड (क) बमोजिमको संस्थामा पालनपोषण गर्ने संस्थाका प्रमुखबाट गरिदिएको सनाखत वा खण्ड (ख) बमोजिम पालनपोषण गर्ने व्यक्तिले गरिदिएको सनाखत ।

(४) उपनियम (३) बमोजिम निवेदकको पितृत्व वा मातृत्वको सम्बन्धमा थप कुरा बुझ्नुपर्ने भएमा आवश्यकताअनुसार स्थानीय निकायको सिफारिस वा प्रहरी प्रतिवेदन माग गर्न सकिने छ ।

(५) उपनियम (१) वा (३) बमोजिम प्राप्त निवेदन उपर छानविन गर्दा निवेदक बंशजको नाताले नागरिकताको प्रमाणपत्र पाउन योग्य देखिएमा निजलाई बंशजको नाताले नागरिकताको प्रमाणपत्र जारी गर्न सकिनेछ ।

(६) पितृत्व मातृत्वको ठेगान नभएको ब्यक्तिको नागरिकताको प्रमाणपत्रमा बाबु वा आमाको नाम उल्लेख हुनुपर्ने स्थानमा पितृत्व मातृत्वको ठेगान नभएको ब्यहोरा जनाइ संरक्षकको नाम, थर र ठेगाना उल्लेख गर्नुपर्नेछ ।

(७) यो नियम प्रारम्भ हुनुभन्दाअघि समय-समयमा खटिएका नागरिकता टोलीले तयार गरेको दर्ता अभिलेख र वितरण गरेको अस्थायी निस्सालाई समेत आधार लिइ नागरिकताको प्रमाणपत्र जारी गर्न सकिने छ ।

(८) उपनियम (२) बमोजिम नेपाली नागरिकताको प्रमाणपत्र प्राप्त गर्न निवेदन दिने ब्यक्तिहरूको सूची सोही दिन सार्वजनिक गर्नुपर्ने छ ।

जन्मको आधारमा नेपाली नागरिकताको प्रमाणपत्र प्राप्त गर्ने कार्यविधि

(१) जन्मको आधारमा नेपाली नागरिकताको प्रमाणपत्र लिन चाहने सोऱ्हवर्ष उमेर पूरा भएको नेपाली नागरिकले सम्बन्धित प्रमुख जिल्ला अधिकारीसमक्ष देहायका कागजात संलग्न राखी अनुसूची-१ बमोजिमको ढाँचामा निवेदन दिनुपर्ने व्यवस्था गरेको छ (नियम -४) ।

(क) निवेदकको जन्म नेपालभित्र भएको र निजले निरन्तर नेपालमा स्थायी रूपमा बसोबास गर्दै आएको ब्यहोरा खुल्ने गरी सम्बन्धित स्थानीय निकायले गरिदिएको सिफारिस,

(ख) आफ्नो वा परिवारको नामको जग्गाधनी दर्ता प्रमाणपूर्जा वा मोहीयानी हकको प्रमाणपत्र वा घरधुरी प्रमाण वा निर्वाचन आयोगले तयार गरेको मतदाता नामावलीमा निजको वा निजको बाबु वा आमाको नाम समावेश भएको प्रमाण । स्पष्टीकरणः यस खण्डको प्रयोजनको लागि “परिवार” भन्नाले एकाघरका वा छुट्टिभिन्न भइ बसेका बाबुआमा,

सौतेनी-आमा, छोरा, अविवाहित छोरी र छोराबुहारीसमेतलाई सम्झनु पर्छ ।

(२) उपरोक्त बमोजिम नागरिकताको प्रमाणपत्र प्राप्त गर्न चाहने व्यक्तिले संविधानसभाको निर्वाचन हुनु अगावै प्रमुख जिल्ला अधिकारीसमक्ष निवेदन दिनुपर्ने छ ।

(३) आवश्यक प्रमाण निवेदन साथ पेश गर्न नसक्ने ब्यक्तिलाई ऐन बमोजिम देहायको कागजातको आधारमा नेपाली नागरिकताको प्रमाणपत्र जारी गर्न सकिने व्यवस्था गरिएको छ (नियम -४ (३) ।

(क) निवेदक नेपालमा जन्म भई निरन्तर रूपमा नेपाल सरहदभित्र स्थायी रूपमा बसोवास गरिआएको ब्यहोरा खुल्ने गरी स्थानीय निकायका प्रतिनिधीको रोहवरमा अनुसूची-५ (अनुसूचीको पूर्ण ढाँचा अनुसूची-४ मा दिइएको छ ।) बमोजिमको ढाँचामा नेपाली नागरिकताको प्रमाणपत्र प्राप्त स्थानीय बासिन्दाहरूले गरिदिएको स्थलगत सरजमिन,

(ख) सम्बन्धित वडामा बसोवास गर्ने नेपाली नागरिकताको प्रमाणपत्र प्राप्त तीनजना नेपाली नागरिकले अनुसूची-६ (अनुसूचीको पूर्ण ढाँचा अनुसूची-५ मा दिइएको छ ।) बमोजिमको ढाँचामा सर्जमिन स्थलमै गरिदिएको सनाखत ।

तर नागरिकताको सिफारिस गर्ने वा नागरिकता प्रदान गर्ने अधिकारीलाई सनाखत गर्ने ब्यक्तिले शंकास्पद रूपमा सनाखत गरेको लागेमा त्यस्तो अधिकारीले त्यस उपर थप छानबिन गर्न सकिने व्यवस्था समेत नियमावलीमा उल्लेख छ ।

(४) यसरी प्राप्त भएका निवेदनहरूका सम्बन्धमा त्यस्ता निवेदन दर्ता भएको मितिले एक महिनाभित्र प्रमुख जिल्ला अधिकारीले निर्णय गरिसक्नुपर्ने व्यवस्था छ (नियम -४(४) ।

(५) यस्ता निवेदन उपर छानविन गर्दा निवेदक जन्मको आधारमा नेपाली नागरिकताको प्रमाणपत्र पाउन योग्य देखिएमा निजलाई जन्मको आधारमा नेपाली नागरिकताको प्रमाणपत्र जारी गर्न सकिने छ ।

(६) नेपाली नागरिकताको प्रमाणपत्र प्राप्त गर्न निवेदन दिने ब्यक्तिहरूको सूची सोही दिन सार्वजनिक गर्नुपर्ने समेत कानूनी व्यवस्था छ ।

वैवाहिक सम्बन्धको आधारले अङ्गिकृत नेपाली नागरिकताको प्रमाणपत्र प्राप्त गर्ने कार्यविधि

(१) नेपाली नागरिकसँग वैवाहिक सम्बन्ध भएकी विदेशी महिलाले नेपालको नागरिकता प्राप्त गर्न चाहेमा देहायका कागजात संलग्न गरी सम्बन्धित प्रमुख जिल्ला अधिकारीसमक्ष अनुसूची-७ (यस अनुसूचीको पूर्ण ढाँचा अनुसूची-६ मा दिइएको छ) बमोजिमको ढाँचामा निवेदन दिनुपर्ने छ (नियम ५ (१) ।

(क) नेपाली नागरिकसँग भएको वैवाहिक सम्बन्ध खुल्ने गरी सम्बन्धित स्थानीय निकायले गरिदिएको सिफारिस,

(ख) निजले विदेशी नागरिकता त्याग्ने कारवाही चलाएको निस्सा ।

(२) यसरी प्राप्त निवेदन उपर छानविन गर्दा निवेदक अङ्गिकृत नेपाली नागरिकताको प्रमाणपत्र पाउन योग्य देखिएमा निजलाई अङ्गिकृत नेपाली नागरिकताको प्रमाणपत्र जारी गर्न सकिने छ । साथै प्राप्त निवेदन उपर छानविन गर्दा कुनै निवेदक नेपाली नागरिकताको प्रमाणपत्र पाउन योग्य नदेखिएमा सात दिनभित्र निर्णय गरी निजलाई सोको जानकारी दिनुपर्ने व्यवस्था नियमले गरेको छ (नियम -६) ।

अङ्गिकृत नेपाली नागरिकताको प्रमाणपत्र प्राप्त गर्ने अन्य कार्यविधि

नागरिकता प्राप्तिको सामान्य अवस्थाका अतिरिक्त अङ्गिकृत नेपाली नागरिकताको प्रमाणपत्र प्राप्ति सम्बन्धमा वर्तमान नेपाल नागरिकता नियमावली २०६३ ले देहायबमोजिमको थप व्यवस्था गरेको छ जसको प्रकृया अवस्था र सर्तहरू निम्नानुसार रहेका छन् (नियम- ७) ।

(१) विदेशी नागरिकसँग विवाह गरेकी नेपाली नागरिक महिलाबाट जन्मिएका सन्तानको हकमा देहायका कागजात सहित अनुसूची-७ बमोजिमको ढाँचामा प्रमुख जिल्ला अधिकारीसमक्ष निवेदन दिनुपर्ने छ :-

(क) आमाको नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी,

(ख) नेपालमा जन्म भै स्थायी बसोवास गरेको व्यहोरा खुल्ने सम्बन्धित स्थानीय निकायको सिफारिस,

(ग) बाबुको नागरिकताको आधारमा निजले विदेशी मुलूकको नागरिकता नलिएको निस्सा ।

(२) उपरोक्त शर्त र अवस्था पूरा गरेको कुनै विदेशी नागरिकले नेपालको नागरिकता प्राप्त गर्न चाहेमा आफू बसोवास गरिआएको बासस्थानसँग सम्बन्धित स्थानीय निकायको सिफारिस साथ सम्बन्धित प्रमुख जिल्ला अधिकारीसमक्ष अनुसूची-७ बमोजिमको ढाँचाको निवेदन दिनुपर्ने छ ।

(३) यसरी निवेदन प्राप्त भएपछि प्रमुख जिल्ला अधिकारीले आवश्यक देखेमा सम्बन्धित नगरपालिकाको प्रमुख वा गाउँ विकास समितिको अध्यक्षसँग आवश्यक कुराहरू बुझि निवेदकले ऐनको शर्त तथा अवस्था पूरा गरेको देखिएमा आफ्नो राय सहित निवेदन मन्त्रालयसमक्ष पठाउनुपर्ने छ ।

(४) यसरी प्राप्त निवेदन उपर छानविन गरी मन्त्रालयले अनुसूची ८ (यस अनुसूचीको पूर्ण ढाँचा र प्रयोजन अनुसूची-७ मा दिइएको छ ।) बमोजिमको ढाँचामा अङ्गिकृत नेपाली नागरिकताको प्रमाणपत्र प्रदान गर्न सक्ने छ ।

(५) यसरी अङ्गिकृत नेपाली नागरिकता प्राप्त गरेको व्यक्तिको सन्तानमध्ये निजले सो नागरिकता प्राप्त गर्नुभन्दा पहिले जन्मेका सन्तानले अङ्गिकृत नेपाली नागरिकता प्राप्त गर्न चाहेमा अनुसूची-७ बमोजिम सम्बन्धित प्रमुख जिल्ला अधिकारीसमक्ष निवेदन दिनसक्ने छ ।

(६) यस प्रकार प्राप्त निवेदन उपर छानविन गर्दा निवेदक अङ्गिकृत नेपाली नागरिकताको प्रमाणपत्र पाउन योग्य देखिएमा निजलाई अङ्गिकृत नेपाली नागरिकताको प्रमाणपत्र जारी गर्न सकिने छ ।

नागरिकताको प्रमाणपत्र जारी गर्ने अधिकारी

वंशजको नाताले, जन्मको आधार, वैवाहिक सम्बन्ध र अङ्गिकृत नेपाली नागरिकता प्राप्त गर्नु अघि जन्मिएका निजका सन्तानलाई अङ्गिकृत नेपाली नागरिकताको प्रमाणपत्र जारी गर्ने अधिकार प्रमुख जिल्ला अधिकारीलाई हुने व्यवस्था नियमावलीमा रहेको पाइन्छ (नियम -८ (१) । यी अधिकार मध्ये वंशज र जन्मको आधारमा नागरिकता प्रदान गर्ने अधिकार प्रमुख जिल्ला अधिकारीले आफ्नो मातहतको अधिकृत कर्मचारीलाई प्रत्यायोजन गर्न सक्ने व्यवस्था छ (नियम -८(२) । यसका

अतिरिक्त समय समयमा नेपाल सरकारले नागरिकता वितरण गर्न खटाइएका टोली प्रमुखलाई प्रमुख जिल्ला अधिकारीले वंशजको नाताले र जन्मको आधारमा नागरिकताको प्रमाणपत्र जारी गर्ने अधिकार प्रत्यायोजन गर्न सक्ने समेत व्यवस्था गरेको पाइन्छ (नियम -८ (३) ।

उल्लेखित बाहेक अन्य प्रकारको अङ्गिकृत नेपाली नागरिकताको प्रमाणपत्र जारी गर्ने अधिकार गृह मन्त्रालयलाई रहेको देखिन्छ (नियम -८(४) । सम्मानार्थ नेपालको नागरिकता प्रदान गर्न सक्ने अधिकार नेपाल सरकार मन्त्रीपरिषद्मा रहेको छ (नियम -८ (५) । सम्मानार्थ नेपाली नागरिकताको प्रमाणपत्र प्रदान गर्ने निर्णय भएपछि गृहमन्त्रालयले सम्मानार्थ नेपाली नागरिकताको जारी गर्दछ (नियम -८(६) । यसरी उपरोक्त किसिमका नागरिकताको प्रमाणपत्र जारी गर्दा जारी गर्ने अधिकारीले वंशजको नाताले वा जन्मको अधिकारमा नेपाली नागरिकताको प्रमाणपत्र जारी गर्दा अनुसूची -२ (अनुसूचीको पूर्ण ढाँचा र प्रयोजन अनुसूची-८ मा दिइएको छ ।) र अङ्गिकृत नेपाली नागरिकताको प्रमाणपत्र जारी गर्दा अनुसूची-८ बमोजिमको ढाँचामा जारी गर्नुपर्ने व्यवस्था नियमावलीको नियम ८-(७) मा गरिएको पाइन्छ ।

पुनः नेपाली नागरिकता कायम गर्ने कार्यविधि

सामान्यतया कुनै पनि कारणले नेपालको नागरिकता त्यागि विदेशको नागरिक भएका व्यक्तिले विदेशी नागरिकता त्यागी पुनः नेपाली नागरिकता प्राप्तिका लागि आवेदन दिनसक्ने व्यवस्था नियमावलीमा गरिएको छ । जसअनुसारः नेपालको नागरिकता त्यागी विदेश गएको कुनै व्यक्तिले पुनः नेपाली नागरिकता प्राप्त गर्न चाहेमा विदेशको नागरिकता त्यागेको निस्सा सहित निजलाई पहिले नागरिकताको प्रमाणपत्र प्रदान गर्ने मन्त्रालय वा सम्बन्धित जिल्ला प्रशासन कार्यालय समक्ष अनुसूची-११ (अनुसूचीको पूर्ण ढाँचा र प्रयोजन अनुसूची-९ मा दिइएको छ ।) बमोजिमको ढाँचामा निवेदन दिनुपर्ने कानूनी व्यवस्था छ (नियम-११) ।

नागरिकता टोली खटाउन सक्ने

नेपाल सरकारले नागरिकताको प्रमाणपत्र वितरण गर्न टोली खटाउन सक्ने छ । यसरी टोली खटाउँदा कम्तीमा राजपत्रांकित तृतीय श्रेणीको कर्मचारी प्रमुख हुने गरी सो टोलीमा निजामति सेवाकै अन्य कर्मचारीहरूलाई खटाउनुपर्ने छ र खटाइएको टोलीले नेपाल सरकारले दिएको निर्देशनको अधिनमा रही नेपाली नागरिकताको

प्रमाणपत्र वितरण गर्ने छ । नागरिकता वितरण गर्न खटाइएको टोलीले नेपाली नागरिकताको प्रमाणपत्र नदिने गरी गरेको निर्णयमा चित्त नबुझ्ने व्यक्तिले तीस दिनभित्र सम्बन्धित प्रमुख जिल्ला अधिकारीसमक्ष निवेदन दिनसक्ने छ । यस सम्बन्धमा प्रमुख जिल्ला अधिकारीले दिएको निर्णय अन्तिम हुने व्यवस्था रहेको पाइन्छ । त्यसैगरी नागरिकता प्रमाणपत्र वितरण टोलीले नागरिकता प्रमाणपत्र नलिएका नाबालक र टोली खटिएको समयमा छुट भएका उमेर पुगेका नागरिकता प्राप्त गर्न योग्य व्यक्तिहरूको विवरण लिइ अभिलेख राख्नुपर्ने व्यवस्था समेत (नियम -१५) मा रहेको छ ।

कर्मचारीको परिवारले नागरिकताको प्रमाणपत्र प्राप्त गर्ने कार्यविधि

कुनै कर्मचारीका परिवारले त्यस्तो कर्मचारी कार्यरत रहेको जिल्लाको जिल्ला प्रशासन कार्यालयबाट नेपाली नागरिकताको प्रमाणपत्र लिन चाहेमा निम्नानुसारका कागजात संलग्न गरी प्रमुख जिल्ला अधिकारीसमक्ष अनुसूची-१ बमोजिमको ढाँचामा निवेदन दिनुपर्ने व्यवस्था रहेको छ (नियम -१६) ।

(क) बाबु वा आमाको नेपाली नागरिकताको प्रमाणपत्र,

(ख) कर्मचारी बहाल रहेको कार्यालयको सिफारिस,

(ग) विवाहित महिलाको हकमा पतिको नागरिकता र विवाह दर्ता प्रमाण ।

उपरोक्त बमोजिम प्राप्त कागजातका आधारमा नागरिकताको प्रमाणपत्र प्रदान गरी त्यसरी प्रदान गरिएको नागरिकता प्रमाणपत्रको अभिलेख उक्त नागरिकता जारी गर्ने कार्यालयमा राखी सम्बन्धित कर्मचारीको स्थायी ठेगाना भएको जिल्ला प्रशासन कार्यालयलाई समेत जानकारी दिनुपर्ने व्यवस्थालाई अनिवार्य गरिएको छ (नियम- १६ (२) ।

'कर्मचारी' भन्नाले नेपाल सरकारको कोषबाट तलब भत्ता खाने कर्मचारी वा संस्थानका कर्मचारी वा शिक्षक वा प्राध्यापक सम्झनु पर्दछ भनी उल्लेख परिवारभित्र उल्लिखित कर्मचारीसँग बस्ने तथा निज आफैले पालनपोषण गर्नुपर्ने पति, पत्नी, छोरा, अविवाहिता छोरी, धर्मपुत्र, अविवाहिता धर्मपुत्री, बाबु, आमा वा सौतेनीआमा सम्झनु पर्छ र सो शब्दले पुरूष र अविवाहित महिला कर्मचारीको हकमा निजको बाजे, बज्यै तथा विवाहिता महिला कर्मचारीको हकमा निजको सासु, ससुरासमेतलाई भनी परिवारको सदस्यको रूपमा कानूनले स्वीकार गरेको छ ।

नागरिकता सम्बन्धी दण्ड-सजायँको व्यवस्था

नागरिकता वितरण गर्दा कोही कसैले गैर कानूनी रूपमा वा बद्नियत पूर्वक नागरिकताको प्रमाणपत्रको लागि सिफारिस गरेमा, सनाखत गरेमा वा आफूखशी विवरण थपघट गरेमा, झुट्टो विवरण दिएमा, वा जानीजानी बद्नियतपूर्वक ऐन नियम विपरित नागरिकताको प्रमाणपत्र दिएमा वा विवरण थपघट गरेमा त्यस्ता पदाधिकारी वा कर्मचारीहरूलाई निम्नानुसारको सजाँयको व्यवस्था नागरिकता ऐन (दफा-२१) मा गरिएको पाइन्छ ।

| | |
|---|---|
| - झुट्टो विवरण दिइ विदेशीले नागरिकता लिएमा | - १ वर्षदेखि ५ वर्षसम्म कैद वा<br>- रू. ५० हजारदेखि रू. १ लाखसम्म जरीवाना वा<br>- दुवै सजायँ |
| - विदेशीलाई नागरिकता दिलाउने कार्यमा सनाखत गरेमा वा सिफारिस गरेमा | - ६ महिनादेखि ३ वर्षसम्म कैद वा<br>- रू. २५ हजारदेखि रू. ५० हजारसम्म जरिवाना वा<br>- दुवै सजायँ |
| - झुट्टो वा किर्ते नागरिकता प्रमाणपत्र तयार गरेमा | - १ वर्षदेखि ५ वर्षसम्म कैद वा<br>- रू. २० हजारदेखि रू. १ लाखसम्म जरिवाना वा<br>- दुवै सजायँ |
| - नागरिकताको विवरण आफूखुसी सच्याएमा | - ३ महिनासम्म कैद वा<br>- रू. १० हजारसम्म जरीवाना वा<br>- दुवै सजायँ |
| - नेपाली नागरिकले झुटो विवरण दिएमा | - रू. १५ हजारसम्म जरीवाना |
| - नागरिकता सम्बन्धी ऐन, नियमको बर्खिलाप कार्य गरेमा | - रू. १५ हजारसम्म जरिवाना |
| - कर्मचारीले बदनियतपूर्वक नागरिकता दिएमा वा विवरण सच्याएमा | - विभागीय कारवाही |
| - मतियारलाई | - मुख्य कसुरदारलाई हुने दण्ड सजायँको आधा |

२.६.९ नागरिकताको प्रमाणपत्रको वितरण कार्यविधि निर्देशिका, २०६३

पहिले लिएको नेपाली नागरिकताको प्रमाणपत्र कुनै कारणवश फाटी, च्यातिइ,, आगलागी भएमा वा हराएमा पानीले भिजी नष्ट भएमा वा अन्य कुनै कारणले झुत्रो भइ काम नलाग्ने भएमा नागरिकताको प्रमाणपत्र प्राप्त व्यक्तिले लिएको नागरिकताको प्रतिलिपि माग गर्नसक्ने छ । प्रतिलिपी माग गरेको अवस्थामा देहाय बमोजिमको

कार्यविधि अपनाई नागरिकताको प्रमाणपत्रको प्रतिलिपि प्रदान गर्न सकिने व्यवस्था नागरिकता प्रमाणपत्र वितरण कार्यविधि निर्देशिका २०६३ गरिएको छ ।

(१) पहिले जारी भएको नागरिकता प्रमाणपत्र च्यातिएको वा फाटेको वा सक्कल नभइ छायाँप्रति राखी प्रतिलिपी माग गरी निवेदन दिन आएमा कार्यालयको अभिलेख भिडाइ प्रतिलिपी दिनुपर्छ ।

(२) पहिले जारी भएको नागरिकता प्रमाणपत्रको छायाँप्रति राख्न नसकी सम्बन्धित व्यक्तिको फोटो टाँसी निवेदन पर्न आएमा पहिले जारी भएको अनुसूची र कार्यालय प्रति सुरक्षित भएको अवस्थामा कार्यालयको अभिलेख भिडाइ प्रतिलिपी दिनुपर्छ ।

(३) कार्यालयको अभिलेखसँग निवेदकको नागरिकताको प्रमाणपत्रको छायाँप्रति भिडेमा वा फोटो टाँसी आएको निवेदनको फोटो र कार्यालयको अभिलेखको फोटो मिलेको अवस्थामा प्रतिलिपि दिंदा कुनै निकायको सिफारिस नभए पनि प्रतिलिपी जारी गर्न बाधा पर्दैन ।

(४) पहिले जारी भएको नागरिकता प्रमाणपत्रको अनुसूची नभएको तर कार्यालयप्रति भएको वा अनुसूची भएको तर कार्यालयप्रति वा अनुसूची र कार्यालयप्रति दुवै नभइ रजिष्टरमा नाम मात्र भएको अवस्थामा प्रतिलिपी दिनुपर्दा स्थानीय निकायबाट फोटोसमेत प्रमाणित गरी सिफारिस भै आएको अवस्थामा व्यक्ति यकिन गरेर पछि कार्यालयप्रति फेला परेको समयमा तदनुरूप हुने गरी हाल रजिष्टरलाई आधार मानी कार्यालयप्रति तयार गरी प्रतिलिपि जारी गर्नुपर्छ ।

(५) पहिले मजिष्ट्रेड, बडाहाकिम, अञ्चलाधिश कार्यालय, विशेष अधिकृत, प्र.जि.अ.को कार्यालय, जिल्ला कार्यालय तथा जिल्ला प्रशासन कार्यालयहरूबाट प्रदान गरिएको नागरिकता प्रमाणपत्रको कार्यालयप्रति फेला नपरेको र त्यस्तो नागरिकतामा नागरिकता टोलीबाट दरपीठ समेत नभएको अवस्थामा पहिले लिएको नागरिकता प्रमाणपत्र भए सो प्रमाणपत्रसमेत खिची नागरिकता प्रमाणपत्र नलिएको व्यक्तिलाई नागरिकता प्रमाणपत्र दिंदा अपनाउनु पर्ने सम्पूर्ण कार्यविधि पूरा गरी नयाँ नागरिकता प्रमाणपत्र दिइ अभिलेखमा पुरानो नागरिकता

प्रमाणपत्रको कार्यालयप्रति फेला नपरेको व्यहोरा जनाइ अधिकृतबाट प्रमाणित गराउनु पर्छ ।

(६) साविक जिल्लाबाट नागरिकता प्रमाणपत्र लिइ हाल अन्य जिल्लामा बसाइँसरी जाने तथा विवाह गरी जाने नेपाली नागरिकले बसाई-सराईको तथा विवाहको प्रमाणपत्र राखी हाल स्थायी बसोवास भएको जिल्ला प्रशासन कार्यालयमा नागरिकताको प्रमाणपत्रको प्रतिलिपि माग गरेमा सो कार्यालयले साविक जिल्लाको जिल्ला प्रशासन कार्यालयबाट निजको नागरिकता सम्बन्धी प्रमाणिक अभिलेख मगाई सो को आधारमा प्रतिलिपि दिइ साविक कार्यालयलाई जनाइ दिनुपर्छ ।

(७) यस्तै प्रक्रिया पूरा गरी कर्मचारी र कर्मचारीका परिवारले समेत आफू कार्यरत रहेको जिल्लाको जिल्ला प्रशासन कार्यालयबाट प्रतिलिपि प्राप्त गर्न सक्नेछन् । तर कर्मचारी तथा तिनका परिवारले प्रतिलिपि माग गर्दा कर्मचारी कार्यरत रहेको कार्यालयको सिफारिस पेश गर्न लगाउनु पर्छ ।

(८) नागरिकता प्रमाणपत्रको प्रतिलिपि वितरणको छुट्टै रजिष्टर खडा गरी अधिकृतबाट व्यहोरा प्रमाणित गराउनु पर्छ ।

(९) नक्कल दस्तुर वापतको रू. ३/– को टिकट निवेदनमा वा सिफारिसको पीठमा टाँसी ब्यहोरा जनाइ टिकट रद्द गर्नुपर्छ ।

(१०) नागरिकताको प्रमाणपत्रको प्रतिलिपि तयार गर्दा कार्यालयमा रहेको अभिलेख अनुरूपको सबै ब्यहोरा कार्डमा स्पष्ट बुझिने गरी कालो मसीले लेख्नुपर्छ र खाली रहने महलमा अरू व्यहोरा लेख्न नमिल्ने गरी धर्सो तान्नु पर्छ ।

(११) नागरिकता कार्डमा सबै व्यहोरा लेखिसकेपछि सम्बन्धित व्यक्तिको फोटो टाँसी सहीछाप र हस्ताक्षर गराएपछि अधिकृतबाट नागरिकताको प्रमाणपत्रको प्रतिलिपीमा दस्तखत गराइ कार्यालय तथा अधिकृतको छाप लगाएर सम्बन्धित व्यक्तिलाई भरपाईं गराइ नागरिकताको प्रतिलिपी दिनुपर्छ ।

(१२) पहिले अभिलेखमा टाँसेको फोटो चिन्न नसकिने भइ ब्यक्ति पहिचानमा कठिन हुने र त्यस्तो अवस्थामा अर्काको नामबाट अरूले प्रतिलिपि

लिनसक्ने सम्भावना रहेकाले फोटो च्यातिएको, स्पष्ट नभएको अवस्थामा स्थानीय निकायबाट फोटो प्रमाणित सहित सिफारिस लिइ पुनः प्रतिलिपी जारी गर्नुपर्छ । प्रतिलिपीमा दस्तखत गर्ने अधिकृतले दस्तखत गर्ने समयमा कार्यालयको अभिलेख अनुरूपको व्यहोरा भिडे नभिडेको राम्ररी जाँच गर्नुपर्छ ।

(१३) नागरिकता प्रतिलिपि जारी गर्दा कतिपटक प्रतिलिपि लिएको भन्ने कुरा नागरिकता कार्डको पछाडिपट्टि माथिल्लो भागमा र कार्यालयको अभिलेखमा जनाउनु पर्छ ।

(१४) सम्बन्धित व्यक्तिको मृत्यु भैसकेको अवस्थामा अरू सरोकारवाला व्यक्तिले नागरिकता प्रमाणपत्रको प्रतिलिपी माग गर्न आएमा कार्डमा प्रतिलिपी नदिइ अन्य पत्रमा यस्तो व्यक्तिले यो मितिमा नागरिकताको प्रमाणपत्र लिएको देखिन्छ भनि कार्यालय प्रतिअनुसारको सबै व्यहोरा खुलाई प्रमाणित गरिदिनुपर्छ ।

(१५) अङ्गिकृत नागरिकता प्रमाणपत्रको प्रतिलिपी जारी गर्दा माथि उल्लेखित आवश्यक कार्यविधिका अतिरिक्त निम्न बमोजिमका थप अन्य कार्यविधि समेत अपनाउनु पर्छ ।

(क) सम्बन्धित जिल्ला प्रशासन कार्यालयमा रहेको अङ्गिकृत नागरिकताको अभिलेखका आधारमा सम्बन्धित व्यक्ति एकिन गरी प्रमुख जिल्ला अधिकारी (प्र.जि.अ). को निर्णयले अङ्गिकृत नागरिकता प्रमाणपत्रको प्रतिलिपी दिनुपर्छ ।

(ख) जिल्लामा अभिलेख नभएको खण्डमा गृहमन्त्रालयमा रहेको अभिलेख भिडाउन लेखिपठाइ मन्त्रालयबाट प्राप्त अभिलेख अनुरूपको प्रतिलिपि दिनुपर्छ ।

(ग) अङ्गिकृत नागरिकता प्रमाणपत्रको प्रतिलिपी दिएपछि त्यसको मास्केबारी गृहमन्त्रालय र सम्बन्धित क्षेत्रीय प्रशासन कार्यालयमा पठाउनु पर्छ ।

# परिच्छेद - तीन

## नागरिकता सम्बन्धी नीतिका सम्बन्धमा राजनीतिक दलहरूको दृष्टिकोण

'नेपालको अन्तरीम संविधान, २०६३' र यसमा भएका नागरिकता सम्बन्धी प्रावधान र 'नेपाल नागरिकता ऐन, २०६३' जारी हुनु यो एक संयोग मात्र होइन । यसका निम्ती यसको आफ्नै ऐतिहासिक पृष्ठभूमि रहेको पाइन्छ । जसलाई यसरी संक्षिप्त रूपमा सिंहावलोकन गरिएको छ । नेपालमा विदेशीहरूको प्रवेश र प्रभावको कुरा गर्दा प्राचीन कालदेखि नै विभिन्न वंशावलीलगायत ऐतिहासिक दस्तावेजहरूमा विदेशीहरूको आगमन भएको पाउन सकिन्छ । मञ्जुश्री नेपाल आइ काठमाडौंको जलासयलाई काटी उपत्यकामा बस्न योग्य बनाएको किम्बदन्ती पाइन्छ । त्यस्तै लिच्छवीकालमा चिनिया यात्रीहरूको आगमन र लिच्छवी राजा अंशुवर्माले आफ्नी छोरी भृकुटीको विवाह भोटका राजा स्रङचङ गम्पोसँग गरिएको साथै नेपाली कलाकार अरनिको चीनमा गइ आफ्नो कुशलता देखाएर चीनमा सम्मानित भएको इतिहास भेटिन्छ । त्यस्तै गरी ई.सं. १२२४ मा सिम्रौनगढ क्षेत्रमा दिल्लीका तुगलकवंशी सुल्तान गयासुद्दीनको आक्रमणबाट बच्न त्यहाँका राजा भागी नेपाल उपत्यकातिर पस्न बाध्य भए र सन् १३२६ मा नेपाल उपत्यकामा पसि पहिले भादगाउँमा राज्य कायम गरेको र त्यसपछि सूर्यवंशी शासन उपत्यका फैलिएको (शर्मा,-२०३७ : १२३) ।

मल्लकालमा राजा प्रताप मल्लको पालामा ग्रोवर र डोरविल नामका दुई इसाई पादरी चीनबाट ल्हासाको बाटो हुँदै नेपाल प्रवेश गर्दा यिनीहरूको स्वागत गरिएको र पादरी ग्रोबरले प्रताप मल्ललाई दुरवीन दिए । यस खुशीमा प्रताप मल्लले ग्रोवरलाई काठमाडौंमा बसी इसाई धर्मको प्रचार गर्ने अनुमति दिने विचार प्रकट गरे तापनि पादरीहरू नेपालमा अडेनन् (शर्मा, २०३७: १६८) ।

शाहकालीन नेपालमा विदेशीहरू सम्बन्धी नीतिको सन्दर्भलाई निहाल्दा त्यस समयका शासकहरूमा राजनीतिक हानथाप र खिचातानीमा तत्कालिन व्यवस्था रूमलिएको पाइन्छ । तथापि आधुनिक नेपालका संस्थापक श्री ५ पृथ्वीनारायण शाहको तत्कालिन विदेश नीति हेर्दा देहाय बमोजिम रहेको देखिन्छ । भारतमा अंग्रेजहरूको शक्ति बढ्ने कारणहरू प्रति अनभिज्ञ नरहेकोले उनले इसाई धर्म प्रचारकहरूलाई

निष्कासनसमेत गरे । सकेसम्म युरोपियनहरू देखि टाढै बस्ने नीति अवलम्वन गरेको (शर्मा, २०३७: २३३) पाइन्छ ।

२००७ सालभन्दा अगाडि मुलूकमा राणाशासन कायम रहेको र त्यस समयमा नागरिकता सम्बन्धी कुनै ऐन कानून थिएन । 'नेपाल सरकारको वैधानिक कानून, २००४' तथा 'अन्तरिम शासन विधान, २००७' मा पनि नागरिकता सम्बन्धी कुनै व्यवस्था गरिएको पाइँदैन । राहदानी लिएर मात्र कुनै विदेशीले मात्र होइन, स्वदेशीले पनि काठमाण्डौ उपत्यकामा प्रवेश गर्न पाउने तथा पूर्व स्वीकृति लिएरमात्र यस उपत्यकाभित्र स्थायी-अस्थायी बसोबास र स्थायी-अस्थायी व्यवसाय गर्ने नियम कानून त थियो तर मुलूकका अन्य भू-भागमा बस्न, व्यवसाय गर्न कुनै प्रतिबन्ध थिएन । परिणाम स्वरूप विहार, उत्तर प्रदेश, पश्चिम वंगाल आदि भारतीय प्रदेशहरूबाट खुला सिमानाको उपयोग गरी लाखौंलाख मानिसहरू नेपालको तराई क्षेत्रमा आएर त्यहाँका स्थानीय बासिन्दाहरूसँग मिली तराईका जंगल फडानी गरी औलो लाग्ने ठाउँलाई कृषिजन्य र आवासीय भूमिमा परिणत गरी त्यहीं स्थायी रूपमा बसोबास गरे । तराईका जंगली र पहाडी भूमिलाई कृषिजन्य भूमिमा परिणत गर्ने मुख्य उद्देश्यले तत्कालीन राजा तथा राणाशासकहरूबाट समय-समयमा प्रदान गर्ने गरिएको बिर्ता, जमिनदारी आदि सिमापारीका मानिसहरूलाई पनि दिने गरिएको हुँदा सिमावती भारतीय प्रदेशका मानिसहरूको तराईमा स्थायी बसोबास गर्ने परम्परा झन् प्रोत्साहित भयो । प्रजातन्त्रको स्थापनापछि विभिन्न क्षेत्रहरूमा काम गर्न पढेलेखेका भारतीय नागरिकहरूलाई बोलाइयो वा आफैं आएकाहरूलाई पनि काम दिइ पूरा संरक्षण साथ राखियो । उनीहरू पनि सजिलैसँग नागरिकता लिइ नेपालका विभिन्न शहरहरूमा स्थायी बसोबास गरी सदाका लागि नेपालका नागरिकसरह यही बसोवास गर्दै आएका छन् (चौधरी, २०५९: १४) ।

२००७ सालको परिवर्तनपछि २००९ सालमा नागरिकता ऐन ल्याएर नागरिकताको सम्बन्धमा पहिलो कानूनी व्यवस्था गरियो । २०१९ सालमा 'नेपालको संविधान, २०१९' जारी भएपछि यस संविधानले एक कदम अगाडि बढेर नागरिकताको प्राप्ति र समाप्तिलाई संवैधानिक रूपमा व्यवस्थित गर्‍यो । यसरी राज्यले नागरिकको नागरिकता प्राप्त गर्ने संवैधानिक हकलाई व्यवस्थित गरिएको भए तापनि र नेपालमा लामो समयदेखि नागरिकताको समस्या रहिआएको विषय एक सत्यको रूपमा स्थापित छ । त्यसैगरी यो समस्यालाई समयसापेक्ष रूपमा समाधानका लागि सरकारले आफ्नो

औकात, साधन स्रोत र आवश्यकतानुसार सम्बोधन गर्न खोजेको पनि त्यत्तिकै सत्य रूपमा स्थापित सत्य हो । यस क्रममा देशको भौगोलिक कठिनाइ, जनताको विपन्न आर्थिक स्थिति र चेतनाको अभावका सन्दर्भमा नागरिकता सम्बन्धी सेवालाई जनताको घरदैलोसम्म पुऱ्याउने सम्मका प्रयासहरू भएको देखिन्छ, जसअनुसार सरकारले २०३२ सालदेखि नै गाउँगाउँमा नागरिकता टोली खटाउन थालेको देखा पर्दछ । २०३२-२०३८ को ६ वर्षमा विभिन्न चरणमा गरेर पंचायती सरकारले देशभर बालिगहरूलाई अस्थायी निस्सा दिने, नाबालकहरूको लागत लिने र अङ्गिकृत नागरिकता चाहने विदेशीहरूको निवेदन सङ्कलन गर्न टोली खटायो । फलस्वरूप टोलीले ६९,१९,७६२ जना जन्मसिद्ध र वंशजका आधारमा नागरिकता पाउन योग्य नेपाली नागरिकहरूको नाम दर्ता गरी लगत तयार गर्ने, उमेर पुगेका ५०,९८,१०१ नाबालकहरूको नाम दर्ता गर्ने र अङ्गिकृत नागरिकता चाहने ३२ हजार निवेदन सङ्कलन गरेको देखा पर्दछ । यस कार्य सम्पन्न गर्दा टोलीले २००७ सालअघिको मालपोत तिरेको रसिद वा घरजग्गा वा जायजेथासम्बन्धी कागजात, सरकारी सेवामा रही कामकाज गरेको प्रमाण वा सरकारी सेवामा रही कामकाज गरेको प्रमाणित हुने अन्य कुनै ठोस सबुत उपर्युक्त बाहेक सो व्यक्ति नेपाली नागरिक हो भन्ने प्रमाणित गर्ने अन्य प्रमाण पुग्नसक्ने कागजात भए सो कागजात, २०१५ सालको निर्वाचनको मतदाता नामावली, तथ्याङ्क विभागबाट लिएको जनगणनाको विवरण र माथिका कुनै पनि सबुत पेश गर्न नसकेमा वा माथि उल्लेख भएका कुनै पनि विवरणबाट नागरिकता प्रमाणित हुन नसकेका व्यक्तिहरूको हकमा स्थानीय पञ्च र गन्यमान्य व्यक्तिहरूसँग बुझि सर्जमिन मुचुल्कासमेत गरी पत्ता लागेको तथ्य पूर्ण कुरालाई आधार बनाउ पुग्यो (के.सी.,२०६४: ८२) ।

यसरी वितरित नागरिकताको अस्थायी निस्सा (प्रमाण) प्राप्त गर्ने व्यक्तिहरूले वर्षदिन भित्रमा स्थायी नागरिकता लिइसक्नुपर्नेमा बारम्बार म्याद बढाउँदासमेत सो हुन नसक्दा त्यस्ता व्यक्तिहरूलाई नागरिकता उपलब्ध गराउन २०४३ मंसीर १ देखि फाल्गुण मसान्तसम्म मुलूकभर १०४ टोली खटाइ नागरिकता प्रमाणपत्र वितरण गर्ने कार्य सम्पन्न गर्दा ५४३००० ले नागरिकता प्रमाणपत्र पाए । २०४४/०४५ सालमा सरकारसँग कुल २८,२३,५२४ व्यक्तिले नागरिकता लिन बाँकी रहेको तथ्याङ्क थियो । यसैलाई मध्यनजर गरी सरकारले २०४४ पौषदेखि २०४५ जेष्ठ मसान्तसम्म ६८ जिल्लामा र २०४५ वैशाखदेखि आश्विनसम्म हिमाली भेगका ७ जिल्लाहरूमा गरी

जम्मा ४७० नागरिकता टोली खटायो । पछि यसमा थप १४० टोली पनि खटाइयो । यस टोलीलाई २०३२ देखि नै छुट भएका र उमेर पुग्दै गरेका सबै बालिगलाई समेत नागरिकता दिने अधिकार दिइएको थियो । यसरी खटिएको नागरिकता वितरण टोलीले कूल ३०१२१८७ अस्थायी निस्सा पाएकालाई नागरिकता बाँड्यो भने नाम छुट भएका १४३९०२० बालिगहरूको आवेदन सङ्कलन गर्‍यो । २०४६ साल असारमसान्तसम्म २३ हजार ८३ व्यक्तिहरूले अङ्किकृत नागरिकता प्राप्त गरेको र यी सम्पूर्ण तथ्याङ्कको जोड गर्दा ८०४१४४२ व्यक्तिले नेपाली नागरिकताको प्रमाणपत्र पाइसकेको देखापर्छ तापनि झण्डै २१,४२००० बालिगले नागरिकता पाउन बाँकी देखिँदा २०४६ मार्ग १ गतेदेखि पुनः पाँच महिनाको लागि १०३ टोलीहरू विभिन्न जिल्लाहरूमा पठाउने काम गरियो (के.सी., २०६४: ८३) ।

२०४६ सालको जनआन्दोलन पश्चात् कृष्णप्रसाद भट्टराईको नेतृत्वमा बनेको अन्तरिम सरकारले 'जनमत संग्रहको मतदाता नामावलीमा नाम भएकालाई नागरिकता दिने' निर्णय गर्न पुग्यो, जबकी उक्त नामावलीमा लाखौं गैर नेपालीहरूको नाम समावेश भएको आशंका थियो । २०३७ सालमा भारतीय दूतावासको समेत सक्रियतामा नेपालमा बस्ने भारतीयहरू र सीमा नजिकका भारतीयहरूलाई मुख्य निर्दल र केही बहुदलको पक्षमा भोट हाल्ने गरी नामावली सूचीमा समोवश गराइएको थियो (भण्डारी, २०६४ ४५) । सरकारको उक्त निर्णयलाई अदालतले बदर गर्‍यो । २०४९ सालमा जननिर्वाचित सरकारका प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले नागरिकता नियमावली २०४९ जारी गरी (क) जनमतसंग्रहमा नामावली भएका (ख) २०३२ सालको टोलीमा नाम दर्ता भएका (ग) सरकारी स्वामित्वको संस्थामा सेवा गरेको वा अवकाश पाएका मापदण्ड मध्येकालाई नागरिकता दिने निर्णय गर्‍यो । यसलाई पनि अदालतले बदर गर्‍यो । त्यस्तै गरी २०५१ सालमा एमालेको अल्पमतको सरकारले जो दुई वर्षदेखि नेपालमा बसोवास गरेको छः त्यसलाई नागरिकता दिनु भन्ने निर्णय गरेको थियो त्यसलाई समेत अदालतबाट बदर गरिएको थियो (भण्डारी, २०६४: ३७) ।

बहुदलीय व्यवस्थाको पुनः स्थापना (२०४७) पश्चात् सरकारको मिति २०५१ फाल्गुन २३ को निर्णयानुसार तत्कालीन सांसद धनपति उपाध्यायको अध्यक्षतामा ९ सदस्यीय 'उच्चस्तरीय नागरिकता आयोग, २०५१' गठन गरियो । यसको प्रमुख कार्यक्षेत्र नै त्यो बेलासम्म विद्यमान नागरिकता समस्याको प्रकृतिको विश्लेषण र

निराकरणको उपाय एवं सरकारले अपनाउनुपर्ने भावी नीति एवं कदमका सम्बन्धमा सुझाव दिन तोकिएको थियो । २०५१ चैत्र १९ बाट यस आयोगले कार्यारम्भ गरी ४५ दिनमा आफ्नो कार्य सम्पन्न गरी प्रतिवेदन बुझियो । यो आयोग नेकपा (एमाले) को अल्पमतको सरकारका पालामा बनेको थियो । त्यसैले प्रतिपक्ष र सरोकारवाला पक्षले सुरूदेखि नै यसमा असहयोग र असहमति जनायो । नेपाली कांग्रेसका प्रतिनिधि राधेश्याम अधिकारी कांग्रेसको मिति २०५१ चैत्र १९ को पत्रले आयोगको सदस्यबाट फिर्ता भए भने अर्का सदस्य सद्भावना पार्टीका राजेन्द्र महतोले प्रतिवेदनप्रति 'नोट अफ डिसेन्ट' लेखे । उक्त व्यवधानको अतिरिक्त धनपति आयोगले देशको त्यो बेलासम्मको नागरिकता समस्यालाई पर्गेल्नमा ठूलो सफलता प्राप्त गऱ्यो । कहाँ कुन जिल्लामा के कति नागरिकता गएको रहेछ र वास्तवमा कति नेपालीले नागरिकता पाउन बाँकी रहेछ, सोको किटान गर्नु वास्तवमा सानो कुरा थिएन । फलतः त्यसैले यो देशमा नागरिकता दिइँदैन, पक्षपात गरिन्छ, र त्यसमा पनि अमुक क्षेत्रका मानिसले नागरिकता पाउँदैनन् दिंदैनन् भनेर डङ्का पिटी हिंड्नेको मुख बुजो लगाइ दिएबाट सद्भावनाले असहमति दर्ज गरायो (के.सी. २०६४: ८३) । २०५२ मंसीर २५ मा तत्कालिन सरकारले सांसद महन्थ ठाकुरको अध्यक्षतामा अर्को नागरिकता आयोग सुझाव कार्यान्वयन समिति पनि गठन गऱ्यो । यसले मिति २०५२ पौष १८ मा आफ्नो कार्यारम्भ गरी फल्गुन १५ मा आफ्नो प्रतिवेदन प्रस्तुत गऱ्यो ।

उक्त व्यवधानका बीच आयोगले २०५१/०५२ सम्ममा करिब १ करोड १३ लाख बालिग मध्ये २०५१ फाल्गुन मसान्तसम्ममा ८७ लाख ८४ हजार ७९९ जनाले नागरिकता लिइसकेको उल्लेख गऱ्यो । यो संख्या कूल जनसंख्याको ३९% हो भन्ने आयोगको ठहर थियो । यसका आधारमा ३४ लाख नागरिकले मात्र नागरिकता प्रमाणपत्र पाउन बाँकी देखिन्छ जुन कूल बालिग जनसंख्याको ३१% हुन आउँदछ । दुर्गम क्षेत्र, अशिक्षा, आवश्यकता र औचित्य सबै पक्षमा विचार गर्दा यसलाई कुनै ठूलो संख्या मानिएन किनभने यस देशमा नोकरी वा अन्य कारण नागरिकता नलिइ नहुने भएमात्र प्रमाणपत्र झिक्ने प्रचलन रहेको छ । झण्डै ५०% नागरिक निरक्षर रहेको र ठूलो प्रतिशत जनता दुर्गम क्षेत्रमा बसोबास गर्ने भएबाट पनि उक्त प्रमाणपत्रको प्रयोजन ज्यादै न्यून रहने गर्दछ (के.सी., २०६४: ८३-८४) ।

२०५८ सालको जनगणना अनुसार हाल नेपालको जनसंख्या २,३१,५१,४२३ रहेको छ । सरकारको २०६२ चैत्र मसान्तसम्मको लगतअनुसार १,३३,४३,२२० वालिगहरूले नागरिकता प्रमाणपत्र पाइसकेको अवस्था छ । ती मध्ये वंशज १,३१,१३,९४०, जन्मसिद्धको आधारमा ६३,९३२, वैवाहिक अङ्गिकृत आधारमा १,६१,९७४ र अङ्गिकृत नागरिकता पाउनेहरूको संख्या १३,३७४ रहेको छ । कूल जनसंख्या मध्ये १६ वर्षमुनिका नाबालकहरूको संख्या ४०% कटाउँदा नेपालमा नागरिकता पाउन बाँकी वास्तविक नेपाली नागरिकहरूको संख्या त्यति धेरै हुने देखिदैन । यस मध्ये पनि तराईमा नागरिकता लिन बाँकी कति होलान् । नेपालको नागरिकता समस्याको जुन प्रचार छ, त्यो पूर्णरूपमा कृत्रिम र नेपालको जातिय सद्भाव, भू-अखण्डता एवं सार्वभौमिकता खल्बल्याई मुलूकमा अस्थिरता पैदा गर्ने बाहेक अर्को प्रयत्न होइन (के.सी., २०६४: ८४) ।

'नागरिकता ऐन, २०२०' लाई संशोधन गर्नाका लागि सरकारले संसदको १६ औं अधिवेशन २०५६ असोजमा नागरिकता सम्बन्धी (छैठौं) संशोधन विधायक संसदमा पेश भयो । उक्त विधेयकलाई दफाबार छलफल गर्न प्रतिनिधिसभाको २०५६ असोज ८ गतेको बैठकले राज्य व्यवस्था समितिमा पठाएको थियो । राज्य व्यवस्था समितिले पटक-पटक बैठक बसेर नागरिकता सम्बन्धी २०४७ सालको संविधानले समेत अङ्गिकार गरिसकेको २०१९ सालको संवैधानिक एवं २०२० सालको कानूनी व्यवस्थालाई एकमतले आधारभूत रूपमै परिवर्तन गर्ने टुंगोमा पुगेर १६ चैत्र २०५६ मा प्रतिनिधिसभामा प्रस्तुत गऱ्यो (भण्डारी, २०६४: ५२) । उल्लेखित नागरिकता (छैठौं) संशोधन विधेयक २०५६ मा व्यवस्था गरिएको नेपाली नागरिक नै नभएको विदेशी बाबुको छोराले नागरिकताको प्रमाणपत्र पाउने छ । वंशजको प्रमाण खुल्ने एकमात्र स्रोत बाबु-बाजे वा काकाको प्रमाण संलग्न गर्नुपर्ने कानूनी प्रावधानलाई आघात गरी ल्याइएको यो व्यवस्था लागू हुन यसमा वंशजले मात्र नागरिकता पाउने व्यवस्थाको सट्टा 'वंशजको' 'जन्मको' र 'बसोबासको' आधारमा नागरिकता पाउने नयाँ व्यवस्थालाई प्रस्तावित गरिएको थियो । 'वैवाहिक' सम्बन्धको आधारमा विदेशी महिलाले सम्बन्धित राष्ट्रको नागरिकता नत्यागे पनि नागरिकता लिन सक्नेछ । 'नागरिकता ऐन, २०२०' को दफा ९(२) खारेज गरी विदेशीले 'दोहोरो' नागरिकता लिन पाउने प्रष्ट व्यवस्था थप गरेको छ । यसरी विदेशी प्रति उदार र खुकुलो 'अङ्गिकृत' नागरिकता दिने व्यवस्थालाई यथावत राखी प्रमाण खोज्ने र आनाकानी गर्ने अधिकारीका विरूद्ध पुनरावेदन अदालतमा

मुद्दा लाग्ने र त्यस्ता अधिकारीले विभागीय कारवाहीसमेत भोग्नुपर्ने गरी ल्याइएको २०५६ को नागरिकता विधेयकलाई प्रचलित संविधान विपरित भएको भनी सर्वोच्च अदालतबाट खारेज गरिएको थियो (भण्डारी, २०६४ : ५०) ।

२०६२/०६३ मा राजाको प्रत्यक्ष निरंकुश शासनका विरूद्धमा सात राजनैतिक दल र माओवादीको संयुक्त १९ दिनको जनआन्दोलनका माध्यमबाट निरंकुश शासनको समाप्ति भइ २०६३ वैशाख ११ मा विघटीत प्रतिनिधिसभाको स्थापना भयो । यसरी स्थापित प्रतिनिधिसभाले २०६३ जेष्ठ ४ गते प्रतिनिधिसभाको घोषणापत्र जारी गऱ्यो, जसमा नागरिकता सम्बन्धी समस्या हल गरिनेछ भन्ने उल्लेख गरिएको छ । जनआन्दोलनपछि संविधान सभाको निर्वाचन अगावै नागरिकता सम्बन्धी समस्या हल गरिनुपर्ने आवाज नेकपा (माओवादी) को मधेशी मुक्ति मोर्चादेखि सद्भावना पार्टीसम्म र कतिपय व्यक्ति व्यक्तित्वबाट यो समस्या तत्काले सम्बोधन गरिनुपर्छ भन्ने आवाज उठेको पाइन्छ । समस्या भइसकेपछि उठ्नु स्वभाविक छ र उठ्नुपर्छ तर समस्या के हो भन्ने किटान हुनु जरूरी छ ।

२०६३ वैशाखमा राजाको निरंकुशतालाई पराजित गरी स्थापित प्रतिनिधिसभा, नेपाल सरकार र आम राजनीतिक पार्टीहरू बीचमा नागरिकता समस्या तत्काल समाधान गरेर मात्र संविधान सभाको निर्वाचनमा जाने सहमति भयो तापनि समाधानको विषयमा ती राजनीतिक पार्टीहरू बीच आ-आफ्नै धारणाहरू रहेको देखिन्छ । नेपाली कांग्रेसले २३ कार्तिक २०४७ अघि नेपालमा जन्मिएको वा नेपालमा बसोवास गरेको व्यक्तिलाई नागरिकता प्रदान गर्ने प्रस्ताव गरेको थियो । बसोवास गरेको भन्नाले व्यक्तिसँग रहेको तत्सम्बन्धी कुनै प्रमाण वा स्थानीय तहमा भएको सरजमिनलाई जनाउँछ भनिएको थियो । यसो हुँदा विद्यमान नागरिकता समस्या समाधान हुने तर्क कांग्रेसको थियो । त्यसै गरी नेपाली कांग्रेस प्रजातान्त्रिकले अन्तरीम संविधान मस्यौदा समितिलाई कागजी प्रमाणको अभावमा नागरिकताबाट वञ्चितहरूलाई बसोवासको आधार मानी नागरिकता उपलव्ध गराउनुपर्ने, सुझाव दिएको थियो । एमालेले भने २०३७ सालको जनमत संग्रहको मतदाता नामावलीलाई आधार मानी सरल र सहज प्रक्रियाबाट एकपटक नागरिकता प्रदान गरी समस्याको टुङ्गो लगाउने भनेको थियो भने, माओवादीले चाही लामो समयदेखि नेपालमा बसोवास गर्दै आएका तर नागरिकताबाट वञ्चित विशेषतः मधेशका सबै जनतालाई

संविधानसभाको निर्वाचन अगावै उच्चस्तरीय नागरिकता आयोग गठन गरी स्थानीय रूपमा सर्वदलीय समितिको सिफारिसमा तत्कालै नागरिकता वितरण गर्नुपर्ने धारणा राखेको थियो । नेपाल सद्भावना पार्टीको 'प्रतिनिधि सभा सार्वभौम भएको दिन ४ जेठ २०६३ अघिसम्म नेपालमा स्थायी बसोवास गरेका सबैलाई नेपाली नागरिकता दिनुपर्छ भन्ने मात्र रह्यो भने राष्ट्रिय प्रजातन्त्र पार्टीको प्रस्ताव चाहिं धेरै फराकिलो रह्यो । यसले 'संविधान सभाको चुनाव हुनु अघि नै नागरिकताविहिन नेपालीले नागरिकता पाउने व्यवस्था अन्तरिम संविधानमा हुनुपर्छ' भन्ने धारणा अगाडि सार्न पुग्यो (हिमाल; २०६३, भाद्र १-१५) ।

नेपालमा २०४७ सालमा प्रजातन्त्रको पुनः स्थापना भइ बहुलवादी राजनीतिको थालनी भए पश्चात् विगतका कानूनी व्यवस्थाका कारण व्यक्तिगत रूपमा आफ्नो अधिकारको माग र दावी गर्न असमर्थ भएका नागरिकहरूलाई अगाडि सार्दै चर्को नारा दिँदै नागरिकताको विषयलाई मुख्य मुद्दा बनाई क्षेत्रीय पार्टीहरूको स्थापना समेत भएको पाइन्छ । नागरिकता सम्बन्धी समस्याको जग वि.सं. १९६८ नै रहेको छ भन्न सकिन्छ । जमिनदारी प्रथाको जगजगी रहेको त्यस समयमा राज्यले तराईमा जमिन नापीका लागि टोली खटाएको थियो । मुसहर, कहार, विन, मन्गाई, धुनियाँ, तत्मा, हलखोर, डोम, चमार, दुसाद, भर, माहुत्, किसान, थारू आदि जाति अहिले त सुकुम्बासी छन् भने त्यस समयमा उनीहरूसँग जमिन नहुनु अस्वाभाविक होइन । बसोबास अर्थात् गाउँ रहेको इलाका (डिहीवास) छुट्टाएर नापी गरिने प्रचलनले त्यस बेला जमिन नभएका जातीको नाममा लालपूर्जा बनेन । लालपूर्जा बने नागरिकता बन्ने र नागरिक बने अनेक अधिकार माग्ने बुझेर जमिनदारले पनि तिनीहरूको नाममा लालपूर्जा बनोस् भन्ने चाहना नराखेको पाइन्छ । त्यसबाट अहिले आएर त्यहाँका रैथाने आदिवासीको पहिचान नै मूल समस्याको रूपमा देखा परेको छ । यसरी देखिएको समस्यालाई कसरी समाधान गर्ने भन्नुभन्दा पनि नेपालमा आप्रवासी के कसरी रहेको छ, त्यसलाई नियाल्नुपर्छ यसका समस्या र समाधानका उपायहरूलाई औंल्याउनु उपर्युक्त हुन्छ । जसअनुसार नेपालमा हाल तिब्बति, पाकिस्तानी, श्रीलंकाली, इराकी, इरानी, अफगानी, बंगलादेशी, नाइजेरियन, बर्मिज, भुटानी लगायत, भारतका नागरिकहरूको आप्रावसन रहेको पाइन्छ । भारतसँगको खुल्ला सिमाना, भारतमा रहेको जनसंख्याको विष्फोटक अवस्था, तल्लो तहको रोजगारीको लागि नेपालमा तुलनात्मक

रूपमा सहज अवस्था, सिमा क्षेत्रमा रहेका जनताको भारतीयसँगको साइनो सम्बन्ध र नेपालको पलायन श्रमशक्तिले सिर्जना गरेको श्रम बजारमा रिक्तता जस्ता कारणले विभिन्न समयमा भारतीयहरूको नेपालमा प्रवेश ठूलो संख्यामा भएको छ । त्यस माथि सन् १९५० को नेपाल-भारत शान्ति तथा मैत्रीसन्धी र सन् १९९० को नेपाल सरकारको विज्ञप्तिले भारतीय आप्रवासीलाई "राष्ट्रिय व्यवहार गर्ने" कबोल गरे पश्चात् नेपाल प्रवेश गर्ने भारतीयहरूको संख्या दशौं लाख पुगेको विभिन्न तथ्याङ्कले देखाएका छन् । 'नेपाल एशिया अध्ययन केन्द्र' को अध्ययनअनुसार सन् १९९१-२००० को अवधिमा २० लाख भारतीय आप्रवासी नेपाल प्रवेश गरेको देखिन्छ । परिवार नियोजन संघका अनुसार पनि वि.सं. २०५७ मा नेपालको जन्मदरभन्दा ५ गुणा बढी तराईको जनसंख्या बढेको छ, जसअनुसार प्रति १२.५ सेकेण्डमा खुला सिमाबाट एकजना नेपाल पस्ने तथ्याङ्क छ । सन् १९८१-९१ नेपालमा भएका आप्रवासीमा ७५.७% भारतीयहरू थिए, जबकी भूटानी शरणार्थी पनि यहि बेला नेपाल प्रवेश गरेका थिए (भण्डारी, २०६४: २५) ।

नेपालमा २००९ मा साल नागरिकता सम्बन्धी कानूनको तर्जुमा गरी लागू भए पश्चात् २०१९ सालमा जारी भएको 'नेपालको संविधान, २०१९' ले मात्र नागरिकता सम्बन्धी व्यवस्थालाई संवैधानिक रूपमा स्थापित गरेको पाइन्छ । यसै संविधान अनुकूलको व्यवस्थालाई व्यवस्थित गर्नाका लागि 'नागरिकता ऐन, २०२०' जारी भयो र तत्पश्चात् संविधानको संशोधनसँगसँगै ऐनमा पनि समय सापेक्ष रूपमा संशोधन र परिमार्जन हुँदै आएको पाइन्छ । २०४६ सालको प्रजातन्त्रको पुनः स्थापना पश्चात् २०४७ सालमा 'नेपाल अधिराज्यको संविधान, २०४७' जारी भई सो संविधानले व्यवस्थित गरेको नागरिकता सम्बन्धी संशोधन र परिमार्जन गरी संविधानको भावना र मर्म अनुकूलको कानूनी व्यवस्था गरिएको पाइन्छ । यसरी समयसापेक्ष रूपमा संवैधानिक र कानूनी प्रक्रियाहरूलाई परिमार्जन र संशोधन गरी जनताको घरदैलोमा नै नागरिकलाई नागरिकताको प्रमाणपत्र उपलब्ध गराउनका लागि सरकारले समय-समयमा नागरिकता वितरण टोली खटाउने गरेको र सिमा र इलाकास्तरमा समेत इलाका प्रशासन कार्यालयको स्थापना गरी जनतालाई नागरिकताको प्रमाणपत्र उपलब्ध गराउने संस्थागत व्यवस्था गरिएको पाइन्छ । तथापी यसरी संवैधानिक, कानूनी र संस्थागत व्यवस्था गरी जनताको सेवाको प्रवन्ध गरिएको भए तापनि २०४७ सालको

परिवर्तन पश्चात् तराईमा जनता नागरिकताबाट वञ्चित भएको र तराईवासी नागरिकलाई दोस्रो दर्जाको नागरिकको व्यवहार राज्यले गरेको भन्ने गुनासो पत्रपत्रिका र राजनैतिक दलका मञ्चहरूमा भन्ने गरिएको पाइन्छ । यसै विषयलाई आधार बनाइ तराईबासी जनतालाई गोलवद्ध गर्नाका लागि २०४७ सालमा नै गजेन्द्रनारायण सिंहको नेतृत्वमा सद्भावना पार्टी नामक क्षेत्रीय राजनीतिक दलको गठन गरिएको पाइन्छ । तत्पश्चात् संचालन भएका आवधिक निर्वाचनहरूमा राजनीतिक दलहरूले नागरिकता सम्बन्धी विषयलाई चुनावी नाराको रूपमा उठाउने गरेको भए तापनि यसले सार्थकता प्राप्त नगरी कुराको चुरो भने जस्तो यो एक सस्तो लोकप्रियताको रूपमा मात्र रह्यो । यसले समस्याको चर्चा मात्र भयो समस्या-समाधान विभिन्न आयोग र कार्यदलहरूको गठन र प्रतिवेदनहरूले गर्न सकेन किनकी कुनै पनि राजनीतिका पार्टीहरूले आफ्नो भोट बैंकको रूपमा रहेको मतदाताहरूको भावनामा चोट पुग्ला भन्ने र आफ्नो साख गुम्ला भन्ने बारे डराउँदथे । अझ २०६२-०६३ सालको जनआन्दोलन सफल भएपछि नागरिकहरू एक नयाँ परिस्थिति र परिवेशमा प्रवेश गरे । जसअनुसार जनताले छानेका प्रतिनिधीहरूले बनाएको सभाद्वारा संविधानको निर्माण गर्ने बाटोमा मुलूक अगाडि बढ्न लागेको अवस्थामा ठूलो संख्यामा नागरिकहरू नागरिकताबाट वञ्चित रहेको भन्ने आवाज मधेशबाट निर्वाचित व्यवस्थापिका सभाका सदस्य तथा क्षेत्रीय पार्टीको रूपमा स्थापित सद्भावना पार्टीको आवाज आयो । यस भावनालाई सम्बोधन गर्नाका लागि लोकतान्त्रिक व्यवस्थाका आधारमा स्थापित सरकारले त्यसलाई सम्बोधन गर्नाका लागि २०६३ मंसिर १० मा 'नागरिकता ऐन, २०६३' जारी गरी तत्कालीन आवाजलाई संबोधन गर्ने प्रयास गरिएको पाइन्छ । तथापी यो नयाँ नागरिकता ऐन जारी गरी नागरिकता वितरण प्रक्रिया शुरू गर्नु पूर्व वास्तविक समस्या के हो ? पहिचान गर्नु आवश्यक थियो । तर देशका जिम्मेवार राजनीतिक पार्टीका नेताहरूले नागरिकताको विषयलाई अत्यन्तै हल्का ढंगबाट लिन पुगे । नागरिकता प्रदान गर्ने कुरा बहुआयमिक पक्षसंग सम्बन्धित हुने कुरा हो । त्यसलाई वास्ता नगरि विशेष गरेर तराईमा बसेका सबै आप्रवासीहरूलाई नाागरिक बनाउने उद्देश्यले अत्यन्त खुकुलो खालको नागरिकता सम्बन्धी कानून बनाइयो । यसैलाई आधार बनाएर छिमेकी राष्ट्र भारतका कयौं मानिसहरूलाई नागरिकता वितरण गरियो । भारत परस्त नेपाली नेताहरूबाट ग्राण्ड डिजाइन अनुसारनै नेपाली नागरिकता सम्बन्धी कानून ल्याए ।

आज यसैबाट समस्या उत्पन्न गराएर सुर्पुदगी सन्धी गर्न नेपालले दबाव झेल्दै आएको छ । यदि सुर्पुदगी सन्धीमा नेपालले हस्ताक्षर गरेमा अन्ततः भारतीय पुलिस हत्यारा, आतंककारी खोज्ने बहानामा नेपालको कुनै पनि भागमा प्रवेश गरी नेपालको सार्वभौमिकतामा सिधै हस्तक्षेप गर्न सक्नेछ । तसर्थ नागरिकता सम्बन्धी विषयलाई गम्भीर र बहुआयमिक रूपमा नलिएमा देशको सार्वभौमिकता, राष्ट्रियता खतरामा पर्ने कुरामा कुनै शंका छैन । नेपाल र नेपाली जनतालाई दुरगामी असर नपर्ने गरी नागरिकता नपाएका व्यक्तिहरूको समस्या पत्ता लगाएर छानविन गरी व्यवहारीक रूपबाट समाधान गर्नु पर्दछ । तत्कालीन संवैधानिक र कानूनी व्यवस्थामा देखिएका समस्याहरू निम्न बमोजिम थिए भन्न सकिन्छ ।

नेपालमा नागरिकता सम्बन्धमा विकसित भएका विवादका प्रमुख कारकहरू

१. अङ्गिकृत नागरिकता

अङ्गिकृत नागरिकता लिएका ब्यक्तिका नागरिकता लिनु अघि जन्मिएका छोराछोरी, उसका आमाबाबु र एकाघरका दाजुभाइ कुनै ब्यक्ति अङ्गिकृत नागरिकता पाएपछि जन्मेका सन्तानले मात्र बंशजको नाताले नागरिकता पाउने भएकोले सो अगावै जन्मेका सन्तान र उसका साथमा रहेका बाबुआमा, दाजुभाइले नागरिकता पाएका थिएनन् । यस्ता किसिमका ब्यक्तिको संख्या तराईमा ठूलै रहेको थियो ।

२. जन्मसिद्ध नागरिकता

'नेपाल अधिराज्यको संविधान, २०४७' ले जन्मको आधारमा नागरिकता दिने प्रावधान देखिँदैन । तर 'नेपालको संविधान, २०१९' ले १ पौष २०१९ अघि नेपालमा जन्मिएको ब्यक्तिलाई जन्मसिद्ध नागरिकता दिने व्यवस्था गरेको थियो (धारा ७-क) । त्यसैगरी 'कुनै ब्यक्ति जन्म र बंशजको आधारमा कुनै विदेशीमुलूक र नेपालको नागरिक एकैचोटि भएकोमा' उसले २०३७ साल चैत्र महिनाभित्र नेपाली नागरिकता रोजेको अवस्थामा जन्मसिद्ध नागरिकता दिने गरिएको थियो । यसले पनि समस्या सिर्जना गऱ्यो । जस्तो की त्यस्ता ब्यक्तिले जन्मसिद्ध नागरिकताको प्रमाणपत्र लिनुअघि जन्मिएका उसका सन्तान र एकाघरमा बसेका उसका आमाबाबु र दाजुभाइले नागरिकता पाउन सक्ने स्थिति देखिएन ।

३. तराईका प्रमुख आदिवासी

तराईका प्रमुख आदिवासीहरू जो पुस्तौंपुस्तादेखि नेपालमा बसोवास गरेका छन् । यहाँको माटोमा रगत-पसिना बगाएका छन् । तर उनीहरूसँग बसोवास गरेका कागजी प्रमाण छैन । तराईका साँच्चिकै यहाँका भूमिपुत्र रहेका आदिवासी, जनजाति र दलितहरूसँग 'नेपाली हुँ' भनेर देखाउने कुनै ठोस प्रमाण छैन । न्यून आर्थिक अवस्थाका कारण मुख्य त कृषि मजदूरका रूपमा ज्यालादारी गरेर जीवननिर्वाह गर्ने यो वर्गका केही मानिसहरूको नाम मतदाता नामावलीमा समावेश छ, तर तिनले नागरिकता पाउन सकेका छैनन् । तराईको नागरिकता समस्याको ठूलो अंश यिनीहरूले नै ओगटेका छन् । त्यसैले यिनको नागरिकता समस्या समाधान गर्नु भनेको नेपालको नागरिकता समस्याको ठूलो अंश समाप्त हुनु हो ।

४. मतदाता नामावलीमा समाविष्ट नाम

मतदाता नामावलीमा नाम भए वा नभएका, वर्षौवर्षदेखि यहाँ बसेका भारतीय मूलका व्यक्तिहरू तुलनात्मक रूपले आर्थिक रूपमा सक्रिय र मुख्यतः शहर केन्द्रीत छन् । यी मध्ये कतिपयले पैसा वा पहुँच प्रयोग गरेर नागरिकता लिइ बसेको र छानविनको क्रममा केही भेटिएको पनि पाइएको छ । भारतीयहरूले नेपाल प्रवेश गरेको रेकर्ड राख्ने पद्दतिको अभाव र सामाजिक, सांस्कृतिक कारणले गर्दा पनि नेपालमा भारतीय आप्रवासीको संख्या यकिन गर्न सम्भव छैन । नागरिकता वितरणको अभियान सञ्चालनका समयमा यो वर्ग चुप लागेर बस्दैन । राजनीतिक शक्ति र धन लगाएर नागरिकताको प्रमाण पत्र पाउनको लागि हर प्रयत्न गर्दछन् । धेरै दृष्टिकोणले नेपालको नागरिकता भारतीयहरूको लागि करीब करीब अमेरिकाको ग्रीन कार्ड जस्तै रूपमा लिने गर्दछन् । जब कि नेपालका शासनहरू यसलाई कागजको खोस्टो दिनु बराबर ठान्दछन् ।

२०६२/६३ को जनआन्दोलनको सफलतापछि नागरिकताको पक्षमा उठेको आवाज र संचालित वहसले नेपालमा नागरिकता समस्यालाई प्रमुख सबै राजनीतिक दलहरूले आत्मसाथ गर्ने गरेको पाइन्छ तथापि यी कुनै पक्षबाट नागरिकता सम्बन्धी समस्यालाई वर्गिकरण गरी हेर्ने गरेको पाइँदैन । यदि समस्या छ भने कस्तो खालको समस्या हो ? अध्ययन गरी यसलाई के कसरी समाधान गर्न सकिन्छ र पुनः भविष्यमा यस सम्बन्धी झमेला सिर्जना हुँदैन, सो विधिको अवलम्वन गरी नागरिकता वितरण प्रक्रियालाई आत्मसाथ गरिनुपर्ने हो । तथापी यसरी वर्षौदेखि जेलिएर रहेको नागरिकको

नागरिकता सम्बन्धी समस्यालाई विज्ञहरूको सल्लाह नलिइ कुनै पनि छानबिन आयोग वा समिति गठन नगरी संविधान सभाको निर्वाचन अगावै अहिलेसम्म नागरिकताबाट वञ्चित रहेका नागरिकलाई संविधान सभामा सहभागी गराउने र हतारहतारमा नागरिकता सम्बन्धी ऐन नियमावलीलाई खारेज गरी विद्यमान 'नागरिकता ऐन, २०६३' मंसिर १० गते र नियमावली २०६३/८/२९ मा जारी गरिएको थियो । यो ऐन जारी हुँदा 'नेपाल अधिराज्यको संविधान, २०४७' को धारा ८, ९ र १० (हेर्नुहोस्, यस सम्बन्धी व्यवस्था यस स्रोत कार्यको पृष्ठ २७-२९ सम्म) लाई प्रतिनिधीसभाको बहुमतका आधारमा खारेज गरी वर्तमान नागरिकता ऐन आएको छ । ऐन प्रस्तावनामा उल्लेख भएअनुसार 'ऐतिहासिक जनआन्दोलन' को परिणाम स्वरूप नेपालको सार्वभौमसत्ता नेपाली जनतामा निहित रहेको र राज्यशक्तिको स्रोत नेपाली जनता नै रहेको विद्यमान अवस्थामा विगतमा नेपाली नागरिकहरूले नागरिकताको प्रमाणपत्र प्राप्त गर्न नसक्दा अप्ठेरो परिरहेको अवस्थालाई महसुस गरी 'प्रतिनिधीसभाको घोषणा, २०६३' ले नेपाल राज्यभित्रको नागरिकता सम्बन्धी समस्याको समाधान यथाशिघ्र गर्ने संकल्प लिए, अनुरूप २०६३ साल कार्तिक २२ गते भएको राजनीतिक सहमतिको आधारमा नेपालको नागरिकता प्राप्ति, समाप्ति र तत्सम्बन्धी अन्य कुराको व्यवस्था गर्नका लागि प्रचलित कानूनी ब्यवस्थालाई समयानुकूल संशोधन र एकिकरण गर्न वाञ्छनीय भएकोले, 'प्रतिनिधिसभाको घोषणा, २०६३' जारी भएको पहिलो वर्षमा प्रतिनिधीसभाले यो ऐन बनाएको छ भन्ने प्रस्तावनामा उल्लेख गरिएको छ ।

यसरी नागरिकता समस्याका बारेमा उल्लेख गर्ने गरिएको भए तापनि नेपालमा नागरिकता नपाउनेको संख्या यति नै छ भन्ने यकिन विवरण कसैसँग पनि रहेको पाइँदैन । नेपाल सद्भावना पार्टीले ५० लाख मधेसीहरू नागरिकताबाट वञ्चित रहेको भनेको छ भने २०५१ सालमा धनपति उपाध्यायको अध्यक्षतामा बनेको उच्चस्तरीय नागरिकता आयोगले ३४ लाख भनि उल्लेख गरेको छ । धनपति आयोगले नेपालको कुल जनसंख्याबाट १६ वर्ष मुनिकालाई अलग गरेर आउने संख्यामा कतिले नागरिकता प्रमाणपत्र लिए भन्ने विवरण हेरेर नागरिकता बिहिन संख्या निकालेको हो । तराईका जिल्लामा नागरिकता विहिनको संख्या उल्लेख्य भए पनि ४०-५० लाख भन्ने चाहिँ विश्वसनीय लाग्दैन । "नागरिकता नलिने जति सबैलाई नागरिकता नदिइएको अर्थ गरेर यो आँकडा निकालिएको छ । त्यसकारण लिन चाहना राखेर पनि नागरिकता

नपाएकाहरूको संख्या, प्रचार गरे जत्रो आधा करोडको हाराहारी छैन ।" दलहरूले भने झैं नागरिकता वितरणका लागि मापदण्ड तयार गर्न सजिलो छैन । 'कागजी प्रमाण नहुनेलाई सरजमिनका भर नागरिकता दिनुपर्छ' भन्नेमा एक खालको आम सहमति देखिन्छ । यो कति गाऱ्हो कुरा हो भन्ने अर्थ्याउँदै हाल तराईमा कार्यरत एक प्रमुख जिल्ला अधिकारी भन्दछन् "गाविसको भौतिक पूर्वाधार नहेरी सरजमिनका भरमा नागरिकता दिने भनियो भने त्यसले ल्याउने समस्या झन् थेगी नसक्नु हुन्छ । गा.वि.स. सचिवले सदरमुकाममा बसेर गाउँको सरजमिन तयार गरिदिन सक्दछ । अधिकांश सचिवको कार्यालय झोलामा हुन्छ, चलानी नम्बर मुखमा रहन्छ (हिमाल, १५ भाद्र, २०६३)" ।

राजनीतिक दलहरूले आ-आफ्नो घोषणापत्र, प्रतिबद्धतापत्रहरू जारी गर्दा आफ्नो पाटीको धारणा, लक्ष्य र योजनाहरू आवधिक रूपमा संचालन हुने निर्वाचन वा अन्य विशेष कार्यका लागि हुने निर्वाचनमा आफ्नो पाटीले निर्वाचनमा विजय हासिल गरेको अवस्थामा यो नीति अवलम्बन गर्नेछ भन्ने नीतिगत कार्यक्रमहरू तय गरी सार्वजनिक गर्ने प्रचलन रहेको छ । यसै सन्दर्भमा यस शोधकार्य गरी रहँदा ३ वर्ष अगाडि सम्पन्न संविधान सभाको निर्वाचनमा सहभागी केही प्रमुख राजनीतिक दलहरूले उक्त निर्वाचनको सन्दर्भमा जारी गरेको आ-आफ्ना प्रतिबद्धता पत्रहरूको अध्ययन गरी ती घोषणाहरूमा पार्टीहरूले नागरिकतासम्बन्धमा के-कस्ता नीतिहरू तय गरेका छन्, त्यसलाई अध्ययन गर्ने प्रयास गरिएको छ ।

## ३.१ ने.क.पा. माओवादी

ने.क.पा.(माओवादी) ले २०६४ सालमा सम्पन्न संविधान सभाको निर्वाचनका लागि जारी गरेको प्रतिबद्धता पत्रमा अन्तर्राष्ट्रिय रूपमा स्थापित मापदण्ड अनुरूप मानवअधिकारको सुनिश्चितता गरिने छ भन्ने उल्लेख गरेको छ । भारत लगायत विश्वका विभिन्न देशमा रहेका प्रवासी नेपालीहरूको हकहितको रक्षाको निम्ति नेपाली दूतावासहरू मार्फत् विशेष प्रयत्न गरिनेछ । गैर आवसिय नेपालीहरूलाई दोहोरो नागरिकताको व्यवस्था गरेर उनीहरूको सीप र पूँजि नेपालमा लगानी गर्न प्रोत्साहित गरिनेछ भन्ने उल्लेख छ (ने.क.पा.माओवादी, २०६४ : १३) ।

संघात्मक प्रणाली लागु भएपछि पनि देशभर साझा नागरिकताको नीति अवलम्बन गरिने कुरा उल्लेख छ । सबै नेपाली नागरिकलाई विना भेदभाव र सहज ढङ्गले नागरिकता प्राप्त गर्ने अधिकार हुनुपर्ने कुरा बताइएको छ (ऐ.ऐ.: १३) । गैर नेपाली नागरिकले झुक्याई वा जालसाजी गरी प्राप्त गरेको नेपाली नागरिकता आवश्यक छानविन गरी खारेज गरिने छ । त्यस्तै गरी सम्पूर्ण नेपाली यौनिक तथा लैङ्गिक अल्पसंख्यकहरूलाई उनीहरूको वास्तविक पहिचान सहितको नागरिकताको व्यवस्था गरिनेछ भन्ने उल्लेख गरिएको पाइन्छ (ऐ.ऐ.: ३५) ।

## ३.२ नेपाली काँग्रेस

'संविधान सभाको निर्वाचन, २०६४' को सन्दर्भमा नेपाली काँग्रेस पार्टीले आफ्नो घोषणापत्रको पृ.१६ मा प्रवासी तथा गैर आवसीय नेपालीहरूको सिप र पूँजीलाई देश विकासमा लगाउन विशेष व्यवस्था मिलाउने छ भन्ने उल्लेख गरिएको पाइन्छ । 'नेपाली काँग्रेसको घोषणापत्र, २०६४' मा नागरिकता सम्बन्धी नीति यो हुनेछ भन्ने उल्लेख गरिएको पाइँदैन तापनि घोषणापत्रको पृ.२१ को ५.२.७ नं. बुँदामा मानवअधिकार, मौलिक हक एवं नागरिक तथा राजनीतिक स्वतन्त्रता शीर्षक अर्न्तगत निम्नानुसार उल्लेख गरिएको पाइन्छ ।

'मानवअधिकारको विश्वव्यापी घोषणापत्र, १९४८' तथा अन्तर्राष्ट्रिय मानवीय कानूनद्वारा व्यवस्थित र परिभाषित एवं 'विस्तृत शान्ति सम्झौता, २०६३' र 'नेपालको अन्तरीम संविधान, २०६३' मा प्रतिबद्धता गरिएका मानवअधिकार र अकुण्ठित प्रेस स्वतन्त्रता सहित नागरिकका राजनीतिक, आर्थिक, सामाजिक, भाषिक एवं सांस्कृतिक हक लगायत सबै वैधानिक अधिकार एवं स्वतन्त्रतालाई सुरक्षित गरिनेछ भनी उल्लेख गरिएको पाइन्छ (नेपाली काँग्रेस, २०६४: २१) ।

## ३.३ ने.क.पा.(एमाले)

'ने.क.पा. (एमाले) को घोषणापत्र, २०६४' को बुँदा नं.२५ मा नागरिकता सम्बन्धी नीति उल्लेख गरिएको छ । जसमा नेपाली नागरिकलाई विना भेदभाव सुलभ ढंगले नागरिकता पाउने हक रहनेछ भनी उल्लेख गर्नुका अतिरिक्त प्रवासी तथा गैर आवासीय नेपालीको अधिकार उल्लेख गरिएको पाइन्छ (ने.क.पा.एमाले, २०६४: १७) ।

विदेशमा रहेका गैर आवसीय नेपालीहरूको हक-हितअधिकारको सुरक्षा गर्दै उनीहरूको सीप तथा पूँजीलाई राष्ट्रको विकासमा आकर्षित गर्ने नीति अर्न्तगत विदेशबाट प्राप्त रेमिटान्सलाई देश विकासका लागि विशेष महत्वका साथ परिचालन र सदुपयोग गर्नुका अतिरिक्त गैर आवासीय नेपालीहरूलाई नेपाली नागरिक सरह सुविधाहरू उपलब्ध गराइनेछ र कामको सिलसिलामा प्रवासमा रहेका नेपाली नागरिकहरूको यथार्थ तथ्य-तथ्याङ्क राख्दै उनीहरूको हकको सुरक्षा गर्ने (ऐ.ऐ.: ३८) भन्ने उल्लेख छ ।

## ३.४ मधेशी जनअधिकार फोरम (नेपाल)

'मधेशी जनअधिकार फोरम नेपाल' ले 'संविधान सभा निर्वाचन, २०६४' मा जारी गरेको घोषणापत्रको पृ.६ मा मधेसको मूल समस्या र मधेशीको अन्य मुल समस्याहरू भनी नागरिकता सम्बन्धी सवाललाई विशेष महत्वका साथ उल्लेख गरेको पाइन्छ । मधेसको मुल समस्याका रूपमा मधेसीहरू राजनीतिक, आर्थिक, सामाजिक एवं सांस्कृतिक र भाषिक रूपले समेत शोषण र विभेदको शिकार भएका छन् भन्दै मधेसीको अन्य मुल समस्यामा नागरिकताको समस्यालाई समेत औल्याइएको पाइन्छ (मधेसी जनअधिकार फोरम नेपाल, २०६५: ६) ।

## ३.५ तराई-मधेश लोकतान्त्रिक पार्टी

२०६२/०६३ को जनआन्दोलन-२ पछि मधेशी समुदायले शताब्दीऔं देखिको विभेदबाट मुक्तिको विश्वास लिएको भए तापनि 'नेपालको अन्तरीम संविधान, २०६३' ले मधेशका सवालहरूको पुस्तौंदेखि बस्दै आएका मधेशी जनताको नागरिकताको हकलाई समेत पुरानै शब्दहरूबाट सजाइएको शासक समुदायबाट समानताको अधिकारको अस्वीकृतिको त्यो स्पष्ट संकेत थियो । यसैको परिणाम स्वरूप मधेसी जनतासँग विद्रोह र संघर्षको विकल्प रहेन र ऐतिहासिक मधेश विद्रोह भयो । धरतीपुत्रलाई विना जालझेल नागरिकता र समानअधिकारको माग उल्लेख गरिएको छ (तराई मधेश लोकतान्त्रिक पार्टी, २०६४: ४) ।

तराई मधेश लोकतान्त्रिक पार्टीले आफ्नो अवधारणा पत्रमा 'हाम्रो अवधारणा पत्रमा हाम्रो राजनीतिक लक्ष्य' शीर्षक अन्तर्गत बुँदा नं. १ मा आन्तरिक औपनिवेशीकताको अन्त्य र स्वायत्त तराई प्रदेशको निर्माण उल्लेख गरिएको छ (तराई

मधेश लोकतान्त्रिक पार्टी, २०६४:४) । जसमा लामो समयसम्म तराईका मधेसीहरू नागरिकता पाउने कानूनीअधिकारबाट वञ्चित रहे । यसले गर्दा लाखौं मधेसीहरू सरकारी सेवा, ठेक्कापट्टा चुनावमा उम्मेदवार हुन, वैदेशिक रोजगार, व्यापार, उद्योगधन्दा, जग्गा खरिद-बिक्री, अंशबण्डा जस्तो अत्यन्त महत्वपूर्ण कारोबारहरू तथा राज्यले दिने शिक्षा, स्वास्थ्य लगायतका आधारभूत अन्य मानवीय सुविधाबाट वञ्चित रहनु पऱ्यो । (त.म.लो.पा., २०६४: ४) ।

## ३.६ राष्ट्रिय जनमोर्चा

राष्ट्रिय जनमोर्चाले संविधान सभाको निर्वाचनमा जारी गरेको चुनावी घोषणामा प्रवासी नेपाली नागरिकहरूलाई मताधिकार र प्रतिनिधित्वको अधिकार उल्लेख गरेको छ जसमा प्रवासी नेपाली नागरिकहरूलाई समानुपातिक चुनावमा मताधिकार र संसदमा आफ्ना प्रतिनिधिहरू चुनेर पठाउने अधिकार हुनेछ भनेको पाइन्छ । त्यस्तै गरी राष्ट्रिय जनमोर्चाद्वारा जारी चुनावी घोषणापत्रमा उल्लेखित देशको राष्ट्रियता, सार्वभौकिता र स्वतन्त्र अर्थतन्त्र अन्तर्गत नागरिकता ऐन जन्मका आधारमा नागरिकता प्रदान गर्ने प्रावधान नागरिकता ऐनमा देशको राष्ट्रियतामा आँच पुग्ने, विदेशीहरू नेपालका नागरिक बन्नसक्ने, जन्मका आधारमा नागरिकता दिनेसमेत सबै प्रावधानहरू खारेज हुनु पर्दछ । विदेशीहरूलाई दिइएको नागरिकतबारे छानवीन गरेर खारेज गरिनु पर्दछ भनी उल्लेख गरेको पाइन्छ (राष्ट्रिय जनमोर्चा नेपाल, २०६४: २१) ।

प्रमुख दलहरूको दृष्टिकोणका अलावा लोकतान्त्रिक आन्दोलन अघि र पछि नागरिकताको सवाल विशेष राष्ट्रिय मुद्धाको रूपमा देखा पऱ्यो खासगरी मधेशवादी दल तथा नेताहरूले यस सम्बन्धमा चर्को आवाज उठाए । उक्त प्रश्नमाथि टिप्पणी गर्दै तत्कालिन नेपाल सद्भावना पार्टीका महामन्त्री समेत रहेका हृदयश त्रिपाठीले २०४७ सालको संविधानको धारा-८ मा २०१९ सालकै संविधानको व्यवस्था राखियो, मुख्य बाधक नै त्यही हो । अहिले पनि अन्य विषयमा अग्रगमनको खोजी भइरहेको छ । संविधान सभा निर्वाचनको लागि मतदाता नामावली तयार हुनु अगाडि नै यो समस्या हल भइसक्नुपर्छ भन्ने र यसका लागि जेष्ठ ४ र असार २ गते २०६३ लाई आधार दिन मानेर समस्याको हल खोजिनु पर्छ । साथै स्थायी रूपले नेपालमा बसोबास गर्ने प्रत्येक नेपालीलाई नागरिकता दिइनुपर्छ । जो नेपालमा जन्मेको हो, जसको आमाबाबु मध्ये

कुनै एक नेपालमा जन्मेका हुन् वा नागरिकता प्राप्त गरिसकेकाहरूका सन्तान वा राज्यद्वारा उपलब्ध गराइएका कुनै पनि अभिलेखका आधारमा नागरिक ठहर्ने व्यक्ति र तिनका आश्रित उनीहरूलाई नागरिकता दिनुपर्छ । वंशज र अङ्गिकृत दुईवटा नागरिकता प्रचलनमा छन् । यसमा पनि नेपालको सन्दर्भमा अङ्गिकृत नागरिकता दिंदा शर्त राख्नुपर्छ । नेपाल कुनै पनि बाह्य मुलूकका नागरिकले शर्त पूरा नगरिकन नागरिकता पाउन सक्दैन । खाली वर्षोवर्षदेखि नागरिकताबाट वञ्चित भएका वास्तविक मर्कामा परेका मधेशीहरूले नागरिकता पाउनु पर्दछ (हिमाल खबर पत्रिका, १-१५ भदौ, २०६३) ।

नागरिकता सम्बन्धमा नेपालका प्रमुख राजनीतिक दलहरुले संविधान सभा निर्वाचनको सन्दर्भमा व्यक्त दृष्टिकोणहरुलाई समग्रमा अध्ययन गर्दा दलहरुबीच साझा धारणा निर्माण हुन सकेको देखिदैन । ने.क.पा. (माओवादी, नेपाली काँग्रेस र ने.क.पा. (एमाले) जस्ता मौजुदा संविधान सभाका तीन ठूला दलहरुको नागरिकता सम्बन्धी दृष्टिकोणमा तात्विक भिन्नता भेटिदैन । मूलतः यी दलहरुले नागरिकता वितरणलाई सर्व-सुलभ बनाउनुका अतिरिक्त विना भेदभाव जनताको नागरिकता पाउने हक सुरक्षित हुनुपर्ने विषयमा जोड दिएको पाइन्छ । यसको अलावा विभिन्न कारणले प्रवासमा रहेका नेपालीहरुको हकहितको संरक्षणमा विशेष ध्यान दिने र उनीहरुको सीप र पूँजीलाई नेपाल राष्ट्रको हितमा परिचालन गर्ने प्रतिबद्धता घोषणा पत्रमा व्यक्त गरेको पाइन्छ । यसै सन्दर्भमा ने.क.पा. (माओवादी) ले भने गैर आवासीय नेपालीहरुलाई दोहोरो नागरिकता दिने प्रतिबद्धता व्यक्त गरेको पाइन्छ भने ने.क.पा. (एमाले) ले गैर आवासीय नेपालीहरुलाई नेपाली नागरिक सरह सुविधाहरु उपलब्ध गराइने प्रतिबद्धता जनाएको छ । तर नेपाली काँग्रेसले गैर आवासीय नेपालीहरुको सीप र पूँजीलाई देश विकासमा लगाउन विशेष व्यवस्था मिलाउने र नागरिकता सम्बन्धी अन्य प्रावधानको आधार विश्वव्यापी मान्यतालाई अङ्गिकार गर्ने बताएको छ ।

नागरिकता सम्बन्धमा तराई केन्द्रीत दलहरुको दृष्टिकोण भने निकै भिन्न रहेको छ । यी दलहरुको उत्पत्तिसँगै मुल मुद्धाको रुपमा नागरिकताको सवाल अहम् रुपमा उठ्दै आएको छ । घोषणा पत्रमा मधेशी जनअधिकार फोरम (नेपाल) त.म.लो.पा. लगायतका दलहरुले मधेशको मुल समस्या भनेकै धर्तिपुत्रलाई नागरिकताबाट विहिन गराइनु हो भन्दै तत्काल नागरिकता वितरणलाई सर्वसुलभ गराइनु पर्ने कुरामा जोड दिइएको पाइन्छ । नागरिकतासँग जोडिएका सम्पत्ति, पेशा, व्यवसाय जस्ता अधिकारबाट

मधेशीहरु ठगिएका भन्दै नागरिकताको सवाल मधेशी दलहरुको चुनावी घोषणा पत्रमा जोडदार रुपमा उठेको पाइन्छ ।

नागरिकताको सवालमा तेस्रो धारको रुपमा राष्ट्रिय जनमोर्चा नेपालको दृष्टिकोण पनि त्यत्तिकै प्रष्ट छ । मुलूकको राष्ट्रियताको संरक्षणमा चर्को आवाज उठाउँदै आएको यस दलले नागरिकता वितरणमा राज्य सँधै होसियार रहनुपर्ने तर्फ संकेत गर्दै जथाभावी रुपमा नागरिकता वितरण गर्न नहुने कुरा बताएको छ । त्यत्तिमात्र नभइ हालसम्म थुप्रै विदेशीहरुले प्राप्त गरेका नागरिकताको छानविन गरी खारेज गर्ने प्रतिबद्धता जनाएको पाइन्छ । जन्मको आधारमा नागरिकता दिने प्रावधानलाई खारेज गरिनुपर्ने उक्त दलको दृष्टिकोण रहेको छ ।

यसरी नागरिकताका सम्बन्धमा अधिकांशतः राजनैतिक पार्टीहरू नागरिकता समस्या समाधानका पक्षमा रहेको देखिएता पनि समस्यालाई के कसरी समाधान गर्ने भन्ने दृष्टिकोण विहिन रहेको देखिन्छ । तथापी आफ्नो मधेशको भोटको राजनीतिलाई सुरक्षित गर्न खोजि प्रष्ट धारणा राख्ने गरेको पाइँदैन ।

# परिच्छेद - चार

## नागरिकता सम्बन्धी जनमत

प्रस्तुत शोधकार्य "नेपालमा नागरिकता सम्बन्धी व्यवस्थाः एक अध्ययन" सम्पन्न गर्नका लागि विभिन्न २० वटा प्रश्न सहित नागरिकता प्रयोजनार्थ २०६७ आषाढ २० देखि २५ सम्म जिल्ला प्रशासन कार्यालय कास्कीमा नागरिकता लिनका लागि आएका सेवाग्रहीहरूलाई उद्देश्यपूर्ण नमूना छनौट विधिको आधारमा संरचित बन्द प्रकृतिका प्रश्नावलीहरू समावेश गरिएको तथा अन्तरवार्ता सूचीको आधारमा तथ्याङ्क सङ्कलन गरिएको थियो । ति प्रश्नावलीको जवाफको आधारमा हरेक उत्तरहरूलाई देहाय बमोजिम ब्याख्या एवं विश्लेषण गर्ने कार्य गरिएको छ ।

तथ्याङ्क सङ्कलनको क्रममा प्रश्नावलीको नं. १ प्रश्नमा नागरिकताको प्रमाणपत्र भन्नाले तपाई के बुझ्नुहुन्छ ? भनी सोधिएकोमा कूल ३० मध्ये १६ जना अर्थात् ५३.३७% ले राष्ट्रियताको परिचय भन्ने उत्तर दिएको र बाँकी १४ (४६.६३%) जनाले व्यक्तिको परिचयको रूपमा उत्तर दिएको पाइयो । यसरी प्राप्त तथ्याङ्कको आधारमा ५३.३७% व्यक्तिले राष्ट्रियताको पहिचानलाई स्वीकार गरेको स्थिति देखिन्छ । तथापि सोधिएका उत्तरदाता पढेलेखेका व्यक्ति रहेको भए तापनि नागरिकता के हो र यसले के कुरालाई इङ्गित गर्दछ भन्ने विषयमा बुझ्न सकेको देखिदैन । हाम्रो सरकारी कामकाज लगायत अन्य व्यवहारमा परिचय गराउने कागजातको रूपमा नागरिकताको प्रमाणपत्र खोजिने प्रचलनका कारण मानिसहरूमा नागरिकताको प्रमाणपत्रलाई व्यक्तिको परिचयपत्रको रूपमा बुझ्ने गरेको हो कि ? भन्ने अनुमान गर्न सकिन्छ साथै नागरिकताले राष्ट्रियताको साथै व्यक्तिको परिचयसमेत दिन्छ ।

नागरिकताको प्रमाणपत्र लिने मौजुदा उमेर १६ वर्षको उमेरको बारेमा तपाईंको धारणा के छ ? भनी सोधिएको प्रश्नमा कूल उत्तरदाता ३० मध्ये २५ जनाले विद्यमान उमेरको व्यवस्था नै उपर्युक्त रहेको धारणा व्यक्त गरेका छन् भने १ जना उत्तरदाताले विद्यमान वितरण उमेरलाई घटाउनु पर्छ भनेको तथा ४ जना उत्तरदाताले उमेर बढाउनु पर्छ भनी आफ्नो धारणा व्यक्त गरेको पाइयो । उक्त तथ्याङ्कलाई निम्न तालिकाद्वारा प्रष्ट पार्न सकिन्छ :


तालिका नं. ४.१

नागरिकता प्राप्त गर्ने उमेरसम्बन्धी उत्तरदाताको जवाफ

| **शीर्षक** | **संख्या** | **प्रतिशत** |
|---|---|---|
| विद्यमान व्यवस्था ठीक छ | द्दछ | डघाघघ |
| घटाउनु पर्छ | ज्ञ | घाघघ |
| उमेर बढाउनु पर्छ | द्ध | ज्ञटाघघ |
| **जम्मा** | **घण** | **ज्ञण्ण** |

*स्रोत: स्थलगत सर्वेक्षण, २०६७।*

माथि उल्लेखित तालिकालाई तलको वृत्तचित्रद्वारा देखाइएको छ।




हाम्रो विद्यमान नागरिकता प्राप्तिको व्यवस्थामा अभ्यस्त भएको हुँदा अधिकांश उत्तरदाताले १६ वर्षको उमेर नै नागरिकता प्राप्तिको लागि उपर्युक्त ठाने तापनि विश्व अहिले एक गाउँको रूपमा विकसित भैरहेको अवस्थामा अन्तर्राष्ट्रिय पद्दति र परिपाटीसँग समय सापेक्ष रूपमा एकाकार हुन् तथा १८ वर्षको उमेरलाई कानूनद्वारा बालिग भनि मानिएको अवस्थामा अब १८ वर्षलाई नागरिकता प्राप्ति र वितरणको उमेर मान्ने कि भन्ने बहसको शुरूवात भने भएको पाइएको छ।


तालिका नं. ४.२

नागरिकता वितरणको उपर्युक्त आधारसम्बन्धी जवाफ

| **वैकल्पिक आधार** | **संख्या** | **प्रतिशत** |
|---|---|---|
| वंशजको आधार | द्दण | टटाटठ |
| जन्मको आधार | ज्ञ | घाघघ |
| अङ्गिकृतको आधार | ण | णण |
| सम्मानको आधार | ज्ञ | घाघट |
| माथिका सबै | ड | द्दटाटठ |
| थाहा छैन | ण | ण |
| **जम्मा** | **घण** | **ज्ञणण** |

*स्रोत: स्थलगत सर्वेक्षण, २०६७ ।*

माथिको तथ्याङ्कलाई तलको स्तम्भ चित्रले प्रष्ट पारेको छ ।




नागरिकताको प्रमाणपत्र लिने विद्यमान प्रक्रियाबारे तपाईलाई कतिको थाहा छ भनी राखीएको प्रश्नमा कूल उत्तरदाता मध्ये २० जनाले मलाई प्रकृया थाहा छ भनी जवाफ दिएका र बाँकी १० जनाले केहीमात्र थाहा छ भन्ने जवाफ दिएको पाइयो । यसबाट के देखियो भने नागरिकता सम्बन्धमा जानकारी नै नभएका कोही पनि नदेखिदा नागरिकता सम्बन्धमा नागरिक जानकारी रहेको पाइयो ।

नागरिकता वितरण सम्बन्धमा सबैभन्दा उपर्युक्त आधार कुन हो ? भनी सोधिएको प्रश्नमा वंशजको आधार, जन्मको आधार, अङ्गिकृतको आधार, सम्मानको

आधार, माथिका सबै र थाहा छैन भन्ने सम्भाव्य उत्तर राखिएकोमा उत्तरदाताको जवाफ देहाय बमोजिम रह्यो ।

यसरी प्राप्त तथ्याङ्कलाई हेर्दा कूल उत्तरदाता मध्ये २० उत्तरदाताहरूले वंशजको आधारमा नागरिकता वितरण गर्ने प्रक्रियालाई उपर्युक्त मानेको पाइन्छ । जुन उत्तरको कारकको रूपमा २०६३ सालमा नागरिकता ऐनको व्यवस्था गरी व्यक्तिलाई नागरिकता वितरण गरिने कानूनी व्यवस्था जुन गरियो र जसको सकारात्मक र नकारात्मक चर्चा भयो त्यो नै हो भन्ने मान्न सकिन्छ । त्यस्तै गरी नागरिकता विवरणसम्बन्धी अन्य आधारहरूमा जन्मको आधारमा १ जना, सम्मानको आधारमा १ जना र विद्यमान नागरिकता ऐनले व्यवस्था गरेको नागरिकता प्राप्तिका आधारहरू (माथिका सबैमा) ८ जना उत्तरदाताहरूले उपर्युक्त आधार भनी जवाफ दिइएको पाइयो । तथापि हालसम्मको विश्व मान्यतालाई हेर्ने हो भने वंशजको आधारमा नागरिकताको प्राप्तिलाई सबैभन्दा प्रमाणिक आधार मानिने सर्वमान्य सिद्धान्तलाई अनुसन्धानले पुष्ठि गरेको छ । यद्यपि विद्यमान संवैधानिक एवं कानूनी व्यवस्थाले विभिन्न सर्त र अवस्थामा उपरोक्त किसिमको वितरण प्रणालीलाई अंगालेको छ ।


तालिका नं. ४.३

२०४६ साल चैत्र मसान्तसम्म नेपालमा जन्म भई नेपालमा स्थायी रूपमा बसोबास गर्दै आएका व्यक्तिलाई नागरिकता दिने वर्तमान संवैधानिक व्यवस्था सम्बन्धमा प्राप्त अभिमत

| विवरण | जम्मा | प्रतिशत |
|---|---|---|
| ठीक छ | ट जना | द्दण |
| बेठीक छ | द्दद्द | ठघ।घघ |
| थाहा छैन | द्द | ट।टठ |
| **जम्मा** | **घण** | **ज्ञणण** |

*स्रोतः स्थलगत सर्वेक्षण, २०६७ ।*

प्राप्त तथ्याङ्कलाई तलको वृत्तचित्रमा प्रष्टयाइएको छ ।




२०४६ साल चैत्र मसान्तसम्म नेपालमा जन्मभई स्थायी बसोबास गर्दै आएका व्यक्तिलाई नागरिकता दिने भनी गरिएको वर्तमान संवैधानिक व्यवस्था तपाईलाई कस्तो लाग्दछ ? भनी सोधिएको प्रश्नमा मलाई ठिक लागेको छ, समस्यासमाधान गर्ने यो नै एकमात्र राम्रो उपाय हो भनेर जवाफ ६ जनाबाट आयो । बेठिक छ, यसले समस्यासमाधान गर्दैन, बरू जटिलता थपेको छ भन्ने जवाफ २२ जनाबाट आयो भने २ जनाले थाहा छैन भनी जवाफ दिएको पाइयो । यसरी हेर्दा के देखिन्छ भने यो नागरिकता व्यवस्थाले भोलिका दिनमा समस्या ल्याउदँछ भनी जुन चर्चा चलेको छ यसलाई यस तथ्याङ्कले समेत प्रष्ट्याएको देखिन्छ ।

प्रश्न नं. ६ मा जन्मको आधारमा नागरिकताको प्रमाणपत्र प्राप्त गर्ने व्यवस्था अहिले छैन । यस सम्बन्धी पुनः व्यवस्था हुन उपर्युक्त छ वा छैन भनी सोधिएको प्रश्नमा १२ जना उत्तरदाताबाट हुनुपर्छ, १२ जनाबाट हुनु हुँदैन र ६ जना उत्तरदाताबाट भन्न सक्दिन भनी जवाफ आएको पाइयो ।

प्रश्न नं ७ मा विद्यमान नागरिकता वितरण प्रकृया तपाईलाई कस्तो लाग्यो ? भनि सोधिएकोमा निम्न तालिकामा उल्लेख भएअनुसारको विद्यमान नागरिकता वितरण प्रकृयासम्बन्धी धारणा रहेको पाइयो ।


तालिका नं.४.४

जन्मको आधारमा नागरिकताको प्राप्ति सम्बन्धमा प्राप्त अभिमत

| **विकल्पहरू** | **संख्या** | **प्रतिशत** |
|---|---|---|
| सरल छ | ठ | द्दघ।घघ |
| कठिन र अव्यवहारिक छ | घ | ज्ञण।ण्ण |
| ठिकै छ | द्दण | टट।टघ |
| **जम्मा** | **घण** | **ज्ञण्ण** |

*स्रोतः स्थलगत सर्वेक्षण, २०६७।*

माथिको तालिकालाई तलको वृत्तचित्रद्वारा पनि हेर्न सकिन्छ :




नागरिकता वितरण प्रक्रियालाई अझै सरल बनाउन के गर्नु पर्ला भनी सोधिएको प्रश्नमा गा.वि.स. वा नगरपालिकाबाटै वितरण प्रक्रिया मिलाउनु पर्दछ भन्ने जवाफ १२ जनाबाट नागरिकता टोली खटाइ वितरणको व्यवस्था मिलाउनु पर्दछ भन्ने जवाफ १२ जनाबाट र विद्यमान व्यवस्थालाई नै निरन्तरता दिनु उपर्युक्त हुन्छ भन्ने जवाफ ६ जनाबाट प्राप्त भएको देखिएको छ। यसरी प्राप्त तथ्याङ्कलाई हेर्दा सेवाग्राहीहरूले आफ्नो गाउँ-ठाउँमा नै सेवा प्राप्त होस् भन्ने चाहना राखेको देखिन्छ।


तालिका नं.४.५

विद्यमान नागरिकता वितरण प्रकृयासम्बन्धी अभिमत

| विकल्पहरू | संख्या | प्रतिशत |
|---|---|---|
| यो व्यवस्था आवश्यक छ | ज्ञछ | छण |
| यसलाई हटाउनु पर्छ | द्द | टाघठ |
| यसका विद्यमान सर्तलाई घटाउनु पर्छ | ड | द्दटाटठ |
| थाहा छैन | छ | ज्ञटाटट |
| **जम्मा** | घण | ज्ञणण |

*स्रोत: स्थलगत सर्वेक्षण, २०६७।*

उपरोक्त तालिकालाई तलको स्तम्भ चित्रले अझ सरल रूपमा देखाइएको छ।




नेपाल जस्तो सानो मुलूकमा जनसंख्या वृद्धि जटिल समस्या बन्दै गएको छ। तथापी संविधानले विभिन्न शर्त र अवस्थामा अङ्गिकृत नागरिकता प्रदान गर्ने व्यवस्था गरेको छ। संविधानको यस व्यवस्थालाई तपाई के भन्नुहुन्छ भनी सोधिएको प्रश्नमा यो व्यवस्था आवश्यक छ भनी १५ जना यसलाई हटाउनु पर्दछ भन्ने २ जना, यसका विद्यमान शर्तलाई घटाउनु पर्दछ भन्ने ८ जना र थाहा छैन भन्ने ५ जना रहेको पाइयो।

यस प्रश्नको समग्र जवाफलाई हेर्दा अङ्गिकृतसम्बन्धी व्यवस्था आवश्यक रहेको तथ्याङ्कले देखाएको छ । राज्यलाई महत्वपूर्ण योगदान गर्ने व्यक्ति जो नेपाली हुन चाहन्छ र राज्यलाई समेत उसको योगदान आवश्यक छ भन्ने ठानेको अवस्थामा यो व्यवस्थाले राज्यलाई फाइदा नै गर्दछ बेफाइदा गर्दैन । यस प्रश्नको तथ्याङ्कलाई निम्नानुसार तालिकामा प्रस्तुत गरिएको छ ।

नेपालको जनसंख्या वृद्धिलाई निश्चित सिमामा बाँध्न नसकिएको कुराको पुष्टि विभिन्न समयमा प्रकाशित राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्षेत्रबाट प्रकाशित तथ्य र तथ्याङ्कले प्रष्ट्याएको पाइन्छ । तथापि नेपाल जस्तो सानो भौगोलिक परिवेश युक्त मुलूक जसको उत्तर र दक्षिणमा विश्वका एकतिहाई जनसंख्या युक्त मुलूक विद्यमान रहनु र ति सँग नेपालको खुल्ला सिमानाका कारण यहाँको जनसंख्या वृद्धि समस्याको कारकको रूपमा देखा परेको पाइन्छ । तथापि यसबाहेक नेपाल विश्वका अन्य मुलूकहरूको शरणस्थलको रूपमा समेत स्थापित हुँदै जानथालेको कुरा जानकारीमा आउन लागेको पाइन्छ । यहाँ सन् १९५८ तिर उत्तरतिरबाट तिब्बती शरणार्थीहरू वि.सं. २०४८ तिर भुटानी शरणार्थीहरू र विभिन्न समयमा छिमेकी मुलूकदेखि अफ्रिकाको सुडानसम्मका मानिसहरू शरणार्थीको रूपमा यहाँ रहनुले समेत यस देशको जनसंख्या बढाउने कार्यमा सहयोगीको भूमिका खेलेको पाइन्छ । यति हुँदाहुँदै पनि हाम्रो यस अनुसन्धानको तथ्याङ्कले अङ्गिकृत व्यवस्थालाई आत्मसाथ गर्नु नै पर्ने कुरा देखाएको छ र यसको व्यवस्थाले मात्र जनसंख्या बढाउन खासै भूमिका खेल्न सक्दैन भन्न सकिन्छ ।

'नेपाल नागरिकता ऐन, २०६३' को आगमनसँगै गरिएको नागरिकता वितरणमा थुप्रै छिमेकी राष्ट्रहरूका नागरिकहरूले नागरिकता प्राप्त गरेको गुनासो सुन्नमा आएको छ । यसको कारण के भन्नुहुन्छ भनी सोधिएको प्रश्नमा ५ जनाले २०४६ साल चैत्र मसान्तसम्म नेपालमा जन्म भइ स्थायी रूपले नेपालमा बढ्दै आएका व्यक्तिलाई नागरिकता दिने व्यवस्था, ५ जनाले नेपाली नागरिकता प्राप्त ५ जना स्थानीय बासिन्दाको सर्जमिन र सम्बन्धित वडामा बसोवास गर्ने ३ जना नेपालीले गरी दिएको सनाखतको आधारमा नागरिकता प्रदान गर्ने व्यवस्था र २० जनाले माथिका दुवै भन्ने जवाफ दिएको पाइयो ।

यसरी उल्लेखित जवाफ र नागरिकता वितरणको समयको घटनालाई हेर्ने हो भने छिमेकी राष्ट्रका नागरिकहरूले नागरिकता प्राप्त गरेको कुरालाई नकार्न सकिदैन ।

२०६३ सालमा नागरिकता टोली परिचालन भएको समयमा १ जना तिब्वतीयन सिन्धुपाल्चोकमा गलत विवरण दिइ नागरिकता प्रमाणपत्र लिएकोमा पक्राउ परेको, दोलखाबाट गलत विवरण दिइ नागरिकता लिएका ३ जना भुटानी शरणार्थीहरू पक्राउ परेको (हिमाल खबर पत्रिका, १-१५ फागुन, २०६३) घटनालाई हेर्दा उत्तर-दक्षिणका दुई छिमेकीबाहेक अन्य मित्रराष्ट्रका नागरिकहरू समेत वर्तमान खुकुलो कानूनी व्यवस्थाको अनुचित फाइदा लिएको र लिन खोजेको देखिंदा यी कानूनी व्यवस्था नै विदेशीलाई नागरिकता प्राप्त गराउने प्रमुख बुँदाको रूपमा स्थापित भएको देखिन्छ ।


तालिका नं. ४.६

नेपाली राष्ट्र निर्माणमा वर्तमान नागरिकता नीतिसम्बन्धी धारणा

| **शीर्षक** | **संख्या** | **प्रतिशत** |
|---|---|---|
| विद्यमान नीति नै ठीक छ । | ण्ण | ण्ण |
| विद्यमान नीतिमा सुधार गर्नुपर्छ । | द्दण | टटाटठ |
| यसलाई कडाइका साथ लागु गर्नुपर्छ | ठ | द्दघाघघ |
| थाहा छैन | घ | ज्ञणाण्ण |
| **जम्मा** | **घण** | **ज्ञण्ण** |

*स्रोत: स्थलगत सर्वेक्षण, २०६७ ।*

राष्ट्र निर्माणमा वर्तमान नागरिकता सम्बन्धी नीतिका सम्बन्धमा प्राप्त अभिमतलाई तलको वृत्तचित्रले देखाउँदछ ।



नेपालको भू-राजनैतिक अवस्था छिमेकी राष्ट्रहरूसँगको सिमा सम्बन्धका आधारमा नेपालको सार्वभौमिकता र अखण्डताको सम्बर्द्धन गर्दै राष्ट्र निर्माण गर्न अहिलेको नागरिकता सम्बन्धी नीति र व्यवस्थामा पुनरावलोकनको आवश्यकता ठान्नुहुन्छ भनी राखिएको प्रश्नमा विद्यमान नीति नै ठीक छ भन्ने जवाफ प्राप्त नभएको, विद्यमान नीतिमा सुधार गर्नुपर्छ भन्ने उत्तरदाताको संख्या २० रहेको, यस व्यवस्थालाई कडाइका साथ लागु गर्नुपर्छ भन्नेको संख्या ७ रहेको र थाहा छैन भन्नेको संख्या ३ रहेको तथ्याङ्कले देखाएको पाइयो । जसलाई तलको तालिकामा निम्नानुसार देखाइन्छ ।


तालिका नं. ४.७

नागरिकलाई आदर्श बनाउन के गर्नुपर्छ भन्ने प्रश्नमा उत्तरदाताको जवाफ

| **शीर्षक** | **संख्या** | **प्रतिशत** |
|---|---|---|
| विद्यालयहरूमा नागरिक शिक्षाको व्यवस्था हुनुपर्छ | ज्ञघ | द्धघ।घघ |
| जनचेतनामूलक कार्यक्रमको प्रचारप्रसार गरिनुपर्छ | ज्ञद्द | द्धण |
| अनौपचारिक शिक्षाको व्यवस्था गर्नुपर्छ | ण्ण | ण्ण |
| सजाँइमा कडाइ गर्नुपर्छ | छ | ज्ञट।टठ |
| भन्न सकिदैन | ण | ण |
| **जम्मा** | **घण** | **ज्ञण्ण** |

*स्रोत: स्थलगत सर्वेक्षण, २०६७ ।*

माथिको तथ्याङ्कलाई निम्न स्तम्भ चित्रद्वारा अझ प्रष्ट पारिएको छ ।



त्यस्तै गरी नागरिकताको प्रमाणपत्रसँगै व्यक्तिमा निश्चित खालका अधिकार र दायित्वहरू सिर्जना हुन्छन् । नागरिकताको प्राप्तिसँगै आफ्ना अधिकार र दायित्वप्रति सजग रहने आदर्श नागरिक बनाउन के गर्नुपर्ला ? भनी सोधिएको प्रश्नमा विद्यालयहरूमा नागरिक शिक्षाको व्यवस्था हुनुपर्छ भन्नेमा १३ जना, जनचेतनामुलक कार्यक्रमको प्रचार-प्रसार गरिनु पर्दछ भन्ने जवाफ १२ जना र सजायँमा कडाई गर्नुपर्छ भन्नेमा १२ जना र सजायँमा कडाई गर्नुपर्छ भन्ने जवाफ  ५ जनाबाट आएको पाइन्छ ।


तालिका नं. ४.८

गैर आवासीय नेपालीहरूलाई नागरिकता दिने सम्बन्धमा उत्तरदाताको जवाफ

| **शीर्षक** | **संख्या** | **प्रतिशत** |
|---|---|---|
| हुन्छ | ड | द्दटाटठ |
| हुँदैन | द्दण | टटाटठ |
| थाहा छैन | द्द | टाटठ |
| **जम्मा** | **घण** | **ज्ञण्ण** |

*स्रोतः स्थलगत सर्वेक्षण, २०६७ ।*

माथिको तालिकालाई निम्न स्तम्भ चित्रमा देखाइएको छ ।




विश्व व्यापीकरणसँगै एक देशका नागरिकहरू विभिन्न प्रयोजनका लागि अर्को देशमा गई बसोबास गर्ने क्रम तिव्र छ । यो क्रमसँगै विश्वमा दोहोरो नागरिकताको

समस्या पनि बढ्दै गएको छ । नेपालमा पनि गैह्र आवासीय नेपालीहरूले दोहोरो नागरिकताको माग गरिरहेका छन् । के दोहोरो नागरिकताको व्यवस्था गर्नु उपर्युक्त होला भनी सोधिएकोमा उपयुर्क्त हुन्छ भन्ने जवाफ ८ जनाबाट आएको, उपर्युक्त हुँदैन भन्ने जवाफ २० जनाबाट आएको र थाहा छैन भन्ने जवाफ २ जनाबाट प्राप्त हुन आएको देखिंदा गैह्र आवासीय नेपालीहरू पनि हाम्रै भाइछोराहरू हुन् । उनीहरू आफ्नो पूर्खौली वा जन्मभूमिमा फर्किदा भिसा लगाइ-पराई जस्तो व्यवहार गरिनु हुँदैन भन्ने भावनाबाट प्रेरित भएको जस्तो देखिन्छ भने गैह्र आवासीय नेपालीलाई दोहोरो नागरिकता दिनु हुँदैन भन्नेमा दुईतिहाई अर्थात् २० जना उत्तरदाताको भनाइ रहेको पाइयो, जसको कारण के हुनसक्दछ भने नागरिक भइसकेपछि निश्चित अधिकार र कर्तव्यको सिर्जना हुनपुग्दछ । त्यसकारण नागरिकले अधिकारका निम्ति कर्तव्य र दायित्व दुवै निर्वाह गर्न सक्षम नहुनसक्दछ । त्यसकारण, एकैसाथ दोहोरो नागरिकता सम्भव नहुनु स्वभाविक हुन जान्छ ।

यदि उनीहरूलाई दोहोरो नागरिकता प्रदान गरियो भने त्यसको प्रभाव के हुन्छ, भन्ने ठान्नु हुन्छ भनी सोधिएकोमा ७ जना उत्तरदाताले देशको आर्थिक लगायतका क्षेत्रमा सहयोग पुग्छ भन्ने जवाफ दिएको पाइयो । अपराधीहरूले प्रश्रय पाउँदछन् भनी १० जनाले, देशको पूँजि पलायन हुने सम्भावना रहन्छ भन्नेमा १० जना उत्तरदाता र भन्न सकिदैन भन्ने उत्तर ३ जनाबाट प्राप्त भयो । यो तथ्याङ्कलाई हेर्दा ५०% उत्तरदाताले दोहोरो नागरिकतालाई स्वीकार गरेको पाइएन । हाम्रो भूगोलको विशिष्टतालाई हेर्दा विश्वका दुई ठूला राष्ट्र (जनसंख्या र क्षेत्रफल) को बीचमा खुल्ला सिमानाको अवस्थितिले गर्दा उत्तर र दक्षिणबाट कूल जनसंख्याको १% मात्र जनसंख्याको प्रवेश मात्र भयो भने पनि हाम्रो आफ्नो अस्तित्व र पहिचानको लोप हुन्छ । त्यसमा पनि हाम्रो सिमानाहरूमा भएको अपराधका गतिविधीलाई हेर्दा के देखिन्छ भने नेपालमा अपराध गरी छिमेकीतिर गएर लुक्ने र छिमेकमा अपराध गरी नेपालमा लुकी बस्ने जुन प्रचलन छ यसलाई दोहोरो नागरिकताको व्यवस्था भएको अवस्थामा अझ प्रोत्साहन भइ आपराधीक गतिविधी बढ्न सक्दछ । उत्तरतर्फ आवागमनमा केही सीमितता भएपनि समय-समयमा आपराधीक घटनाहरू भएकैछन् । तथापि दक्षिणको तुलनामा उत्तरतर्फ केही नियन्त्रित छ तर दोहोरो नागरिकताको व्यवस्थाले यस क्रमलाई बढाउँदछ भन्न सकिन्छ ।

यस प्रश्नमा मुख्य गरी गैर आवासीय नेपालीहरूलाई दोहोरो नागरिकताको व्यवस्था सम्बन्धमा सोधिएको हो । यसरी गैर आवासीय नेपालीलाई दोहोरो नागरिकताको व्यवस्था गर्दा समेत गैर आवासियबाट पूँजी र प्रविधिको लगानी गरे तापनि आखिर त्यसबाट प्राप्त आय विदेशीने अवस्था देखिन्छ जसबाट देशको पूँजी पलायन हुने सम्भावना रहन्छ । जसको उदाहरणको रूपमा बेलायती सेनामा कार्यरत रही अवकास प्राप्त भू.पू. ब्रिटिस सेना र तिनका परिवारलाई बेलायती सरकारबाट आवासीय भिसा र त्यहाँ जन्मेका सन्ततिलाई नागरिकताको व्यवस्था गरिदिंदा नेपाल भित्रिएको पूँजी र नेपालमा जम्मा गरेको सम्पत्ति समेत बेची बेलायततिर प्रवासमा गएको र अरबौंको आय र सम्पत्ति विदेशीएको कुरा यर्थातता हो । दोहोरो नागरिकता प्राप्तिको व्यवस्था हुनु हुँदैन भन्ने कुरालाई प्राप्त तथ्याङ्कलेसमेत समर्थन गरेको पाइन्छ ।


तालिका नं. ४.९

गैर आवासीय नेपालीको योगदानलाई उपयोग गर्ने सम्बन्धमा उत्तरदाताको व्यक्त विचार

| **धारणा** | **संख्या** | **प्रतिशत** |
|---|---|---|
| उनीहरूलाई सजिलै नेपाल आगमनको व्यवस्था गरिनु पर्दछ । | घ | ज्ञण |
| लगानी मैत्रीको वातावरण सृजना गर्नुपर्दछ | छ | ज्ञटा।टठ |
| माथिको दुवै | ज्ञछ | छण |
| दोहोरो नागरिकता व्यवस्था गर्नुपर्छ | ठ | द्दघ।घघ |
| थाहा छैन | | |
| **जम्मा** | **घण** | **ज्ञणण** |

*स्रोत: स्थलगत सर्वेक्षण, २०६७ ।*

प्राप्त तथ्याङ्कलाई तलको वृत्तचित्रमा समेत देखाइएको छ ।




गैर आवासीय नेपालीहरूले नेपालको आर्थिक प्राविधिक लगायत अन्य थुप्रै क्षेत्रमा सहयोग पुऱ्याइरहेका छन् । उनीहरूबाट उक्त सहयोग निरन्तर देशमा भित्र्याइ राख्न के गर्नुपर्ला भनी सोधिएको प्रश्नमा उनीहरूलाई सजिलै नेपाल आगमनको व्यवस्था गरिनु पर्दछ भन्नेमा ३ जना, अर्थात् १०%, लगानी मैत्री वातावरण सृजना गर्नुपर्दछ भन्ने ५ जना अर्थात् १६.६७%, माथिका दुवै भन्ने १५ जना अर्थात् ५०%, दोहोरो नागरिकताको व्यवस्था गरिनु पर्दछ भन्नेमा ७ जना अर्थात् २३.३३% र थाहा छैन भन्ने कसैको पनि भनाई नरहेको पाइयो । यसरी प्राप्त यस तथ्याङ्कलाई केलाउँदा कूल उत्तरदाता मध्ये २३.३३% अर्थात् ७ जना मात्र दोहोरो नागरिकताको पक्षमा रहेको देखियो भने २३ जना अर्थात् ७६.६६% उत्तरदाताहरू गैर आवासीय नेपालीहरूलाई सजिलै नेपाल आगमनको व्यवस्था र लगानी मैत्री वातावरणको सृजना गर्नुपर्दछ भन्ने धारणा राखेको पाइयो । यसरी हेर्दा आम नागरिकहरू दोहोरो नागरिकताको पक्षमा नरहेको पाइयो । जसलाई तलको तालिका र वृत्त चित्रले प्रष्टयाउने नै छ ।

अनुसन्धानको क्रममा उत्तरदाताको जवाफ माथिको चित्रमा जे देखिए तापनि गैर आवासीय नेपालीहरूको संस्थाको पहल र प्रयासमा गैर आवासीयहरूले नेपाली भै नेपाली भूमिमा पराई जस्तो हुनुपरेको गुनासो गरिरहेको अवस्थामा २०६७/७/१८ गते बसेको उच्चस्तरीय राजनीतिक कार्यदलको बैठकबाट गैर आवासीय नेपालीलाई आर्थिक, सामाजिक अधिकार सहित र राजनीतिक अधिकार विहिन दोहोरो नागरिकता प्रदान गर्ने विषयमा उच्चस्तरीय राजनीतिक सहमति भएको छ । (गोरखापत्र राष्ट्रिय दैनिक १९ कार्तिक: १) जसबाट भोलिका दिनमा गैर आवासीय नेपालीहरू आफ्नो भूमिमा अपनत्वका आधारमा नेपालको श्रीबृद्धिमा लाग्ने र रहने सम्भावना देखिएको छ ।


तालिका नं.४.१०

नागरिकता सम्बन्धमा मधेशवादी दलहरूको विशेष जोडका वारेमा उत्तरदाताहरूको जवाफ

| कारण | संख्या | प्रतिशत |
|---|---|---|
| मधेशीहरूले सजिलै नागरिकता पाउन नसकेकाले | ज्ञ | घाघघ |
| जनसंख्या वृद्धिसँगै नागरिकता वितरण प्रक्रिया समयानुकूल बनाउन नसकिएकोले | द्ध | ज्ञघाघघ |
| खुल्ला सिमानाको कारण नागरिकता वितरण प्रक्रिया विवादित बन्दै आइरहेकाले | ज्ञछ | छण |
| दलहरूको विदेश परस्त नीति | ज्ञण | घघाघघ |
| थाहा छैन | ण्ण | ण्ण |
| **जम्मा** | **घण** | **ज्ञण्ण** |

*स्रोत: स्थलगत सर्वेक्षण, २०६७ ।*

उपरोक्त तालिकालाई निम्न वृत्तचित्रमा देखाइएको छ ।




नागरिकता वितरणका विषयमा मधेशवादीहरूले पहिलेदेखि नै चर्को आवाज उठाइरहेका हुन् ? किन होला ? भनी सोधिएको प्रश्नमा मधेशीहरूले सजिलै नागरिकता पाउन नसकेका कारणले भन्ने जवाफ १ जनाले, मधेशको जनसंख्या बृद्धिसँगै नागरिकता वितरण प्रक्रियालाई समयानुकूल बनाउन नसकिएकोले भन्ने जवाफ ४ जनाले, खुल्ला सिमानाको कारण नागरिकता वितरण प्रक्रिया विवादित बन्दै आइरहेकाले भन्ने जवाफ १५ जनाबाट राजनीतिक दलहरूको विदेशपरास्त रणनीतिले भन्ने जवाफ १० जनाबाट र थाहा छैन भन्नेमा कसैको पनि जवाफ पाइएन ।

हाम्रो देशको पश्चिम, दक्षिण र पूर्वमा गरी तीन भाग छिमेकी मुलूक भारतसँगको करीब १८०० कि.मि. क्षेत्रफल खुल्ला सिमाना रहेको र त्यहाँ बसोवास गर्ने

अधिकांश भारतीय मूलका बासिन्दा रहेको जसको रहनसहन, भेषभूषा, सामाजिक सांस्कृतिक लगायत विविध कुरामा एकरूपता पाइन्छ । मुलूकले नागरिक र अनागरिकको भेद छुट्याउने गरी खासै व्यवस्था गरेको छैन । भारतीय र मधेशीहरू हेर्दा एकैखालको देखिने हुँदा र मधेशमा अधिकांश भारतीयहरू व्यवसायका लागि मधेशमा र मुख्य गरी व्यापारिक नाका र जिल्लाका प्रमुख व्यापारिक स्थानमा रहने र व्यापार र राजनीतिमा समेत मजबुद पकड राख्ने हुँदा उनीहरूले (भारतीयहरूले) आफू पनि यहाँको नागरिक हो भन्ने लविङ्ग गर्ने गरिएको पाइन्छ भन्ने अर्कोतर्फ भारतले समेत मधेशमा रहने भारतीय मूलका मानिसहरू प्रति नेपालले नागरिकता वितरणमा अनेक शर्त र अनावश्यक प्रक्रिया तोकि नागरिकताबाट वञ्चित गरेको भन्ने आरोप लगाउने गरेको पाइन्छ । केही समय अगाडि मधेश आन्दोलनसमेत एक हदसम्म यसै मुद्दामा केन्द्रीत भएको पाइन्छ, जसबाट नागरिकलाई नागरिकता वितरण गर्ने भन्दा पनि व्यक्तिलाई नागरिकता वितरण गर्ने संवैधानिक र कानून व्यवस्थाको सुत्रपात भयो । त्यसमा पनि मधेशवादी दलहरू प्रत्यक्ष-अप्रत्यक्ष रूपमा विशेष गरेर भारतप्रति बढी झुकाव भएको र भारतले आफ्नो स्वार्थ पूरा गर्न यी राजनैतिक पार्टी लगायत अन्य भारत परस्त पार्टीहरूलाई आर्थिक लगायत विभिन्न सहयोग गर्दै आएको पाइन्छ । अर्को तर्फ नागरिकताको खास ठोस नीति के हुने भन्ने कुरामा नीति निर्माण कर्ता राष्ट्रवादी राजनीतिक दलहरूले ठम्याउन सकेका छैनन् । ठम्याइहाले पनि देशका प्रमुख राजनीतिक दलहरू समेत भारत परस्त नीतिका कारणले राष्ट्रवादी दलहरू, नीति निर्माणकर्ता लगायतका व्यक्तिहरू अल्पमतमा पर्न पुगेकोले यो स्थितिको सृजना हुन पुगेको हो ।

हाम्रो यस अनुसन्धानको क्रममा जनसंख्याको ५०% ले खुला सिमानाको कारण नागरिकता वितरण प्रक्रिया विवादित बन्दै आइरहेकोले भन्ने जवाफ दिएको पाइयो । राज्यले कुनै आफ्नो नागरिक हो होइन भन्ने लगत नराखेको अवस्थामा भाषा, संस्कृति, रहन-सहन, भेषभूषा र विवाहावारी लगायतका सम्बन्धमा कारण दुई देशका नागरिकबीच निर्वाध रूपमा आवतजावतको कारणबाट नागरिकता खोज्ने व्यक्ति नागरिक हो होइन प्रयाप्त कागज प्रमाणको खोजी हुनु स्वभाविक नै भएको हुँदा यसमा राजनीतिक स्वार्थका कारण यसलाई व्यवस्थित गरी समस्या समाधानको बाटो अवलम्वन गर्नुको साटो यत्तिकै थामथुम गर्ने काम चलाउ नीति अख्तियार गर्ने

चुनावको समयमा यो मुद्धालाई उठाइ राजनीतिक दलहरूले भोट आफ्नो पोल्टामा पार्ने अचुक अस्त्रको रूपमा प्रयोग गर्ने गरेको पाइएको छ । फुर्सतमा विदेशी हस्तक्षेप, राष्ट्र-राष्ट्रियता माथि आँच आउने भयो भन्ने र नेपालको एक इन्च भूमि पनि हस्तक्षेप हुन दिदैंनौ भनी चर्को आवाज उठाउने तर देशको हजारौं एकड भूमि भारतले हडपिसक्दा पनि औपचारिक रूपमा प्रतिवाद गरी आफ्नो भूमिको संरक्षण गर्न नसक्ने र उसका आफ्ना नागरिकहरूलाई यो देशमा ल्याई नागरिकताको प्रमाण पत्र दिलाउने संवैधानिक/कानुनी व्यवस्था यिनै भारत परस्त राजनैतिक पार्टीहरूले गरिसकेपछि कसरी यो देशको भूमि, राष्ट्र, राष्ट्रियता, सार्वभौमिकता जोगिन सक्दछ । त्यसो भएकाले यस बारेमा हर क्षेत्रबाट आवाज उठ्नु जरूरी छ । सर्वसाधारण जनताहरूमा यसको ज्ञान गराउनु जरूरी छ र भारत परस्त राजनीतिक पार्टीलाई सबक सिकाउनु आफू बस्ने घरको सुरक्षा गर्नु जरूरी भएको छ । अन्यथा हामी नेपाली आफ्नै देशमा अल्पमतमा पर्नेछौं, देश विदेश बन्नेछ । त्यसलाई रोक्नका निम्ति समयमा हरक्षेत्रबाट जागरूक र सचेत हुन जरूरी छ ।


तालिका नं.४.११

नागरिकता लिनेको संख्या मधेशमा बढी हुनुको कारण सम्बन्धमा उत्तरदाताको दृष्टिकोण

| **विकल्प** | **संख्या** | **प्रतिशत** |
|---|---|---|
| विगतमा नागरिकता लिने अवसरबाट वञ्चित भएकाले | द्द | टाटघ |
| खुकुलो नागरिकता नीति | ज्ञघ | द्धघाघघ |
| गैर नागरिकले नागरिकता लिएकाले | ज्ञद्द | द्धण |
| थाहा छैन | घ | ज्ञण |
| **जम्मा** | **घण** | **ज्ञणण** |

*स्रोत: स्थलगत सर्वेक्षण, २०६७ ।*

उपरोक्त तालिकालाई तलका स्तम्भ चित्रबाट पनि हेर्न सकिन्छ ।




लोकतान्त्रिक आन्दोलनपछि जारी गरिएको 'नेपाल नागरिकता ऐन, २०६३' को आगमनसँगै थुप्रै व्यक्तिले नागरिकताको प्रमाणपत्र लिए यसको संख्या मधेशको जिल्लाहरूमा अपेक्षाकृत बढी रह्यो । यसको कारण के ठान्नु हुन्छ ? भनी सोधिएकोमा विगतमा नागरिकता विहिन भएका कयौं मधेशीहरूले नागरिकता पाएकोले त्यस्तो भएको हो भन्नेमा दुईजनाको जवाफ, नागरिकता सम्बन्धी अत्यन्तै खुकुलो नीति भएकोले यसको दुरूपयोग भयो भन्नेमा १३ जनाको जवाफ थुप्रै गैर नागरिकले गैर कानूनी तवरले नेपाली नागरिकता प्राप्त गरेकोले यस्तो वृद्धि भएको हो भन्नेमा १२ जनाको जवाफ र थाहा छैन भन्नेमा ३ जनाको जवाफ आएको पाइयो । यस तथ्याङ्कलाई निम्न तालिकाबाट हेर्न सकिन्छ ।

यसरी प्राप्त तथ्याङ्कका आधारमा भन्न सकिन्छ कि मधेशीहरूले केही हदसम्म नागरिकता प्राप्तिमा कठिनाइ भोगेको कुरालाई स्वीकार गरेको पाइन्छ जसको कारणमा २००९ सालमा जारी गरिएको नागरिकता ऐनले जन्म र अङ्गिकृत नागरिकता प्राप्तिलाई स्वीकार गरेको थियो जसलाई २०२० सालमा जारी गरिएको 'नागरिकता ऐन, २०२०' ले समेत अस्वीकार गरी जन्मका आधारमा नागरिकता प्राप्त गर्न चाहने नेपाली नागरिकले २०३७ साल चैत्रसम्मको मिति तोकि नागरिकता रोजिसक्नुपर्ने समयावधी निश्चित गऱ्यो जसका कारणबाट मधेशमा रहेका शिक्षा र चेतना नपुगेका कारण कतिपयले समयमा सचेत नभएको कारणबाट नागरिकता प्राप्तिबाट वञ्चित भएको पाइन्छ । त्यस्तै गरी २०४७ सालको नेपाल अधिराज्यको संविधान जारी भएपछि

अङ्गिकृत नागरिकता प्राप्त व्यक्तिहरूले आफ्ना सन्तानहरू नागरिकताको अधिकारबाट वञ्चित भएको गुनासो आउन थाल्यो । किनकी- अङ्गिकृत नागरिकता प्राप्त व्यक्तिको सन्तान जो नागरिकता प्राप्त गरेपछि जन्मेका हुन् तिनलाई वंशजका नाताबाट नागरिकता दिने व्यवस्था गरी सो नागरिकता प्राप्त गर्नु अगावै जन्मेका सन्तानलाई नागरिकता प्राप्तिमा संवैधानिक रूपमा नै निषेध गरेका कारणबाट एकै घरमा नै कोही नागरिक र कोही अनागरिक हुने स्थिति देखिन पुग्यो ।

दोस्रो जनआन्दोलनको सफलता पश्चात् संविधान सभाको निर्वाचनको अभियान चलिरहेकै समयमा मधेशवादी पार्टीहरूले विभिन्न भाग राखी आन्दोलनलाई चर्काए । जसमा नागरिकता प्राप्तिको सुनिश्चितता हुनुपर्ने माग प्रमुख रूपमा उठेको पाइन्छ । जसलाई संवोधन गर्ने नाउँमा राज्यले सम्वत् २०४६ साल चैत्र मसान्तसम्म नेपाल सरहदभित्र जन्म भइ नेपालमा स्थायी रूपले बसोवास गर्दै आएको व्यक्ति जन्मको आधारमा नेपालको नागरिक हुनेछ भन्ने कानूनी व्यवस्था गऱ्यो । जसका आधारमा गैर नागरिकसमेत यस्तो सजिलो खुकुलो कानूनी प्रावधानलाई टेकेर नागरिक बन्ने हर प्रयत्न गरेको कुरा नागरिकता प्रदान गर्ने अभियानको समय अर्थात् नागरिकता प्राप्तिको समयमा समातिएका तिव्बतीयन, भुटानी र भारतीय नागरिकहरूबाट अभिव्यक्त कुराहरूबाट प्रष्ट हुन्छ । कैयौं स्थानमा भारतीयहरूले नागरिकता प्राप्त गर्न नसकेपछि नागरिकता वितरण टोलीलाई कतिपय ठाउँमा धाकधम्की दिने र थुनछेकसमेत गरेको घटना ताजै रहेको छ । यस्तो अवस्थामा सही व्यक्तिले निश्चित विधि पूरा गरेर नेपाली नागरिकता मात्र पाएका छैनन् अन्य गैर-व्यक्तिहरूको घुसपैठसमेतका कारणबाट मधेशमा नागरिकता प्राप्त गर्ने व्यक्तिको संख्या अत्याधिक रहेको देखिएको छ ।

तालिका नं. ४.१२


२०६३ को नागरिकता सम्बन्धी नीतिका प्रभावहरू सम्बन्धमा उत्तरदाताको व्यक्त विचार

| प्रभाव | संख्या | प्रतिशत |
|---|---|---|
| राजनीतिक अस्थिरता बढाएको छ | ञघ | ढघ।घघ |
| सामाजिक समस्या ल्याएको छ | ठ | द्दघ।घघ |
| दोहोरो नागरिकताको समस्या आउँछ | ठ | द्दघ।घघ |
| अर्थ व्यवस्थामा प्रभाव पार्छ | द्द | ट।टट |
| भन्न सकिदैन | ञ | घ।घघ |

| | | |
|---|---|---|
| **जम्मा** | घण | ज्ञण्ण |

*स्रोतः स्थलगत सर्वेक्षण, २०६७।*

यस तालिकालाई निम्न रेखाचित्रमा देखाउन सकिन्छ।




२०६३ को नागरिकता सम्बन्धी नीतिले नागरिकता लिने संख्यामा अस्वाभाविक वृद्धि गरायो। यसको प्रभाव के देख्नु हुन्छ भनी सोधिएको प्रश्नमा गैर नागरिकले नागरिकता लिएकाले राजनीतिक अस्थिरता बढाउँदछ भन्नेमा १३ जना, सामाजिक एवं अन्य आपराधिक घटनाहरूमा वृद्धि हुनसक्छ भन्नेमा ७ जना, दोहोरो नागरिकताको समस्या आउन सक्छ भन्नेमा ७ जना र देशको अर्थ व्यवस्थामा नकारात्मक प्रभाव पर्न सक्छ भन्नेमा २ जना र भन्न सकिदैन भन्नेमा १ जनाको जवाफ प्राप्त भएको छ। जसलाई तलको तालिकाले प्रष्ट पारेको छ।


तालिका नं. ४.१३

संघीय व्यवस्थामा उपर्युक्त नागरिकता वितरण प्रणालीसम्बन्धी व्यक्त विचार

| **विकल्प** | **संख्या** | **प्रतिशत** |
|---|---|---|
| केन्द्रबाट मात्र वितरण गर्ने (एकोहोरो) वितरण प्रकृया | द्व | ज्ञघ।घघ |
| प्रान्त वा प्रदेशबाट मात्रै वितरण हुनुपर्छ | ट | द्दण।ण्ण |
| स्थानिय निकायबाट | ज्ञघ | द्वघ।घघ |
| केन्द्र र प्रान्त दुवै (दोहोरो) | छ | ज्ञट।टठ |
| थाहा छैन | द्द | ट।टठ |

| | | |
|---|---|---|
| **जम्मा** | घण | ज्ञणण |

*स्रोत: स्थलगत सर्वेक्षण, २०६७ ।*




नेपालमा संघीय शासन प्रणाली लागू भएपछि नागरिकता वितरण प्रणाली कस्तो हुनु उपर्युक्त होला भनी सोधिएको प्रश्नमा- केन्द्रबाट मात्रै वितरण गर्ने (एकोहोरो) प्रकृया राम्रो होला भन्ने ४ जना, प्रान्त वा प्रदेशबाट मात्र नागरिकता वितरण गर्नु ठीक होला भन्ने ६ जना, स्थानीय निकायबाट वितरण गर्नु नै राम्रो होला भन्ने १३ जना, केन्द्र र प्रान्त दुवैबाट वितरण गर्ने (दोहोरो) प्रकृया राख्नु नै उपर्युक्त होला भन्ने ५ जना र थाहा छैन भन्नेमा २ जनाको धारणा रहेको देखियो ।

यसरी प्राप्त तथ्याङ्कलाई हेर्दा के देखिन्छ भने उत्तरदाताहरूमा नागरिकताको गम्भिरता र केन्द्रीय शासन पद्दति र अझै संघीय शासन पद्दतिका विषयमा स्पष्टता नभएको जस्तो देखियो । विभिन्न शासन पद्दति अंगालेका मुलूकहरूमा राज्यका नागरिकहरूलाई केन्द्रीय सरकार, प्रान्तीय र केन्द्र तथा प्रान्त दुवैबाट नागरिकताको प्रमाणपत्र वितरण गरिने प्रचलन रहेको पाइन्छ । तथापी हाम्रो शोध प्रश्नावलीको उत्तरदाताहरूको मध्ये ४३.३३% को जवाफ स्थानीय निकायबाट वितरण गर्नु नै राम्रो होला भन्ने प्राप्त भयो ।

त्यस्तो गरी वर्तमान समयमा हाम्रो देशमा संविधान निर्माणका लागि गठित संविधानसभा संविधानमा समावेश गरिने विषयमा विवाद भएकाले ति विषयको समाधानका लागि उच्च स्तरीय राजनीतिक कार्यदल गठन भइ सोको प्रयासमा संघीय

शासन व्यवस्थामा प्रान्तीय पहिचान सहितको एकल नागरिकताको व्यवस्था गरिने र सोको वितरण केन्द्रीय सरकारबाट गरिने विषयमा राजनीतिक सहमति भएको अवस्था विद्यमान रहेको छ ।

अन्तमा नेपालको नागरिकता वा नागरिकता वितरण पद्दतिसम्बन्धी तपाईको थप के भन्नु छ कि भनी खुल्ला प्रश्न सोधिएकोमा ९ जना उत्तरदाताबाट जवाफ प्राप्त हुन नसकेको र बाँकी २१ उत्तरदाताहरूबाट जवाफ प्राप्त भएको जुन निम्नानुसार उल्लेख गरिन्छ ।

नेपालको नागरिकता वा नागरिकता वितरण पद्दतिसम्बन्धी तपाईंको थप केही भन्नु छ की ? भनी सोधिएकोमा अधिकांश उत्तरदाताबाट जवाफ प्राप्त नभएको र प्राप्त भएका जवाफहरू निम्नानुसार दिइएको पाइयो ।

वंशजको नाताले मात्र नभै आमाको नाउँबाट पनि नागरिकता पाउनुपर्ने, नेपालको नागरिकता वितरणको पद्दतिलाई समयसापेक्ष रूपमा विकास गर्नु अत्यन्त आवश्यकता देखिएको नागरिकता प्रदान गर्न नियम कानून स्पष्ट र वैज्ञानिक हुनुपर्छ । विवेकको प्रयोग गरी नागरिकताको आधिकारीकता बुझ्ने व्यवस्था कार्यालय आफैले गर्नुपर्ने, नागरिकता ऐन-नियममा भएका व्यवस्थालाई कडा रूपले पालना गर्नुपर्छ तर त्यसैमा टेकेर सेवाग्राहीलाई दुःख दिने नियत राख्नु हुँदैन । सोधपुछ कक्षको व्यवस्था गरी सेवाग्राहीलाई सुविधा पुऱ्याउने व्यवस्था हुनुपर्छ ।

नागरिकता ऐन २०६३ बमोजिम नेपाली नागरिकताको प्रमाणपत्र वितरण कार्य स्थानीय निकायको सहयोगमा स्थानीय स्तरमा नै भएमा सोझासाझा जनता र अपाङ्गहरूमा सहयोग पुग्ने थियो । स्थानीय निकायबाट प्रकृया पुऱ्याई वितरण गरेको अस्थाथी नागरिकताको प्रमाणपत्रलाई जिल्ला प्रशासन कार्यालयले अभिलखे राखी निश्चित अवधि पश्चात् स्थायी नागरिकताको प्रमाणपत्र प्रदान गर्ने कानूनी व्यवस्था गर्नुपर्ने र वितारित नागरिकताको शुद्धता पारदर्शिता र सेवाग्राहीले प्राप्त गरेको भरपर्दो सेवा समेतको मूल्याङ्कनका लागि अनुगमन मूल्याङ्कन हुनुपर्दछ । विद्यमान नागरिकता ऐन-नियमलाई समयानूकल सुधार गरी नागरिकता वितरणको कार्यलाई सर्वसुलभ गराउनु पर्दछ । नागरिकता राष्ट्रिय पहिचान हो, राष्ट्रिय पहिचानलाई खुकुलो पारियो भने गैर नेपाली नागरिकहरूले नेपाली बन्ने अवसर प्राप्त गर्न सक्दछन् । यसले राष्ट्रमा अस्थिरता सृजना गर्दछ भने अपराधिक घटनाले मौलाउने ठाउँ पाउँदछ । तसर्थ नेपाली

नागरिकले अत्यन्त सरल र छिटो-छरितो तरिकाबाट पाउन सकुन् भने गैर नेपालीले नागरिकता पाउन नसक्ने व्यवस्था गर्नु आवश्यक रहेको छ तथा दण्ड सजाँय कार्यान्वयनमा समेत जोड दिन आवश्यक रहेको छ ।

नेपाली नागरिकताको प्रमाणपत्र उपलब्ध गराउनको लागि सिफारिस गर्दा सिफारिस गर्ने व्यक्तिले स्पष्ट पहिचान गरेको व्यक्तिलाई मात्र सिफारिस गर्नुपर्नेमा जनप्रतिनिधिको अभावमा गा.वि.स./न.पा. मा कार्यरत सचिवहरूबाट सिफारिस गर्नुपर्ने वाध्यात्मक व्यवस्थाले गलत व्यक्तिको सिफारिस हुने संभावना रहेको हुँदा यसमा सुधार हुनुपर्ने देखिन्छ । नेपालमा २०६३ को नागरिकता सम्बन्धी नीतिले नागरिकता लिने संख्यामा अत्याधिक बृद्धि गरायो । राज्यले नागरिकताको बारेमा गम्भिर भएर सोच्नुपर्ने स्थिति आएको छ । विज्ञहरूको विना सल्लाह हचुवाको भरमा आएको नीतिबाट नागरिकता वितरणले पक्कै पनि देश र जनताका लागि हानी-नोक्सानी हुन्छ नै । यसमा नागरिकताको विषयलाई केवल राजनीतिसँग नजोडी वास्तविक नागरिकता प्राप्त गर्ने व्यक्तिहरूलाई मात्र वितरण गर्नु पर्दछ । नागरिकता वितरण प्रणालीलाई सरल र सहज बनाउने भन्दैमा नागरिकताको दुरूपयोग गर्ने, दोहोरो नागरिकता लिने सम्भावना तथा अन्य कमी-कमजोरीहरूको खोजविन गरी व्यवहारिकता तथा दूरदृष्टि राखेर नागरिकता सम्बन्धी व्यवस्था गर्नु जरूरी भएको छ ।

नागरिकताको आधार प्रष्टाउनको लागि राष्ट्रिय परिचयपत्र र फोटो सहितको मतदाता परिचयपत्रलाई मानिने व्यवस्था हुनुपर्ने । नागरिकता सम्बन्धी व्यवस्थाका लागि राष्ट्रब्यापी सञ्जाल ९ल्भतधयचप० खडा गरी अभिलेखीय आधारमा वितरण प्रणालीलाई सरलीकृत बनाइनु पर्छ । दोहोरो नागरिकता सम्बन्धमा नेपालको सामाजिक जीवनमा अतुलनीय योगदान दिने गैर नेपाली र नेपाली मुलकका गैर नेपालीलाई नागरिकता दोहोरो रूपमा दिनुपर्छ तर त्यसको वस्तुगत आधार खडा गरी मात्र वितरण गर्नुपर्छ । जन्म वा वंशजको आधारमा 'नेपाल नागरिकता ऐन, २०६३' बमोजिम २०६३ सालमा दिइएका नागरिकताको व्यापक रूपमा छानवीय गरी वास्तविक रूपमा जन्मको आधारमा पाए नपाएको पुनरावलोकन गरी गैर व्यक्तिले पाएको खारेज वा रद्ध गरिनुपर्छ । राष्ट्रिय स्वतन्त्रता, स्वाधिनता र राष्ट्रिय अक्षुणता कायम राख्न नेपाल जस्तो भू-परिवेष्ठित राष्ट्रको लागि नागरिकताको प्राप्तिमा कठोर नीति लिनुपर्छ । नागरिकता सम्बन्धी ऐन कानूनको विद्यमानता रहँदारहँदै पनि त्यसलाई सही कार्यान्वयन नहुँदा वा

उचित कानूनी कारवाही नहुँदा खराब तथा गैर नागरिकहरूले नेपाली नागरिकता लिइरहेका छन् । 'नेपालमा अन्तरीम संविधान, २०६३' को शुभारम्भसँगै नागरिकता प्राप्तिको लागि निकै खुकुलो बनाइएको छ । जसको परिणाम तराईका घटनालाई हेर्न सकिन्छ । यस्ता समस्यालाई सरल रूपले समाधान गर्ने क्रममा रेकर्ड अध्यावधिक गर्नुपर्ने, प्रहरी मुचुल्का, मतदाता नामावलीलाई आधार मानेर नागरिकता वितरण पद्दति कायम गर्नुपर्ने देखिन्छ ।

# परिच्छेद- पा“च

# निश्कर्ष र सुझावहरू

## ५.१ निश्कर्ष

नागरिकता व्यक्ति र राज्यबीचको सम्बन्धको त्यस्तो सूचक र माध्यम हो जसका आधारमा राज्य र व्यक्तिले एक अर्कासँग आपसी व्यवहार गर्नुका अतिरिक्त एवं अधिकार र कर्तव्यको सिमा निर्धारण गर्दछन् । कुनै राज्यको सदस्य उसका अधिकार र कर्तव्य कानूनद्वारा निर्धारित हुन्छ, त्यस्तालाई नागरिक भनिन्छ । नागरिकताको सम्बन्धमा प्राचीन इतिहासलाई हेर्दा ग्रीक दार्शनिक प्लेटोले आदर्श राज्यको कल्पना गरेका र उक्त आदर्श राज्यमा ३ वर्ग शासक, सैनिक र उत्पादक (श्रमिक) रहने र यी मध्ये राजनीतिक क्रियाकलापमा संलग्न व्यक्तिको सेवा अन्य दुई वर्गले गर्नुपर्ने हुँदा शासक वर्गलाई नागरिकको मान्यता दिएको पाइन्छ । त्यस्तै गरी अर्का विद्वान् अरस्तुले “न्याय प्रशासन तथा राजकीय पद प्राप्त गर्न काम गर्ने व्यक्ति नागरिक हो” भनी परिभाषित गरेको पाइन्छ ।

प्राचीन ग्रीस तथा रोममा दास, नारी र बालबालिकालाई नागरिकका रूपमा स्वीकार गरिएको पाइदैन । रोमनहरूले आफ्नो साम्राज्यलाई वैधानिकता दिनुका लागि नागरिकतालाई स-साना समुदायबाट साम्राज्यमा विस्तार गरेको पाइन्छ । जब रोमन लगायतका साम्राज्यहरूको पतन भइ १८औं शताव्दीतिर राष्ट्रिय राज्यको भावनाको विकास हुन थाल्यो, यस पश्चात् मात्र आधुनिक नागरिकता सम्बन्धी धारणाको विकास भएको पाइन्छ जसको महत्वपूर्ण कारकको रूपमा अमेरिकी स्वतन्त्रता आन्दोलन र फ्रान्सको राज्य क्रान्ति रहेको पाइन्छ ।

मानवअधिकारसम्बन्धी धारणा र यसको विकासको अभियान सँगसँगै मानिसहरू बीच लिङ्ग, वर्ग, उत्पत्ति जस्ता कुनै पनि आधारमा व्यक्तिलाई नागरिकताका लागि विभेद गर्न नहुने मान्यता र अभ्यास विकसित हुँदै आएको पाइन्छ । नागरिकता राज्यको विशेषाधिकारको विषयबाट क्रमशः व्यक्तिको राष्ट्रियता विहिनताको समस्या समाधान गर्ने राष्ट्रको सकारात्मक कर्तव्यको रूपमा, मानवअधिकारको रूपमा समेत विकसित हुँदै गएको छ जसलाई विश्वका अन्तर्राष्ट्रिय विभिन्न दस्तावेजहरूले राष्ट्रियतालाई व्यक्तिको

मानवअधिकारको रूपमा आत्मसाथ गरेको पाइन्छ । अन्तर्राष्ट्रिय कानूनहरूमा प्रयोग गरिएको राष्ट्रियताम्बन्धी व्यवस्था अवधारणालाई नेपालमा नागरिकताको रूपमा प्रयोग गरिएको पाइन्छ ।

नागरिकताका सम्बन्धमा विभिन्न राष्ट्रहरूले आफ्नो सामाजिक परम्परा, भू-राजनीतिक विशिष्ठता लगायतका आधारमा नागरिकता प्राप्ति र समाप्तिका आधारहरू तय गर्ने गरिएको पाइन्छ । विश्वमा मुख्य गरी नागरिकता प्राप्तिका आधारहरूमा वंशजको आधार ९व्ाक क्बलनगष्लक० र जन्मको आधार ९व्ाक क्यष्ि० भए तापनि प्रचलित अन्तर्राष्ट्रिय परम्परा मान्यता र प्रचलन समेतलाई आधार मानी नेपालमा पनि वंशज, जन्मको आधार, अङ्गिकरणको आधार, छनौटको आधार, भौगोलिक क्षेत्र गाभिंदाको आधार तथा सम्मानार्थ नागरिकता प्राप्तिका आधारहरू तय गरिएको पाइन्छ, ।

त्यसैगरी नागरिकता समाप्तिका आधारहरू पनि निश्चित गरिएको छ । जसअनुसारः- परित्याग, लोप, निष्काशन⁄वञ्चित आदि ।

यसरी नागरिकता सम्बन्धमा विभिन्न मुलूकहरूले विभिन्न विधीहरूलाई अङ्गिकार गरेको कारणबाट व्यक्ति राज्य र राष्ट्रियता विहिन हुन नपरोस् भनी अन्तर्राष्ट्रिय दस्तावेद तयार गर्दा यसलाई समेत ध्यान दिएको पाइन्छ ।

नागरिकता सम्बन्धमा भारत, अमेरिका, बेलायत र चिनिया नागरिकता सम्बन्धी व्यवस्थालाई नियाल्दा यी मुलूकहरूले नागरिकता सम्बन्धी प्रश्नलाई संवैधानिक रूपमा नै व्यवस्थित गरेको पाइन्छ । यी मुलूकमध्ये सबैले नागरिकता प्राप्तिका प्रमुख आधारहरू मध्ये भारत, अमेरिका र बेलायतले जन्म र वंशज दुवै आधारहरूलाई अङ्गिकार गरेको पाइन्छ भने चीनले नागरिकता प्राप्तिको आधार वंशज ९व्ाक क्बलनगष्लुक० लाई मात्र अङ्गिकार गरेको पाइन्छ ।

नेपालको कानूनी एवं संवैधानिक इतिहासलाई नियाल्दा यसको इतिहास त्यति लामो रहेको पाइदैन । त्यसमा पनि नेपालको नागरिकता सम्बन्धी संवैधानिक इतिहासलाई हेर्दा नेपालले नागरिकता सम्बन्धी व्यवस्थालाई 'नेपालको संविधान, २०१९' मा मात्र संवैधानिक रूपमा स्थापित गरेको पाइन्छ भने यसलाई कानूनी रूपमा पहिलो पटक 'नेपाल नागरिकता ऐन, २००९' मार्फत् व्यवस्थित गरिएको पाइन्छ । समय क्रमैसँग नागरिकता सम्बन्धी व्यवस्थालाई समय सापेक्ष रूपमा आत्मसाथ गर्दै अगाडि बढेको पाइन्छ । नागरिकता सम्बन्धी पहिलो कानूनी व्यवस्थाले नागरिकता सम्बन्धी

वंशज र जन्मको आधारलाई स्वीकार गरेको पाइन्छ भने 'नेपालको संविधान, २०१९' ले यसलाई संवैधानिक रूपमा संस्थागत गरेको पाइन्छ तापनि 'नेपालको संविधान, २०१९' मा भएको तेस्रो संशोधन २०३७ ले जन्मका आधारमा नागरिकता दिने परिपाटीलाई खारेज गरी वंशजको आधारलाई मात्र संवैधानिक स्वीकृति दिएको पाइन्छ । त्यसैगरी 'नेपाल अधिराज्यको संविधान, २०४७' ले समेत नागरिकता प्राप्तिको वंशजको आधारलाई मात्र स्वीकार गरेको पाइन्छ । तथापि 'नेपालको अन्तरिम संविधान, २०६३' ले नागरिकता सम्बन्धमा जन्मको आधारलाई समयहद तोकि संवत् २०४६ साल चैत्र मसान्तसम्म नेपाल सरह हदभित्र जन्म भइ नेपालमा स्थायी रूपले बसोबास गर्दै आएको व्यक्तिले प्रचलित कानून बमोजिम जन्मको आधारमा नेपालको नागरिकता प्राप्त गर्नेछ (धारा ८ (५) भन्ने व्यवस्थालाई संवैधानिक रूपमा नै ग्यारेन्टी गरेको छ । यसरी हेर्दा नेपालले खास कुन आधारलाई लिइएको छ भन्ने कुनै निश्चित आधार छैन । कुनै समयमा बंशजलाई त कुनै समयमा जन्मलाई वा कुनै समयमा दुवैलाई मान्ने काम गरेबाट अत्यन्तै ढुलमुले नीति अख्तियार गरेको प्रष्टै देखिन्छ, जुन राम्रो होइन ।

'नेपालको अन्तरिम संविधान, २०६३' को घोषणा पश्चात् २०६४ साल चैत्रमा सम्पन्न संविधान सभाको निर्वाचनमा प्रवासी नेपालीलाई नागरिकता सम्बन्धी नीतिका सम्बन्धमा विभिन्न राजनीतिक दलहरूले आफ्नो घोषणापत्र, प्रतिबद्धता पत्रहरूमा विभिन्न धारणा राखेको पाइन्छ । जसअनुसार ने.क.पा. (माओवादी) ले अन्तर्राष्ट्रिय मापदण्ड अनुरूप भारत लगायत विश्वका विभिन्न देशमा रहेका प्रवासी नेपालीहरूलाई दोहोरो नागरिकताको व्यवस्था गर्ने नीति राखेको नेपाली काँग्रेसले अन्तर्राष्ट्रिय मान्यतालाई ध्यान दिंदै सबै वैयक्तिक अधिकार एवं स्वतन्त्रतालाई सुरक्षित गरिने भन्ने उल्लेख गरिएको देखिन्छ ।

ने.क.पा. (एमाले) ले नेपाली नागरिकलाई विना भेदभाव सुलभ ढंगले नागरिकता पाउनु पर्ने र विदेशमा रहेका गैर आवासीय नेपालीहरूलाई नागरिक सरह सुविधाहरू उपलब्ध गराइने र कामको सिलसिलामा प्रवासमा रहेका नेपाली नागरिकहरूको यथार्थ तथ्याङ्क राख्दै उनीहरूको हक सुरक्षा गर्ने उल्लेख गरिएको छ ।

मधेशी जनअधिकार फोरम नेपालले आफ्नो घोषणापत्रमा मधेसको मुल समस्या र मधेसीको अन्य मुल समस्याहरू भनी मधेसीको अन्य मुल समस्यामा नागरिकताको समस्यालाई औल्याइएको छ । त्यसैगरी तराई मधेश लोकतान्त्रिक पार्टीले संविधान

सभाको निर्वाचनमा प्रकाशित अवधारणापत्रमा धरतीपुत्रलाई विन जालझेल नागरिकता र समानअधिकार माग गरेको छ । लामो समयसम्म तराईका मधेसीहरू नागरिकता पाउने कानूनी अधिकारबाट वञ्चित रहेको उल्लेख गरिएको छ ।

राष्ट्रिय जनमोर्चाले 'नेपाल नागरिकता ऐन, २०६३' मा व्यवस्था गरिएको जन्मको आधारमा नागरिकता प्रदान गर्ने प्रावधानले देशको राष्ट्रियतामा आँच पुग्ने, विदेशीहरू नेपालका नागरिक बन्न सक्ने, लगायतका प्रावधानहरू खारेज हुनुपर्ने तथा विदेशीहरूलाई दिइएको नागरिकता बारे छानवीच गरी खारेज गरिनु पर्दछ भन्ने उल्लेख गरेको पाइन्छ ।

'नेपाल नागरिकता ऐन, २०६३' ले तत्कालिन संविधानको धारा ८ को व्यवस्थाको विपरित हुने गरी ऐनमा व्यवस्था गरिएको र यसको व्यापक रूपमा विरोध र कानून व्यवसायीद्वारा सर्वोच्च अदालतमा समेत रिटको माध्यमद्वारा नागरिकता ऐनलाई संविधान विपरित घोषित गर्न माग गरिएकोमा सर्वोच्च अदालतद्वारा परिवर्तित परिवेश भन्दै नागरिकता जस्तो अत्यन्तै संवेदशील विषयलाई राजनीतिक निर्णयको नाममा रिट खारेज भएको पाइन्छ । क्षेत्रफलको दृष्टिले नेपाल एक सानो मुलूक त्यसमा पनि तिब्बती, पाकिस्तानी, श्रीलंका, इराकी, इरानी, अफगानी, बंगाली, नाइजेरीयन, वार्मिज, भुटानी र भारतीयहरूको आप्रवासी समस्या भएको कुरा प्रष्ट छ । यसरी देखिएको समस्यालाई विद्यमान नागरिकता ऐन सकृय रहेको अवस्थामा यसले भविष्यमा समस्या ल्याउने कुरा निश्चित छ ।

'नेपालको अन्तरिम संविधान, २०६३' र 'नेपाल नागरिकता ऐन, २०६३' आउनु अगाडि नेपालमा बसेका भारतीय मूलका मानिसहरूलाई हेर्ने दृष्टिकोण सायद सही नभएको कारणबाट सरकारले हतारहतारमा छिमेकी राष्ट्रहरूको समेत दवावमा गलत नीति अख्तियार गरी 'नेपाल नागरिकता ऐन, २०६३' जस्तो राष्ट्रघाती ऐन पारित गर्न पुग्यो ।

केही निश्चित क्षेत्रका व्यक्तिहरूलाई यस 'नेपाल नागरिकता ऐन, २०६३' ले फाइदा पुऱ्याए पनि आम नेपालीहरूको बीचमा विवादास्पद रूपमा रहेको यस ऐनको बारेमा शोधपत्र तयार गर्ने क्रममा विभिन्न विधिबाट सङ्कलन गरिएको तथ्याङ्कबाट के देखिन्छ भने नागरिकताको प्रमाणपत्रले राष्ट्रियता र व्यक्तिको परिचय पत्रको रूपमा उत्तरदाताहरूले बुझेको पाइयो । नागरिकता वितरणको वर्तमान १६ वर्षको उमेरलाई

३० मध्ये २५ जना अर्थात् ८३.३३% उत्तरदाताले उपर्युक्त उमेर मानेको पाइयो । नागरिकताको प्रमाणपत्र लिने वर्तमान प्रकृयाका सम्बन्धमा ३० मध्ये २० जनाले थाहा छ र अन्य १० जनाले केही थाहा छ भन्ने उत्तर दिएकोले अधिकांशत नागरिक वर्तमान नागरिकता सम्बन्धी कानूनी व्यवस्थासँग परिचित रहेको देखियो । नागरिकता वितरणको आधार कुन उपर्युक्त हुन्छ भनी सोधिएकोमा ३० मध्ये २० जना अर्थात् ६६.६७% ले वंशजको आधारलाई र बाँकी १० जनाले वंशज, जन्म, अङ्गिकृत सम्मानको आधार र माथिका सबै भन्नेलाई उपर्युक्त मानेको देखियो । यसलाई हेर्दा अधिकांश उत्तरदाताबाट नागरिकता प्राप्तिको ९ब्वाक क्बलनष्बाकु० अर्थात् रगतको नाता) वंशजको आधारलाई उपर्युक्त ठानेको पाइयो । २०४६ साल चैत्रमसान्तसम्म नेपालमा जन्मी स्थायी बसोबास भएका व्यक्तिलाई नागरिकता दिने विद्यमान संवैधानिक र कानूनी व्यवस्थाका सम्बन्धमा सोधिएकोमा उचित छ भन्नेमा ६ जना अर्थात् २०%, बेठीक छ यसले समस्या समाधान गर्दैन, जटिलता थपेको छ भन्नेमा २२ जना अर्थात् ७३.३३% र थाहा छैन भन्नेमा २ जना अर्थात् ६.६७% प्राप्त तथ्याङ्कलाई हेर्दा विद्यमान व्यवस्थालाई आम नागरिकहरूबाट सकारात्मक रूपमा स्वीकार नगरिएको र आम भावना विपरित थोपारिएको दखियो, जसले दीर्घकालमा समस्याको रूपमा खडा हुन सक्दछ ।

विद्यमान नागरिकता वितरण प्रकृया कस्तो लाग्यो भनी सोधिएकोमा ३० मध्ये ७ जनाबाट सरल, २० जनाबाट ठीकै छ र ३ जनाबाट अव्यवहारिक छ भन्ने जवाफ प्राप्त भएको । नागरिकता वितरण प्रक्रियालाई अझै सरल बनाउन के गर्नुपर्ला भनि सोधिएकोमा गा.वि.स. वा नगरपालिकाबाटै वितरण हुनुपर्ने भन्नेमा ३० मध्ये १२, टोली खटाई वितरण गर्नुपर्ने भन्नेमा १२ र विद्यमान व्यवस्थाको निरन्तरताको पक्षमा ६ जनाको जवाफ प्राप्त भएकोमा नागरिकहरू आफ्नो गाउँ-ठाउँमा नै नागरिकताको प्रमाणपत्रको चाहना राखेको देखियो । नेपाल जस्तो सानो मुलूकमा जनसंख्याको वृद्धि जटिल समस्या बन्दै गएकोमा अङ्गिकृत नागरिकतासम्बन्धी व्यवस्थाका सम्बन्धमा उत्तरदाताहरू सकारात्मक नै रहेको देखियो । नेपाल नागरिकता ऐन, २०६३ को आगमनसँगै गरिएको नागरिकता वितरणमा थुप्रै छिमेकी राष्ट्रहरूका नागरिकहरूले नागरिकता प्राप्त गरेको सम्बन्धमा सम्पूर्ण उत्तरदाताहरूको यसको कारणमा विद्यमान नागरिकता वितरणसम्बन्धी व्यवस्थालाई कारकको रूपमा मानेको देखियो । नेपालको भू-राजनीतिक अवस्थाका आधारमा नेपालको सार्वभौकिता र अखण्डता सम्बर्द्धन गर्दै

राष्ट्र निर्माण गर्न अहिलेको नागरिकता सम्बन्धी नीति र व्यवस्थामा पुनरावोलकनको आवश्यकता ठान्नु हुन्छ भन्ने प्रश्नमा विद्यमान नीतिमा सुधार गर्नुपर्छ भन्नेमा ३० मध्ये २० जना अर्थात् दुई तिहाई उत्तरदाताहरू रहेको पाइएको छ ।

नागरिकताको प्रमाण-पत्रसँगसँगै व्यक्तिमा निश्चित खालको अधिकार र दायित्वहरू सृजना हुन्छन् । यसप्रति सजग रहने आदर्श नागरिक बनाउन के गर्नुपर्ला ? भनी सोधिएकोमा शिक्षा र चेतनाले नै अधिकार र दायित्व बोध हुनेमा बढीले जोड दिएको पाइयो ।

गैर आवासीय नेपालीले दोहोरो नागरिकताको माग गरी रहेको सन्दर्भमा यसको व्यवस्था गर्नु उपर्युक्त होला भनी सोधिएकोमा २६.६७% ले हुन्छ, ६६.६७% ले हुँदैन र ६.६७% ले थाहा नभएको जवाफ दिएको । उनीहरूलाई दोहोरो नागरिकता प्रदान गरियो भने त्यसको प्रभाव के हुन्छ भन्ने ठान्नु हुन्छ ? भन्नेमा देशको आर्थिक लगायता क्षेत्रमा सहयोग पुग्दछ २३.३३% को जवाफ, अपराधीले प्रश्रय पाउँदैछन् र देशको पूँजि पलायन हुने सम्भावना रहन्छ भन्नेमा ६६.६७% को जवाफ भने १०% उत्तरदाताले यसको प्रभाव थाहा नभएको बताए । गैर आवासीय नेपालहरूले नेपालको आर्थिक प्राविधिक लगायत अन्य थुप्रै क्षेत्रमा सहयोग पुऱ्याइरहेका छन् । यो निरन्तरताका लागि के गर्नुपर्ला भनी सोधिएकोमा सजिलै नेपाल आगमनको व्यवस्था, लगानी मैत्री वातावरण सृजना गर्नुपर्नेमा ६६.६७% को जवाफ रहेको, दोहोरो नागरिकताका व्यवस्था हुनुपर्ने २३.३३% र १०% उत्तरदाताहरूबाट थाहा नभएको जवाफ प्राप्त भयो । नागरिकता वितरणका विषयमा मधेशवादीहरूले पहिलेदेखि नै चर्को आवाज उठाई रहेका हुन् । किन होला ? भनी सोधिएकोमा ३० जना मध्ये १ जनाले मधेसीहरूले सजिलै नागरिकता पाउन नसकेको कारणले भन्ने जवाफ दिएको, ४ जनाले वितरण प्रक्रियालाई समयानुकुल बनाउन नसकिएकोले भनेको, खुल्ला सिमानाका कारण वितरण प्रक्रिया विवादित बनेको भनी १५ जनाको जवाफ र १० जनाबाट राजनीतिक दलहरूको विदेश परस्त रणनीति भन्ने जवाफ प्राप्त भएको यसको जवाफमा मिश्रित प्रतिक्रिया देखिएको छ । नेपाल नागरिकता ऐन, २०६३ को आगमनसँगै थुप्रै व्यक्तिले नागरिकताको प्रमाणपत्र लिए यसको संख्या मधेशका जिल्लाहरूमा अपेक्षाकृत बढी रह्यो । यसको कारणले के ठान्नुहुन्छ ? भनी सोधिएकोमा- विगतमा नागरिकता विहिन भएका कैयौं मधेसीहरूले नागरिकता पाएकोले भन्नेमा २ जना खुकुलो नीति भएकोले यसको दुरूपयोग भयो

भन्ने १३ जनाको जवाफ, गैर नागरिकले नेपाली नागरिकता प्राप्त गरेकोले वृद्धि भएको हो भन्ने जवाफ १२ र थाहा छैन भन्ने ३ जनाको जवाफ प्राप्त भयो ।

२०६३ को नागरिकतासम्बन्धी नीतिले नागरिकता लिने संख्यामा अस्वभाविक वृद्धि गरायो । यसको प्रभावको देख्नुहुन्छ ? भनी सोधिएकोमा गैर नागरिकले नागरिकता लिएकाले राजनीतिक अस्थितरता बढाउँदछ भन्ने १३ जनाको जवाफ, सामाजिक एवं अन्य अपराधिक घटनाहरूमा वृद्धि हुनसक्छ भन्ने ७ जनाको जवाफ, दोहोरो नागरिकताको समस्या आउन सक्छ भन्ने ७ जनाको जवाफ, अर्थव्यवस्थामा नकारात्मक प्रभाव पर्न सक्छ भन्ने २ जनाको जवाफ र भन्न सकिदैन भन्ने १ जनाको जवाफ यसलाई हेर्दा ९६.६७% उत्तर दाताहरूले विभिन्न खालको प्रभाव यसबाट सिर्जना हुन सक्ने जवाफ दिएको पाइयो ।

नेपालमा संघीय शासन प्रणाली लागु भएपछि नागरिकता वितरण प्रणाली कस्तो हुनु उपर्युक्त होला ? भनी सोधिएकोमा केन्द्रबाट मात्रै वितरण गर्ने (एकोहोरो) प्रकृया राख्न राम्रो होला भनी ४ जनाको जवाफ, प्रान्त वा प्रदेशबाट मात्र नागरिकता वितरण गर्नु ठीक होला भनी ६ जना, स्थानीय निकायबाट वितरण गर्नु नै राम्रो होला भनी १३ जनाको जवाफ, केन्द्र वा प्राप्त दुवैबाट वितरण गर्ने (दोहोरो) प्रकृया राख्नु नै उपर्युक्त होला भनी ५ जनाको जवाफ र २ जनाबाट थाहा नभएको जवाफ प्राप्त भयो । यसलाई हेर्दा जनताले स्थानीयस्तरमा नै सेवा प्राप्तिको आकांक्षा राखेको पाइयो ।

## ५.२. सुझावहरू

१. वर्तमान समयमा समेत विविध कारणहरूले गर्दा नेपाली नागरिकहरूले सहज र सरल रूपमा राज्यले निःशुल्क रूपमा उपलब्ध गराउने नागरिकताको प्रमाणपत्र प्राप्त गर्न सकेको देखिदैन भने अर्कोतर्फ ऐन कानूनमा भएका कमि-कमजोरीका कारण झुट्ठो विवरणका आधारमा गैर नेपाली नागरिकहरूले समेत नेपाली नागरिकताको प्रमाणपत्र लिनसक्ने संभावना देखिन्छ । व्यक्तिगत घटना दर्तालाई प्रभावकारी रूपमा कार्यान्वयनमा ल्याउन नसकिएको कारण नागरिकताको प्रमाणपत्र जस्तो संवेदनशील र महत्वपूर्ण विषयमा उल्लेखित विवरणहरू झुट्टा भएको तथ्यहरू व्यवहारमा भेटिएको पाइन्छ । घटना दर्ताको अनिवार्य व्यवस्था व्यवहारमा र वैज्ञानिक पद्दतिको उपयोग नहुँदा आफूखुशी

दर्ता गर्ने र एकै व्यक्तिको विवरण पटकपटक फरकफरक विवरण भरी दर्ता गर्ने गरिएको पाइएको छ । जसले गर्दा आफू अनुकूलको विवरणमा पटकपटक नागरिकताको प्रमाणपत्र बनाउने वा गैर नागरिकले समेत नागरिकताको प्रमाणपत्र प्राप्त गर्न सक्ने अवस्था आउन सक्ने देखिन्छ । त्यसको लागि स्थानीय निकायलाई सक्रिय र जिम्मेवार बनाउने ।

२. नागरिकता सम्बन्धी ऐन कानूनमा उल्लेखित कतिपय प्रावधानहरू प्रष्ट छैनन् । कतिपय प्रावधानहरू पक्षहरूले आफू अनुकूल हुनेगरी व्याख्या गर्नसक्ने खालका छन् । अस्पष्ट कुराहरूमा तालुक निकायहरूबाट समयमा नै प्रष्ट र जुनसुकै अवस्थामा पनि एकै खालको आदेश र निर्देशन प्राप्त गर्ने गाह्रो हुने गरेको नागरिकता प्राप्तिको प्रक्रियाको शुरूवात स्थानीय निकायबाट हुने र कतिपय व्यक्तिहरूको हकमा स्थानीय निकायबाट सिफारिस गर्दा प्रचलित कानूनी प्रक्रियाको ख्याल नराख्दा नागरिकता प्राप्तिमा नागरिकलाई सरल र सहज हुन नसकेको पाइन्छ । प्रचलित कानूनी व्यवस्थाका कारण नेपाली नागरिकता लिन चाहने व्यक्तिसँग कुनै पनि लिखित प्रमाणहरू नभए तापनि सम्बन्धित गा.वि.स. वा नगरपालिकाका ५ जना व्यक्तिहरूले सर्जमिन मुचुल्का र ३ जना सम्बन्धित वडाका व्यक्तिहरूले सनाखत गरिदिएको अवस्थामा नागरिकताको प्रमाणपत्र दिनुपर्ने प्रावधान भएको कारण ऐनको भावना विपरित ती प्रावधानलाई आधार बनाइ गलत व्यक्तिहरूले समेत नागरिकता लिएको देखिन्छ । यसको लागि स्थानीय निकाय तथा सिफारिस गर्ने व्यक्तिहरूलाई सम्बन्धित विषयमा जानकारी गराउने सामूहिक तालिमको व्यवस्था आदि गर्ने गराउने व्यवस्था मिलाउनु पर्ने ।

३. तसर्थ, यस्ता खुकुला प्रावधानहरूमा सुधार र संशोधन गरिनुपर्ने जरूरी देखिन्छ । त्यसैगरी प्रचलित ऐन नियमलाई आधार मानी कर्मचारीहरूले समेत स्वतन्त्र रूपमा काम गर्न नपाएको अवस्था विद्यमान रहेको छ । देशमा विद्यमान संक्रमणकालिन र अस्थिर राजनीतिक वातावरणको कारण दवाब र प्रभावको आधारमा प्रचलित कानूनी पद्दति र प्रक्रिया विपरित काम गर्नुपर्ने अवस्थाको विद्यमानता हुनु अत्यन्तै नाजायज कुरा हो । यसर्थ, वर्तमान विश्व २१औं शताब्दीमा रहेको अवस्थामा लोककल्याणकारी राज्य अनुरूप नेपालले

पनि आफ्ना नागरिकलाई सरल र सहज रूपमा चाहेको बखत नागरिकताको प्रमाणपत्र प्राप्त गर्न सक्ने गरी कानूनी र संरचनागत व्यवस्था हुनु पर्दछ ।

४. गलत व्यक्तिहरूले नागरिकता लिने, दिने र दिलाउने कार्यमा संलग्न व्यक्तिलाई कडाईका साथ कानूनी दायरामा ल्याई त्यस्ता गलत कार्यमा संलग्न रहनेलाई दुरूत्साहित गर्नुपर्छ ।

५. नेपाल दुई ठूला (जनसंख्या र भूगोल) देशका बीचमा अवस्थित सानो अविकसित राष्ट्रका रूपमा रहेको र खुल्ला सिमाना र मुलूकको फितलो कानूनका कारण यहाँ आप्रवासीहरूको आगमन र बसोबास तथा नागरिकताको समेत प्राप्तिका कारण वास्तविक नागरिकहरू अल्पमतमा परि विस्तापित हुनुपर्नेसम्मका घटना हुनसक्ने कारणबाट राज्यले नागरिकता सम्बन्धी कानूनी व्यवस्थालाई कडा र व्यवस्थित बनाउनुपर्ने ।

६. राज्यले समयसमयमा नागरिकता टोली खटाई नागरिकको लगत राख्ने र त्यस्ता नागरिकताहरूलाई नागरिकताको प्रमाणपत्र समेत घरदैलोमा वितरण गर्दै आइपर्ने रहेको अवस्थामा विद्यमान नागरिकता ऐनमा प्रमाण पेश गर्न नसक्नेहरूलाई वंशजको नाताले नागरिकता प्रमाण पत्रको प्राप्ति (दफा -८(४) र (५) जस्ता प्रावधानहरू रहनुलाई नीतिगत त्रुटीको रूपमा लिन सकिन्छ । यस्तो व्यवस्था विद्यमान रहँदा ९ जना व्यक्तिहरूले वदनीयत राखेमा एक गैर नागरिक नागरिक हुनसक्ने, त्यस्तैगरी २०६३ सालमा जन्मका नाताले नागरिकता प्राप्त गरेका व्यक्तिले नागरिकता प्राप्ति अघि जन्माएका सन्तानले नागरिकता प्राप्त गर्न नसक्ने र नागरिकता प्राप्ति पछि जन्मेका सन्तानले मात्र नागरिकता प्राप्त गर्नसक्ने कानूनी व्यवस्था विद्यमान हुँदा नागरिकता सम्बन्धी नीतिगत त्रुटी रहेको देखिन्छ । त्यसलाई सुधार गर्न अत्यन्त आवश्यक छ ।

७. हाम्रो संवैधानिक एवं कानूनी व्यवस्थाले दोहोरो नागरिकतालाई स्वीकार गरेको छैन तथापि गैर आवासीय नेपालीहरूको विद्यमानता र उनीहरूले दोहोरो नागरिकताका लागि प्रयास र प्रयत्न गरेको सन्दर्भमा उनीहरूलाई पूर्णरूपमा अपेक्षा समेत गर्न नसकिने परिवेश तथा यस अनुसन्धानले समेत गैर आवासीय नेपालीहरूलाई दोहोरो नागरिकताको सट्टामा सजिलै नेपाल आगमनको व्यवस्था र लगानी मैत्री वातावरण सृजना गर्नुपर्दछ ।

८. गैर आवासीय नेपालीहरूलाई दोहोरो नागरिकता दिन नहुने तर उनीहरूको अस्तित्वलाई अस्विकार समेत गर्न नसकिने कुरा प्राप्त तथ्याङ्कबाट देखिन्छ तसर्थ गैर आवासीय नेपालीहरूलाई गैर आवासीय नेपालीको परिचयपत्र नेपाल सरकारबाट उपलब्ध गराउँदै आइरहेको छ । जनमत त्यसैको पक्षमा रहेको पाइयो । नेपाल सरकारले आधुनिक प्रविधियुक्त मतदाता नामावली र राष्ट्रिय परिचय पत्रको कार्यक्रम गरी नागरिकको परिचयपत्र बनाउने कार्यक्रमको घोषणा गरेको भए तापनि सरकारको विभिन्न निकायहरू बीच समन्वय र दूरदृष्टिको अभावमा निर्वाचन आयोगले एकल रूपमा मतदाता नामावली तयार गर्ने कार्य संचालन गरे तापनि विभिन्न राजनीतिक पार्टीहरूको दलगत स्वार्थका कारण यो अभियानले समेत सार्थकता प्राप्त गर्न नसकेको यो अवस्थामा आधुनिक प्रविधियुक्त मतदाता नामावली र राष्ट्रिय परिचयपत्रको व्यवस्था गर्न सकिएको अवस्थामा आप्रवासीहरूको आगमनलाई व्यवस्थित गर्नसमेत मद्दत पुगि नेपाली र गैर नेपाली भनि छुट्टाउन सजिलो र छरितो हुने ।

## सन्दर्भ सामग्रीहरू

पुस्तकहरुः

१. कपुर, अनुप चन्द, (१९९३), सेलेक्ट कन्स्टीच्युशन (तेस्रो संस्करण), रामनगरः एस चन्द एण्ड कम्पनी लिमिटेड, न्यू दिल्ली ।

२. कपुर, श्यामकिशोर (१९९२), *अन्तर्राष्ट्रिय विधि,* इलाहावादः सेन्ट्रल ल-एजेन्सी, मोतीलाल नेहा रोड भारत ।

३. गावा, डा. ओमप्रकाश, (प्रकाशन वर्ष उल्लेख नभएको), राजनीतिक विज्ञान कोष, विनायक नगरः बि.आर.पब्लिसिङ कर्पोरेशन, दिल्ली ।

४. गुप्ता, अनिरूद्ध, (१९९३), *पोलिटिक्स इन नेपाल (१९५०-६०)* दोस्रो संस्करण, दिल्लीः कलिङ्गा पब्लिकेशन इण्डिया ।

५. जैन, पुखराज, एण्ड फाडिंया, वि.एल. (२००२), *आधुनिक राजनीतिक सिद्धान्त,* आगराः साहित्य भवन पब्लिकेशन, भारत ।

६. *द इन्साइक्लोपेडिया अमेरिकाना,* (१९६३), अमेरिकन कर्पोरेशन ।

७. *द वर्ल्ड बुक इन्साइक्लोपेडिया,* (१९६२), वाई फिल्ड इन्टरप्राइजेज एजुकेशनल कर्पोरेशन ।

८. *नेपाल सरकार वैधानिक कानून-२००४,* (२०६०), काठमाडौंः समन प्रकाशन ।

९. *नेपाल अन्तरीम शासन विधान २००७,* (२००८), काठमाडौंः नेपाल राजपत्र, नेपाल सरकार ।

१०. *नेपाल अधिराज्यको संविधान २०१५,* (२०१५), काठमाडौंः नेपाल सरकार ।

११. *नेपालको संविधान २०१९,* (२०१९), काठमाडौंः श्री ५ को सरकार कानून तथा न्याय मन्त्रालय ।

१२. *नेपाल अधिराज्यको संविधान २०४७,* (२०४७), काठमाडौंः श्री ५ को सरकार, कानून न्याय मन्त्रालय, कानून किताब व्यवस्था समिति ।

१३. *नेपालको अन्तरिम संविधान २०६३,* (२०६३), काठमाडौंः नेपाल सरकार, कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालय, कानून किताब व्यवस्था समिति ।

१४. *नागरिकता ऐन, २००९,* (२००९), काठमाडौंः नेपाल सरकार ।

१५. *नागरिक अधिकार ऐन २०१३,* (२०१३), काठमाडौंः नेपाल सरकार ।

१६. *नागरिकता ऐन २०२०,* (२०२०), काठमोडौंः श्री ५ को सरकार, कानून तथा न्याय मन्त्रालय, कानून किताब व्यवस्था समिति ।

१७. ***नेपाल नागरिकता ऐन २०६३,*** (२०६७), नेपाल ऐन, संग्रह खण्ड-४, काठमाडौंः नेपाल सरकार, कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालय, कानून किताब व्यवस्था समिति ।

१८. ***नागरिकता नियमावली २०४९,*** (२०४९), काठमाडौंः नेपाल सरकार, कानून तथा न्याय मन्त्रालय, कानून किताब व्यवस्था समिति ।

१९. ***नेपाल नागरिकता नियमावली २०६३,*** (२०६३), काठमाडौंः नेपाल सरकार, कानून न्याय तथा संसदीय व्यवस्था मंन्त्रालय, कानून किताब व्यवस्था समिति ।

२०. ***नागरिकता प्रमाणपत्र वितरण कार्यविधि निर्देशिका २०६३,*** (२०६३), काठमाडौंः नेपाल सरकार, गृहमन्त्रालय ।

२१. पाण्डे, जे.एन., (१९९७), ***कन्स्टीच्यूशनल ल-अफ इण्डिया,*** अलाहवादः सेन्ट्रल ल-ऐजन्सी, इण्डिया ।

२२. पौडेल, शरद (२०६४), ***तराई, मधेश पहिचानको संघर्षमा,*** काठमाडौंः मानवअधिकार संयुक्त मञ्च ।

२३. भण्डारी, साध्यबहादुर, (२०६४), ***नागरिकतामा राष्ट्रघात,*** काठमाडौंः नागरिकता दुरूपयोग प्रतिरोध केन्द्रीय समिति ।

२४. मिश्र, भि.सी., (१९९३), ***कन्स्टीच्यूशन अफ इण्डिया,*** अलाहवादः हिन्दु पब्लिकेशन हाउस, इण्डिया ।

२५. शर्मा, डा. गोपाल (२०४९), ***संक्षिप्त अन्तर्राष्ट्रिय कानून,*** काठमाण्डौंः रत्न पुस्तक भण्डार ।

२६. शर्मा, बालचन्द्र (२०३३), ***नेपालको ऐतिहासिक रूपरेखा,*** वाराणसीः कृष्णकुमारी देवी २३।११९ दूध विनायक, भारत ।

२७. सिंह, टोपबहादुर, (२०४६), ***नेपालको संविधान र संवैधानिक कानून,*** (दोस्रो संस्करण) काठमाण्डौः रत्नपुस्तक भण्डार ।

२८. सुद, ज्योतिप्रसाद, (१९८२), ***पाश्चात्य राजनीतिक विचारोंका इतिहास*** (प्रथम-भाग) मेरठः के. नाथ एण्ड कम्पनी ।

२९. संविधान सभा, ***मौलिक अधिकार तथा निर्देशक सिद्धान्त समिति विषयगत अवधारणापत्र तथा प्रारम्भिक मस्यौदाको प्रतिवेदन २०६६,*** (२०६६), काठमाण्डौंः संविधान सभा मौलिक अधिकार तथा निर्देशक सिद्धान्त समिति ।

पत्रपत्रिकाहरुः

२९. गाउँले, शिव, (२०६३, भाद्र १-१५), गाउँ-गाउँमा नागरिकता, निरागनी जरूरी, हिमाल खबर पत्रिका ।

३०. घिमिरे, शम्भु, (२०६४, वर्ष १, अंक १), नेपालमा नागरिकताः इतिहासदेखि वर्तमानसम्म, ***सुरक्षित जीवन,*** नेपाल सरकार, गृह मन्त्रालय, पेज ४९-५५ ।

३१. घिमिरे, सोभित, (२०६३, श्रावण ११), पहिले नागरिकता अनि संविधान सभा ***समय, साप्ताहिक*** पेज २८ ।

दस्तावेजहरुः

३२. तराई मधेश लोकतान्त्रिक पार्टी, (२०६३), ***संविधान सभा चुनावी अवधारणापत्र,*** काठमाडौंः, केन्द्रीय चुनाव प्रचारप्रसार समिति ।

३३. नेपाली काँग्रेस, (२०६४), ***संविधान सभा निर्वाचन-२०६४ का लागि नेपाली काँग्रेसको घोषणापत्र,*** काठमाडौंः केन्द्रीय चुनाव प्रचारप्रसार समिति ।

३४. ने.क.पा.एमाले, (२०६४), ***संविधान सभा निर्वाचन घोषणा-पत्र,*** काठमाडौंः केन्द्रीय चुनाव प्रचारप्रसार समिति ।

३५. ने.क.पा. (माओवादी), (२०६४), ***संविधान सभा निर्वाचनका लागि प्रतिवद्धतापत्र,*** काठमाडौंः केन्द्रीय चुनाव प्रचारप्रसार समिति ।

३६. मधेसी जनअधिकार फोरम, (२०६४), ***संविधान सभा निर्वाचनका लागि मधेसी जनअधिकार फोरमको घोषणापत्र,*** काठमाडौंः केन्द्रीय चुनाव प्रचारप्रसार समिति ।

३७. राष्ट्रिय जनमोर्चा, (२०६४), ***राष्ट्रिय जनमोर्चाको चुनाव घोषणा-पत्र,*** काठमाडौंः केन्द्रीय चुनाव प्रचारप्रसार समिति ।

# प्रश्नावली

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिकशास्त्र संकाय अन्तर्गत राजनीतिशास्त्र विषयको स्नातकोत्तर तह दोस्रो वर्ष दशौंपत्र ९एक्ा छज्ञ्ण० को प्रयोजनका लागि “नेपालमा नागरिकता सम्बन्धी व्यवस्था एक अध्ययन शीर्षकमा शोधकार्य निम्ति निम्नानुसार प्रश्नावली तयार गरिएको छ । उत्तरदाताको सजिलोको निमित्त सोधिएका प्रत्येक प्रश्नहरूमा बैकल्पिक उत्तरहरू दिइएको छ ।

कृपया आफूलाई मनपरेको उत्तरको अगाडि राखिएको वाकसभित्र ठीक ( ) चिन्ह लगाई सहयोग गरिदिनुहुन अनुरोध गर्दछु । शोधकार्यको सन्दर्भ बाहेक तपाईंका विचार अन्यत्र प्रकाशन गरिने छैन । तपाईंको नाम गोप्य राख्ने विश्वास दिलाउन चाहन्छु ।

## उत्तरदाताको विवरण

| उत्तरदाताको नाम थर वतन | लिङ्ग | पेशा/व्यवसाय | शैक्षिक योग्यता | उमेर |
|---|---|---|---|---|
| | | | | |

१. नागरिकताको प्रमाणपत्र भन्नाले तपाईं के बुझ्नु हुन्छ ।

☐ क) राष्ट्रियताको परिचय ।

☐ ख) व्यक्तिको परिचय ।

☐ ग) सुविधाको प्रमाण ।

☐ घ) थाहा छैन ।

२. नागरिकताको प्रमाणपत्र लिने मौजुदा १६ वर्षको उमेर वारेमा तपाईंको धारणा के छ ?

☐ क) उपर्युक्त छ यही उमेर कायम हुनुपर्दछ ।

☐ ख) उमेर घटाउनु पर्छ ।

☐ ग) उमेर बढाउनु पर्छ ।

☐ घ) थाहा छैन ।

३. नागरिकताको प्रमाणपत्र लिने विद्यमान प्रकृयाबारे तपाईलाई कत्तिको थाहा छ ?

☐ क) मलाई प्रकृया थाहा छ ।

☐ ख) केही मात्र थाहा छ ।

☐ ग) केही थाहा छैन ।

४. नागरिकता वितरण सम्बन्धमा सबैभन्दा उपर्युक्त आधार कुन हो ?

☐ क) वंशजको आधार ।

☐ ख) जन्मको आधार ।

☐ ग) अंगिकृतको आधार ।

☐ घ) माथिका सबै ।

☐ ङ) थाहा छैन ।

५. २०४६ सा  चैत्रमसान्तसम्म नेपालमा जन्म भई नेपालमा स्थाई रूपमा बसोवास गर्दै आएका व्यक्तिलाई नागरिकता दिने भनि गरिएको वर्तमान संवैधानिक व्यवस्था तपाईंलाई कस्तो लाग्छ ?

- [ ] क) मलाई ठिक लागेको छ । समस्या समाधान गर्ने यो नै एकमात्र राम्रो उपाय हो ।
- [ ] ख) वेठीक छ । यसले समस्या समाधन गर्दैन (बरू जटिलता थपेको छ ।
- [ ] ग) थाहा छैन ।

६. जन्मको आधारमा नागरिकताको प्रमाणपत्र प्राप्त गर्ने व्यवस्था अहिले छैन । त्यस सम्बन्धी पुनः व्यवस्था हुनु उपर्युक्त छ वा छैन ?

- [ ] क) हुनु पर्छ ।
- [ ] ख) हुनु हुँदैन ।
- [ ] ग) भन्न सक्दिन ।

७. विद्यमान नागरिकता वितरण प्रकृया तपाईंलाई कस्तो लाग्यो ?

- [ ] क) सरल छ ।
- [ ] ख) कठिन र अव्यवहारिक छ ।
- [ ] ग) ठीक छ ।

८. नागरिकता वितरण प्रकृयालाई अझै सरल बनाउन के गर्नु पर्ला ?

- [ ] क) गा.वि.स. वा नगरपालिकाबाटै वितरण प्रकृया मिलाउनु पर्छ ।
- [ ] ख) नागरिकता टोली खटाई वितरणको व्यवस्था मिलाउनु पर्दछ ।
- [ ] ग) विद्यमान व्यवस्थालाई नै तिरन्तरता दिनु उपर्युक्त हुन्छ ।

९. नेपाल जस्तो सानो मुलुकमा जनसंख्या वृद्धि जटिल समस्या बन्दै गएको छ । तथापि संविधानले विभिन्न शर्त र अवस्थामा अंगिकृत नागरिकता प्रदान गर्ने व्यवस्था गरेको छ । संविधानको यस व्यवस्थालाई तपाईं के भन्नुहुन्छ ?

- [ ] क) यो व्यवस्था आवश्यक छ ।
- [ ] ख) यसलाई हटाउनु पर्दछ ।
- [ ] ग) यसका विद्यमान सर्तलाई घटाउनु पर्दछ ।
- [ ] घ) थाहा छैन ।

१०. नेपाल नागरिकता ऐन २०६३ को आगमनसँगै गरिएको नागरिकता वितरणमा थुप्रै छिमेकी राष्ट्रहरूमा नागरिकहरूले नागरिकता प्राप्त गरेको गुनासो सुन्नमा आएको छ । यसको कारण के मान्नु हुन्छ ?

- [ ] क) २०४६ साल चैत्र मसान्तसम्म नेपालमा जन्म भई स्थायी रूपले नेपालमा बस्दै आएका व्यक्तिलाई नागरिकता दिने व्यवस्था ।
- [ ] ख) नेपाली नागरिकता प्राप्त ५ जना स्थानीय वासिन्दाको सर्जमीन र सम्बन्धित वडामा बसोवास गर्ने ३ जना नेपलीले गरिदिएको सनाखतको आधारमा नागरिकता प्रदान गर्ने व्यवस्था ।

११. नेपालको भू-राजनैतिक अवस्था (छिमेकी राष्ट्रहरूसँगको सीमा सम्बन्ध) का आधारमा नेपालको सार्वभौमिकता र अखण्डता सम्वर्द्धन गर्दै राष्ट्र निर्माण गर्न अहिलेको नागरिकता सम्बन्धी नीति र व्यवस्थामा पुनरावलोकनको आवश्यकता ठान्नुहुन्छ ?

☐ क) विद्यमान नीति नै ठीक छ ।

☐ ख) विद्यमान नीतिमा सुधार गर्नु पर्छ ।

☐ ग) यसलाई कडाइका साथ लागू गर्नु पर्दछ ।

☐ घ) थाहा छैन ।

१२. नागरिकताको प्रमाणपत्रसँगै व्यक्तिमा निश्चित खालका अधिकार र दायित्वहरू सृजना हुन्छन्, नागरिकताको प्राप्तीसँगै आफ्ना अधिकार र दायित्वप्रति सजग रहने आदर्श नागरिक बनाउन के गर्नुपर्ला ?

☐ क) विद्यालयहरूमा नागरिक शिक्षाको व्यवस्था हुनु पर्छ ।

☐ ख) जनचेतनामुलक कार्यक्रमको प्रचार-प्रसार गरिनु पर्दछ ।

☐ ग) अनौपचारिक शिक्षाको व्यवस्था गर्नु पर्दछ ।

☐ घ) भन्न सकिदैन ।

१३. विश्वव्यापीकरणसँगै एक देशका नागरिकहरू विभिन्न प्रयोजनका लागि अर्को देशमा गइ बसोवास गर्ने क्रम तिव्र छ । यसै क्रमसँगै विश्वमा दोहोरो नागरिकताको समस्या पनि बढ्दै गएको छ । नेपाल पनि गैर आवासिय नेपालीहरूले दोहोरो नागरिकताको माग गरिरहेका छैन । के दोहोरो नागरिकताको व्यवस्था गर्नु उपर्युक्त होला ?

☐ क) हुन्छ ।

☐ ख) हुँदैन ।

☐ ग) थाहा छैन ।

१४. यदि उनीहरूलाई दोहोरो नागरिकता प्रदान गरियो भने त्यसको प्रभाव के हुन्छ भन्ने ठान्नु हुन्छ ?

☐ क) देशका आर्थिक लगायतका क्षेत्रमा सहयोग पुग्छ ।

☐ ख) अपराधीहरूले प्रश्रय पाउँछन् ।

☐ ग) देशको पूँजी पलायन हुने सम्भावना रहन्छ ।

☐ घ) भन्न सकिदैन ।

१५. गैर आवासीय नेपालीहरूले नेपालको आर्थिक प्राविधिक लगायत अन्य थुप्रै क्षेत्रमा सहयोग पुऱ्याइरहेका छन् । उनीहरूबाट उक्त सहयोग निरन्तर देशमा भित्र्याइ राख्न के गर्नु पर्ला ?

☐ क) उनीहरूलाई सजिलै नेपाल आगमनको व्यवस्था गरिनु पर्दछ ।

☐ ख) लगानी मैत्रीको वातावरण सृजना गर्नु पर्दछ ।

☐ ग) माथिका दुवै ।

☐ घ) दोहोरो नागरिकताको व्यवस्था गरिनु पर्दछ ।

☐ ङ) थाहा छैन ।

१६. नागरिकता वितरणका विषयमा मधेशवादीहरूले पहिलेदेखि नै चर्को आवाज उठाइरहेका हुन् किन होला ?

☐ क) मधेशीहरूले सजिलै नागरिकता पाउन नसकेका कारणले ।

☐ ख) मधेशका जनसंख्या वृद्धिसँगै नागरिकता वितरण प्रक्रियालाई समयानुकूल बनाउन नसकिएकोले ।

☐ ग) खुल्ला सीमानाको कारण नागरिकता वितरण प्रकृया विवादित बन्दै आइरहेकाले ।

घ) थाहा छैन ।

१७. लोकतान्त्रिक आन्दोलनपछि जारी गरिएको नेपाल नागरिकता ऐन २०६३ को आगमनसँगै थुप्रै व्यक्तिले नागरिकताको प्रमाणपत्र लिए यसको संख्या मधेशका जिल्लाहरूमा अपेक्षाकृत बढी रह्यो । यसको कारण के ठान्नु हुन्छ ?

☐ क) विगतमा नागरिकताविहिन भएका कयौं मधेशीहरूले नागरिकता पाएकाले त्यस्तो भएको हो ।

☐ ख) नागरिकता सम्बन्धी अत्यन्तै खुकुलो नीति भएकोले यसको दुरूपयोग भयो ।

☐ ग) थुप्रै गैर नागरिकले गैर कानुनी तवरले नेपाली नागरिकता प्राप्त गरेकोले यस्तो वृद्धि भएको हो ।

☐ घ) थाहा छैन ।

१८. २०६३ को नागरिकता सम्बन्धी नीतिले नागरिकता लिने संख्यामा अस्वाभाविक वृद्धि गरायो । यसको प्रभाव के देख्नु हुन्छ ?

☐ क) गैर नागरिकले नागरिकता लिएकाले राजनीतिक अस्थिरता बढाउँछ ।

☐ ख) सामाजिक एवं अन्य आपराधिक घटनाहरूमा वृद्धि हुन सक्छ ।

☐ ग) दोहोरो नागरिकताको समस्या आउन सक्छ ।

☐ घ) देशको अर्थ व्यवस्थामा नकारात्मक प्रभाव पर्न सक्छ ।

☐ ङ) भन्न सकिदैन ।

१९. नेपालमा संघीय शासन प्रणाली लागू भएपछि नागरिकता वितरण प्रणाली कस्तो हुनु उपर्युक्त होला ?

☐ क) केन्द्रबाट मात्रै वितरण गर्ने (एकोहोरो) प्रकृया राख्न राम्रो होला ।

☐ ख) प्रान्त वा प्रदेशबाट मात्र नागरिकता वितरण गर्नु ठिक होला ।

☐ ग) स्थानीय निकायबाट वितरण गर्नु नै राम्रो होला ।

☐ घ) केन्द्र र प्राप्त दुवैबाट वितरण गर्ने (दोहोरो) प्रकृया राख्नु नै उपर्युक्त होला ।

☐ ङ) थाहा छैन ।

२०. नेपालको नागरिकता वा नागरिकता वितरण पद्धती सम्बन्धी तपाईको थप केही भन्नु छ कि ?

.............................................................................................................

**प्रश्नहरू भरिदिन भएकोमा धन्यवाद !**

**शोधकर्ता : गंगा बहादुर क्षेत्री**
स्नातकोत्तर तह : दोस्रो वर्ष
राजनीतिकशास्त्र विभाग पृथ्वीनारायण क्याम्पस
पोखरा ।